सत्य निरुपण तथा मेलमिलाप आयोगका

# कार्यविधि/निर्देशिका

सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

काठमाडौं, नेपाल

# बिषय सूची


| विषय | पेज नं. |
|---|---|
| १. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ | १-२६ |
| २. सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२ | २७-३५ |
| ३. सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्वाद, परामर्श तथा सञ्चार नीति २०७२ | ३६-५७ |
| ४. सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिलामैत्री बनाउने सम्बन्धी कार्यविधि-२०७२ | ५८-७३ |
| ५. विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य र अधिकार सेवा शर्त एवम् सुविधा सम्बन्धी निर्देशिका २०७२ | ७४-७८ |
| ६. सत्य निरुपण तथा मेलमिलाप आयोगको उजुरी छानविन कार्यविधि २०७३ | ७९-९४ |
| ७. आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका २०७३ | ९५-९७ |
| ८. सत्य निरुपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि | ९८-१०२ |
| ९. सत्य निरुपण तथा मेलमिलाप आयोग परिपूरण निर्देशिका २०७७ | १०३-११७ |
| १०. सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७३ | ११८-१२३ |
| ११. सत्य निरुपण तथा मेलमिलाप आयोग | १२४ |

# बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

(मिति २०७४ साल कार्तिक मसान्त सम्म भएका संशोधन समेत मिलाइएको)

नेपाल सरकार

**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार

प्रमाणीकरण र प्रकाशन मितिः २०७१।१।२८

## संवत् २०७१ सालको ऐन नं. १

प्रस्तावनाः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने तथा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्ने र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख भएको,

नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसाथ गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरूद्धकोृ अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा सम्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्पारिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नका लागि बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका संसदको है सियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ग) "उजुरी" भन्नाले निवेदन समेतलाई जनाउँछ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "परिपूरण" भन्नाले दफा २३ बमोजिम पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत समेत सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजु भाइ वा दिदी बहिनी सम्झनु पर्छ ।

(छ) "पीडक" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी अपराधमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति समेतलाई जनाउँछ ।

(ज) "पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघनको परिणाम स्वरूप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रूपमा हानिनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको गम्भीर उल्लंघनको परिणाम स्वरूप मानवीय, सामाजिक वा सामुदायिक रूपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "मानव अधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरूद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहायको कार्य सम्झनु पर्छः–

(१) हत्या

(२) अपहरण तथा शरीर बन्धक,

(३) व्यक्ति बेपत्ता पार्ने,

(४) अंगभंग वा अपांग बनाउने,

(५) शारीरिक वा मानसिक यातना,

(६) बलात्कार तथा यौनजन्य हिंसा,

(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,

(८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा

(९) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरित गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरूद्धको अन्य अपराध ।

(ट) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ:-

(१) कानून बमोजिम पक्राउ गर्ने, अनुसन्धान तहकिकात गर्ने वा कानून कार्यान्वयन गर्ने अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतित भए पछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,

(२) सशस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने ।

(ठ) "विस्तृत शान्ति सम्झौता भन्ना"ले नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच सम्वत् २०६३ साल मंसिर ५ गते सम्पन्न शान्ति सम्झौता सम्झनु पर्छ ।

(ड) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(ढ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ण) "सशस्त्र द्वन्द्व" भन्नाले सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गते सम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ ।

परिच्छेद-२

# आयोगको गठन

**३. आयोगको गठन**: (१) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बिच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने काम समेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रूपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्च स्तरीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नेछ ।

(२) आयोगमा कम्तीमा एक जना महिला रहने गरी अध्यक्ष सहित पाँच जना सदस्यहरू रहने छन् ।

(३) अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) पूर्व प्रधान न्यायाधीशहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य -सदस्य

(ग) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम अध्यक्ष र सदस्य हुन योग्य व्यक्तिहरू मध्येबाट अध्यक्ष तथा सदस्यको नाम नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष र सदस्यको नाम नियुक्तिका लागि सिफारिस गर्नु अघि निजहरूको सार्वजनिक छनौट प्रक्रिया निर्धारण गरी त्यस्तो छनौट प्रक्रिया सार्वजनिक रूपमा प्रकाशन समेत गर्नुपर्नेछ ।

**४. अध्यक्ष तथा सदस्यको योग्यताः देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुनेछः-**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) मानव अधिकार, शान्ति, कानून, द्वन्द्व व्यवस्थापन वा समाजशास्त्रको क्षेत्रमा काम गरेको,

(ङ) पैंतीस वर्ष उमेर पूरा भएको,

(च) अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश वा उच्च अदालतको मुख्य न्यायाधीश भइसकेको, नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदमा काम गरिसकेको वा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको ।

**५. अध्यक्ष तथा सदस्यका लागि योग्यताः देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिका लागि अयोग्य मानिनेछः-**

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ग) मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी कसूरमा सजाय पाएको,

(घ) सशस्त्र द्वन्द्वमा संलग्न रहेको,

(ङ) मानव अधिकारको उल्लंघन सम्बन्धी कसूरमा कारबाहीको लागि राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भएको ।

६. **पदावधिः** (१) दफा ३९ बमोजिम आयोग विघटन नभए सम्म अध्यक्ष तथा सदस्यहरू आफ्नो पदमा बहाल रहने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निज खराब आचरणमा लागेमा नेपाल सरकारले पूर्व प्रधान न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय एक छानविन समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

तर, त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने मौ

काबाट वञ्चित गरिने छैन ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष वा सदस्य उपरको आरोप छानविन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. पद रिक्त हुने अवस्था**: (१) देहायको अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः–

(क) निजले प्रधानमन्त्री समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ५ बमोजिम निज आफ्नो पदमा बहाल रहन अयोग्य भएमा,

(ग) दफा ६ को उपदफा (२) बमोजिम निज आफू बहाल रहेको पदबाट हटेमा,

(घ) निजको मृत्यु भएमा ।

(२) अध्यक्ष वा सदस्यको पद कुनै कारणले रिक्त भएमा दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गरिनेछ ।

**८. अध्यक्ष तथा सदस्यको सेवा शर्त**: (१) अध्यक्ष तथा सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष तथा सदस्यको पारिश्रमिक क्रमशः राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्य सरह हुनेछ ।

(३) अध्यक्ष तथा सदस्यको सेवाको शर्त र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**९. आयोगको बैठक र निर्णय**: (१) आयोगको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकता अनुसार बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा सदस्यहरू सँगको परामर्शमा सचिवले तोकेको स्थान, मिति र समयमा आयोगको बैठक बस्नेछ ।

(३) आयोगको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा आयोगको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(५) आयोगको निर्णय सर्वसम्मतबाट गरिनेछ । यसरी सर्वसम्मतबाट निर्णय हुन नसकेमा आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा

बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(७) आयोगले चाहेमा आयोगको काम कारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई आयोगको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. सचिव**: नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्रांङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ ।

**११. आयोगको कर्मचारी**: (१) आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ । त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारसँग नभएमा वा आयोगले माग गरे बमोजिमको संख्यामा मन्त्रालयले कर्मचारी उपलब्ध गराउन नसकेमा आयोगले करार कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम करारमा नियुक्त भउको कर्मचारीको काम, कर्तव्य र अधिकार, पदावधि, पारिश्रमिक तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ ।

तर, त्यस्तो कर्मचारीको पारिश्रमिक र सुविधा आयोगमा कार्यरत नेपाल सरकारका समान श्रेणी वा तहका कर्मचारीको भन्दा बढी हुने छैन ।

(४) उपदफा (१) बमोजिम आयोगमा कार्यरत कर्मचारीहरूले आयोगबाट तोके बमोजिम भत्ता तथा सुविधा पाउने छन् ।

**१२. आयोगको स्रोत साधन तथा लेखापरीक्षण**: (१) आयोगको काम कारबाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य स्रोतको व्यवस्था मन्त्रालयले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगलाई प्राप्त भएको रकम आयोगले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) आयोगको सम्पूर्ण खर्च उपदफा (२) बमोजिम जम्मा गरिएको रकमबाट ब्यहोरिनेछ ।

(४) आयोगले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।

(५) आयोगको लेखा परीक्षण महालेखा परीक्षकद्धारा हुनेछ ।

## परिच्छेद-३

# आयोगको काम, कर्तव्य र अधिकार

**१३. आयोगको काम, कर्तव्य र अधिकार** : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख) पीडित तथा पीडकको एकीन गर्ने,

(ग) पीडक र पीडित बिच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(ङ) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,

(च) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,

(छ) यस ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएका भए तापनि सशस्त्र द्धन्द्धको क्रममा भएका घटना सँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजूरीहरू आयोगले छानविन गर्नेछ ।

(४) कुनै घटना सशस्त्र द्धन्द्धको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ ।

(५) यस ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र मानव अधिकारीको गम्भीर उल्लंघन सम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरूपण तथा मेलमिलाप आयोगले छानविन गर्नेछ ।

(६) आयोगले मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको छानविन देहायको आधारमा गर्न सक्नेछः-

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,
(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,
(ग) आयोगले छानविन गर्न उपर्युक्त सम्झेमा ।

(७) आयोगमा उजूरी दिने कार्यमा बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(८) आयोग समक्ष उजूरी दिने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. आयोगको छानविन सम्बन्धी अधिकार**ः (१) आयोगले यस ऐन बमोजिम छानविन गर्दा देहायको काम गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,
(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,
(ग) कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,
(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

तर कुनै अदालतबट त्यस्तो लिखत झिकाउँदा सम्बन्धित अदालतको अनुमति लिनु पर्नेछ ।

(ङ) प्रमाण बुझ्ने,
(च) स्थलगत निरीक्षण गर्ने वा गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने ।

(२) सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा आयोगले श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य कुनै माध्यमबाट त्यस्तो साक्षी वा व्यक्तिको बकपत्र वा बयान गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा आयोगले उपयुक्त सम्झेमा मनासिव समय तोक्न सक्नेछ ।

(४) आयोगले आफ्नो छानविन सम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा

वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्नेछ ।

(५) सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर यस ऐन बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा राखिरहँदा निजले प्रमाण लोप गर्ने सम्भावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्त सम्बन्धी कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्नेछ ।

(६) बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो स्थानको उत्खनन् गरी वास्ताविकता पत्ता लगाउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम उत्खनन् व्यवस्थित रूपले गर्नुपर्नेछ र त्यसरी उत्खनन् गर्दा कुनै व्यक्तिको शव वा अवशेष फेला परेमा आयोगले सम्भव भए सम्म त्यस्तो शवको डी.एन.ए. वा शव परीक्षण समेत गरी त्यस्तो शव वा अवशेष मृतकको परिवारको सदस्य उपलब्ध भएमा निजलाई बुझाउनु पर्नेछ ।

(८) आयोगलाई प्राप्त भएको उजूरी तथा जानकारी छानविन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. आयोगको कार्यमा सहयोग पुऱ्याउने** : (१) आयोगले दफा १४ बमोजिम माग गरेको लिखत, कागजात, दशी वा प्रमाण पेश गर्नु तथा आयोगमा उपस्थित भई जानकारी, बयान वा बकपत्र दिनु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्यको हुनेछ ।

(२) आयोगले यस ऐन बमोजिम छानविनको सिलसिलामा कुनै ठाउँको तलासी लिँदा वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन स्थानीय प्रशासनको सहयोग माग गरेमा आयोगलाई सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको कर्तव्य भएको व्यक्ति, संस्था वा निकायले आयोगको कार्यमा सहयोग नगरेमा आयोगले त्यस्तो व्यक्ति वा सो संस्था वा निकायको प्रमुखलाई पटकै पिच्छे पन्ध्र हजार रूपैयाँ सम्म जरिवाना गर्न

सक्नेछ ।

४. उपदफा (१) वा (२) बमोजिम कर्तव्य भएको व्यक्ति कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी भएमा आयोगले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाही गर्न वा प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी पूरा नगरेको आरोपमा कारबाही गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अख्तियारवालाले विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(५) कसैले आयोगको काम कारबाहीमा बाधा बिरोध गरेमा आयोगले त्यस्तो व्यक्तिलाई पटकै पिच्छे पन्ध्र हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**१६. अवहेलनामा कारबाही गर्न सक्ने**: (१) आयोगले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ । यसरी कारबाही चलाउँदा आयोगले आफ्नो अवहेलना भएको ठहऱ्याएमा पन्ध्र हजार रूपैयाँ सम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्ति वा निकायले आयोगलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा आयोगल क्षमा दिन वा सजाय तोकी सकेको भए सजाय माफ गर्न, घटाउन वा आयोगले तोकेको शर्तमा सजाय मुलतवी राखी त्यस्तो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

**१७. साक्षी तथा अन्य व्यक्तिको संरक्षण**: (१) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाका लागि आयोगसँग अनुरोध गरेमा वा त्यसरी अनुरोध नगरे पनि त्यस्तो व्यक्ति वा आयोगलाई सहयोग पुऱ्याउने वा आयोगमा कार्यरत कुनै व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाका लागि उचित व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको सुरक्षाका लागि आयोगले आवश्यकता अनुसार नेपाल सरकारको सहयोग लिन सक्नेछ ।

(३) कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरूद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारबाही गरिने

छैन ।

(४) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्नेछ ।

(५) आयोगमा बयान वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ ।

(६) बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(७) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा आयोगले त्यस्तो कर्मचारीलाई निज सरूवा हुन सक्ने निकायमा सरूवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सो निकायले पनि त्यस्तो कर्मचारीलाई सरूवा गरिनु पर्नेछ ।

(८) साक्षी, पीडित तथा अयाोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. सार्वजनिक सुनुवाई गर्न सक्ने**ः (१) आयोगले मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी विषयमा सत्य, तथ्य पत्ता लगाउन आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(२) सार्वजनिक सुनुवाई गर्ने तरिका र प्रक्रिया आयोगले तोके बमोजिम हुनेछ ।

**(१९) आयोगको काम कारबाही खुला तथा पारदर्शी हुनु पर्ने**ः (१) आयोगले आफ्नो काम कारबाही खुला तथा पारदर्शी रूपमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सुव्यवस्थामा खलल पर्ने वा छानविन प्रक्रियालाई प्रतिकुल असर पार्ने काम कारबाही गोप्य गर्न सकिनेछ ।

(३) आयोगले आफ्नो काम कारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीका लागि समय समयमा सार्वजनिक गर्न सक्नेछ ।

**२०. स्वतन्त्रता र निष्पक्षता कायम गर्नु पर्ने** : (१) आयोगले स्वतन्त्र र निष्पक्ष रूपले आफ्नो काम सम्पादन गर्नुपर्नेछ ।

(२) आयोगले कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत राखी काम गर्न हुँदैन ।

(३) आयोगले आफ्नो काम कारबाही गर्दा मानव अधिकार तथा न्यायका सर्वमान्य सिद्धान्तलाई पालना गर्नु पर्नेछ ।

(४) आयोगबाट छानविन तथा कारबाही गर्नु पर्ने व्यक्ति कुनै सदस्यको नातेदार भएमा वा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा सो सदस्यले त्यस्तो छानविन तथा कारबाहीमा संलग्न हुनु हुँदैन ।

**२१. उजूरी तामेलीमा राख्न सक्ने** : आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्न सक्नेछ ।

तर त्यस्तो उजूरीको सम्बन्धमा कारबाही गर्नु पर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजूरी उपर छानविन गर्न सक्नेछ ।

**२२. मेलमिलाप गराउन सक्ने** : (१) पीडक वा पीडितले मेलमिलापको लागि आयोग समक्ष निवेदन दिएमा आयोगले पीडक र पीडित बिच एक आपसमा मेलमिलाप गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पीडक र पीडित बिच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउने छ ।

(३) उपदफा (१) बमोजिम मेलमिलाप गराउँदा आयोगले पीडितलाई हुन गएको क्षति बापत मनासिव क्षतिपूर्ति पीडकद्धारा उपलब्ध गराउन लगाउन सक्नेछ ।

(४) मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नका लागि आयोगले देहायको काम गर्न वा गराउन सक्नेछः-

(क) सशस्त्र द्धन्द्धग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्धन्द्धको क्रममा मरेका व्यक्तिको सम्झना स्वरूप प्रतिमा वा सार्वजनिक स्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्र आदि

प्रकाशन गर्ने,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्ने,

(५) पीडितको मृत्यु भैसकेको वा पीडित नाबालक वा मानसिक रूपले अस्वस्थ भएको अवस्थामा आयोगले पीडितको परिवार र पीडकसँग यस दफा बमोजिम मेलमिलाप गराउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले दफा २६ को उपदफा (२) बमोजिम क्षमादानको लागि सिफारिसमा नपरेका पीडकसँग पीडितको मेलमिलाप गराउन सक्ने छैन ।

**२३. परिपूरणको लागि सिफारिस गर्ने** : (१) यस ऐन बमोजिम छानविन गरिसके पछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरूद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछः–

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालिम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको व्यवस्था,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत ।

(३) आयोगले यस दफा बमोजिम पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत निर्धारण गर्ने आधार र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(५) पीडितलाई पीडकद्धारा क्षतिपूर्ति उपलब्ध गराइएको, आयोगबाट कुनै पीडकलाई

क्षमादानको लागि सिफारिस गरिएको वा कुनै पीडकको पहिचान नभएको कारणले मात्र यस दफा बमोजिम पीडितलाई उपलब्ध गराइने सुविधाबाट वञ्चित गरिने छैन ।

(६) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइनेछ ।

**(२४) सम्पत्ति फिर्ताका लागि सिफारिस गर्ने** : (१) यस ऐन बमोजिम गरिएको छानविनबाट कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा आयोगले त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) आयोगले पीडितको सम्पत्ति कब्जा वा जफत भएको कारण हुन गएको वास्तविक क्षति एकिन गरी नेपाल सरकारबाट पीडितलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्नेछ ।

**(२५) कारबाहीको लागि सिफारिस गर्न सक्ने** : (१) आयोगले यस ऐन बमोजिम छानविन गर्दा कुनै व्यक्ति मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी अपराधमा संलग्न भएको देखिएमा आयोगले त्यस्तो व्यक्ति उपर कानून बमोजिम कारबाही गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले देहायका पीडक उपर कारबाहीको लागि सिफारिस गर्ने छैनः-

(क) दफा २२ बमोजिम पीडितसँग मेलमिलाप गरेका,

(ख) दफा २६ बमोजिम क्षमादानका लागि सिफारिसमा परेका ।

तर एक भन्दा बढी अपराधमा दोषी देखिएको पीडकलाई कुनै एक अपराधमा क्षमादानका लागि सिफारिस नगरिएमा त्यसरी सिफारिस नभएको अपराधमा त्यस्तो पीडक उपर कारबाहीका लागि सिफारिस गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले चाहेमा दफा २७ को उपदफा (१) बमोजिम प्रतिवेदन दिनु अगावै मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी अपराधमा दोषी देखिएका पीडक उपर मुद्दा चलाउन दफा २७ को उपदफा (२) बमोजिम अन्तरिम प्रतिवेदनमा समावेश गरी नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(४) आयोगले यस ऐन बमोजिम छानविन गर्दा मानव अधिकारको गम्भीर उल्लंघनको आरोपमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा निजलाई विभागीय कारबाही गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउनु पर्नेछ र यसरी लेखी आएमा अख्तियारवालाले तीन महिना भित्र निजलाई कानून बमोजिम उपयुक्त सजाय सहित विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

**२६. क्षमादान सम्बन्धी व्यवस्था**ः (१) दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम छानविन गर्दा उपदफा (४), (५) र (६) मा उल्लिखित मापदण्ड एवं शर्तका आधारमा कुनै पीडकलाई क्षमादान गर्न उपयुक्त देखिएमा आयोगले त्यसको पर्याप्त आधार खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन ।

(३) आयोगले उपदफा (१) बमोजिम सिफारिस गर्नु अघि पीडकले क्षमादानको लागि देहायको प्रक्रिया पूरा गरी आयोग समक्ष निवेदन दिएको हुनु पर्नेछः–

(क) आयोगले तोकेको म्याद भित्र लिखित रूपमा निवेदन दिएको,

(ख) निवेदन दिनु अघि सशस्त्र द्वन्द्वको क्रममा आफूबाट भएका काम कारबाहीको सन्दर्भमा आफूलाई थाहा भए सम्मको सत्य तथ्य विवरण आयोग समक्ष पूर्ण रूपमा प्रकट गरी सो विवरण आयोगमा अभिलेखन गराएको कुरा निवेदनमा उल्लेख गरेको,

(ग) आयोगले तोके बमोजिम अन्य प्रक्रिया पूरा गरेको ।

(४) उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले देहायका प्रतिबद्धता प्रकट गरेको कुरा उल्लेख गर्नु पर्नेछः–

(क) सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको कुरा स्वीकार गरेको,

(ख) त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको स्वीकार गरी आयोग समक्ष पीडितसँग चित्त बुझ्दो ढंगले क्षमायाचना गर्न मञ्जुर गरेको,

(ग) भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको ।

(५) उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले

त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्नेछ ।

(६) कुनै पीडक मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी एक भन्दा बढी अपराधमा संलग्न भएको छानविनबाट देखिएमा र त्यस्तो पीडकलाई यस दफा बमोजिम कुनै अपराधमा मात्र क्षमादान गर्न सकिने भएमा आयोगले पीडकलाई सो अपराधमा मात्र क्षमादानको लागि सिफारिस गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम क्षमादानको लागि सिफारिस गर्नु अघि आयोगले पीडितलाई हुन गएको क्षति बापत मनासिब क्षतिपूर्ति पीडकद्धारा उपलब्ध गराउन लगाउन सक्नेछ ।

(८) उपदफा (१) बमोजिम आयोगबाट क्षमादानको लागि सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारबाट क्षमादान भएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(९) उपदफा (१) बमोजिम आयोगबाट क्षमादानको लागि सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारबाट क्षमादान भएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(१०) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गरिएको व्यक्तिले नेपाल सरकारबाट क्षमादान नपाएमा त्यस्तो व्यक्तिको सम्बन्धमा मुद्दा चलाउन दफा २८ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ ।

**२७. प्रतिवेदन पेश गर्नेः** (१) आयोगले यस ऐन बमोजिम छानविन गरिसके पछि देहायको कुराहरू खुलाई नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछः-

(क) आयोगबाट छानविन गरिएका र तामेलीमा राखिएका उजूरी सम्बन्धी विवरण,

(ख) छानविनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,

(ग) दफा २२ बमोजिम पीडित र पीडक बिच आयोगबाट मेलमिलाप गराइएको विवरण,

(घ) दफा २३, २४ र २६ बमोजिम नेपाल सरकार समक्ष सिफारिस गरेको विषय,

(ङ) दफा २५ बमोजिम कारबाहीको लागि सिफारिस गरिएको विवरण,

(च) सशस्त्र द्धन्द्धका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन

नदिनका लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानुनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सुधारका विषय,

(छ) प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय,

(ज) मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सृजना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरू,

(झ) आयोगले उपयुक्त सम्झेका अन्य कुराहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले छानविन गरिसकेको विषयमा समय समयमा आफ्नो सिफारिस सहित नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन नेपाल सरकारले तीस दिन भित्र व्यवस्थापिका संसद समक्ष पेश गर्नेछ ।

## परिच्छेद ४

## प्रतिवेदनको कार्यान्वयन तथा अनुगमन

२८. **प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी**: (१) दफा २७ बमोजिम आयोगले दिएको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(२) मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस देहाय बमोजिम कार्यान्वयन गर्नेछः–

(क) दफा २३ र २४ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्नका लागि नेपाल सरकारको स्वीकृति लिई त्यस्तो सिफारिस आफैंले वा अन्य सम्बद्ध निकाय मार्फत कार्यान्वयन गर्ने, गराउने,

(ख) दफा २५ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्न दफा २९ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने,

(ग) दफा २६ मा उल्लिखित सिफारिस कार्यान्वयन सम्बन्धी कारबाही अघि बढाउन नेपाल सरकारमा लेखी पठाउने,

(घ) प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्न कानून निर्माण गर्नु पर्ने भएमा आवश्यक कानून निर्माण गर्ने तर्फ कारबाही गर्ने,

(ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(३) मन्त्रालयले दफा २७ को उपदफा (१) को खण्ड (च), (छ) र (ज) मा उल्लिखित सिफारिस प्राथमिकता तोकी क्रमशः कार्यान्वयन गर्नेछ ।

(४) मन्त्रालयले आयोगको सिफारिस बमोजिम पीडितलाई सरल र सहज तरिकाले तत्काल क्षतिपूर्ति, सुविधा वा सहुलियत उपलब्ध गराउनु पर्नेछ ।

**२९. मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था**: (१) मानव अधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्याधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले त्यस्तो पीडक उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पीडक उपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वाकिलले विशेष अदालतमा मुद्दा चलाउनु पर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "विशेष अदालत" भन्नाले आयोगको सिफारिसका आधारमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले उपदफा (२) बमोजिम कुनै पीडक उपर मुद्दा चलाउने गरी निर्णय गरेको मुद्दाको कारबाही र किनारा गर्न नेपाल सरकारले कानून बमोजिम गठन गरेको विशेष अदालत सम्झनु पर्छ ।

**३०. आयोगले दिएको प्रतिवेदनको अनुगमन**: (१) आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने कार्य राष्ट्रिय मानव अधिकार आयोगले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गरे, गराएको नदेखिएमा राष्ट्रिय मानव अधिकार आयोगले सो सिफारिस कार्यान्वयन गर्न मन्त्रालयलाई ध्यानाकर्षण गराउन सक्नेछ र त्यसरी ध्यानाकर्षण गराएका विषय मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्ने, गराउनेछ ।

## परिच्छेद- ५

# विविध

**३१. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) आयोगले आफ्नो काम कारबाही सूचारू रूपले सञ्चालन गर्नका लागि सम्बन्धित क्षेत्रका विज्ञहरू समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्य टोलीको काम, कर्तव्य, अधिकार, कार्यविधि र सो उपसमिति वा कार्य टोलीका सदस्यले पाउने सुविधा तथा अन्य व्यवस्था आयोगले तोकिदिए बमोजिम हुनेछ ।

**३२. विशेषज्ञको सेवा लिन सक्ने** : (१) आयोगले यस ऐन बमोजिम कुनै काम गर्नका लागि आवश्यकता अनुसार सम्बन्धित विषयका स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्ने विशेषज्ञ तथा विशिष्टीकृत निकायको नियुक्ति, काम, कर्तव्य र अधिकार, सेवाको शर्त तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ ।

(३) आयोगलाई कुनै निकाय वा संस्थाको सेवा आवश्यक परेमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकाय वा संस्थाले आयोगबाट माग भए बमोजिमको सेवा आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

**३३. काम कारबाही गर्न बाधा नपर्ने** : आयोगको कुनै सदस्यको पद रिक्त भएको कारणले मात्र आयोगले काम कारबाही गर्न कुनै बाधा पर्ने छैन ।

**३४. अधिकार प्रत्यायोजन** : (१) आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सचिव वा दफा ३१ बमोजिम गठित उपसमिति वा कार्य टोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलाप गराउने वा परिपूरण, क्षमादान वा कारबाहीको सिफारिस गर्ने सम्बन्धमा आयोगलाई भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन ।

**३५. सूचना दिनेलाई पुरस्कृत गर्न सक्ने** : यस ऐन बमोजिम आयोगले छानविन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने कार्यमा आयोग वा अनुसन्धान अधिकारीलाई

सहयोग पुऱ्याउने व्यक्ति, संगठन, निकाय वा संस्थालाई आयोगले पुरस्कृत गर्न सक्नेछ ।

**३६. सूचना दिनेलाई पुरस्कृत गर्न सक्ने** : यस ऐन बमोजिम आयोगले छानविन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने कार्यमा आयोग वा अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने व्यक्ति, संगठन, निकाय वा संस्थालाई आयोगले पुरस्कृत गर्न सक्नेछ ।

**३६. सूचना, विवरण, तथ्य तथा जानकारी प्राप्त गर्न सक्ने** : यस ऐन बमोजिम गठित कुनै आयोगले छानविन गरी प्राप्त गरेको कुनै सूचना, विवरण, तथ्य वा जानकारी अन्य कुनै आयोगलाई उपयोगी भएमा त्यस्तो सूचना, विवरण, तथ्य वा जानकारी अन्य कुनै आयोगलाई उपयोगी भएमा त्यस्तो सूचना, विवरण, तथ्य वा जानकारी अन्य कुनै आयोगलाई उपयोगी भएमा त्यस्तो सूचना, विवरण, तथ्य वा जानकारी सो आयोगबाट प्राप्त गर्न सक्नेछ ।

**३७. समन्वय गर्न सक्ने** : आयोगले यस ऐन बमोजिम छानविन गर्दा यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसँग समन्वय गरी काम गर्न सक्नेछ ।

**३८. आयोगको कार्यावधि** : (१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिको भए तापनि सो उपदफामा उल्लिखित अवधि भित्र आयोगले आफ्नो काम सम्पन्न गर्न नसकेको कारण समेत खुलाई थप म्याद माग गरेमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्ष सम्मका लागि थप गर्न सक्नेछ ।

**३९. आयोगको विघटन** : (१) आयोगले यस ऐन बमोजिम आफ्नो काम सम्पन्न गरेमा वा दफा ३८ बमोजिम आयोगको कार्यावधि समाप्त भएमा आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम आयोग विघटन भएमा आयोगको नाममा रहेको सम्पत्ति तथा दायित्व मन्त्रालयमा सर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोग विघटन हुने भएमा आयोगले आफ्नो जिम्मामा रहेको अभिलेख मन्त्रालयमा बुझाउनु पर्नेछ ।

**४०. पुनः छानविन नगर्ने** : यस ऐन बमोजिम आयोगबाट छानविन गरिसकेको विषयमा पुनः आयोग गठन गरी छानविन गरिने छैन ।

**४१. शपथ** : आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्षसँग अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

**४२. बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा आयोगको परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश नेपाल सरकारले तीस दिन भित्र व्यवस्थापिका संसदमा पेश गर्नु पर्नेछ ।

**४३. नेपाल सरकारसँग सम्पर्क** : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**४४. नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

## अनुसूची
(दफा ४१ सँग सम्बन्धित)

**शपथ**

म.......................................................................................सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानून प्रति निष्ठावान रही आफूले ग्रहण गरेको बेपत्ता पारिएका व्यक्तिका छानविन आयोग/सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्धेष वा लोभमा नपरी इमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

शपथ ग्रहण गर्नेको, -
शपथ ग्रहण गराउनेको,-
सहीः
सहीः
मितिः
नामः

पदः

मितिः

..................................................

द्रष्टब्यः १.न्याय प्रशासन ऐन, २०७३ बाट रूपान्तर भएका शब्दहरू
(क) "पुनरावेदन अदालत" भन्ने शब्दहरूको सट्टा "उच्च अदालत" ।

# बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग

**(दोस्रो संशोधन) ऐन, २०७५**

प्रमाणीकरण मितिः २०७५।१०।२५

संवत् २०७५ सालको ऐन नं. २४

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**ः बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न वाञ्चनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ६ मा संशोधन**ः बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) को यो दफा प्रारम्भ भए पछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि एक वर्षको हुनेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न वा दफा ४ बमोजिमको योग्यता भएका अन्य व्यक्तिलाई दफा ३ बमोजिम नियुक्त गर्न सक्नेछ ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) मा" भन्नृ शब्दहरूको सट्टा "उपदफा (१) र

(१क) मा" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-
"(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत हाल रहेका अध्यक्ष तथा सदस्यको पदावधि संवत् २०७५ साल चैत्र मसान्त सम्म कायम रहनेछ ।
तर दफा ७ को उपदफा (३) बमोजिम पदपूर्ति भएकोमा त्यस्ता अध्यक्ष तथा सदस्यको पदावधि स्वतः समाप्त भएको मानिनेछ ।"

३. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को,-
(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-
"(ख१) दफा ६ को उपदफा (१) वा (४) बमोजिम पदावधि समाप्त भएमा,"
(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-
"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (४) बमोजिमको पदावधि समाप्त हुनु भन्दा अगावै अध्यक्ष वा सदस्य पदमा दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गर्न सकिनेछ ।"
४. मूल ऐनको दफा ३८ मा संशोधन : मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"३८. आयोगको कार्यावधिः (१) आयोगको कार्यावधि यो दफा प्रारम्भ भएको मितिले एक वर्षको हुनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधि भित्र यस ऐन बमोजिम आयोगबाट सम्पन्न हुनुपर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्ष सम्मको लागि थप गर्न सक्नेछ ।
(३) यस ऐन बमोजिम अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएका कारणले मात्र आयोगको कार्यावधि समाप्त भएको कारणले मात्र आयोगको कार्यावधि समाप्त भएको मानिने छैन ।"

# सत्य निरूपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२

## सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल

## बबरमहल, काठमाडौं

# सत्य निरूपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२

(आयोगबाट स्वीकृत मिति- २०७२।०३।२९)

**प्रस्तावना**ः सत्य निरूपण तथा मेलमिलाप आयोगको काम कारवाही स्वतन्त्र, निष्पक्ष/विश्वसनीय ढंगबाट सम्पादन गरी आयोगको जवाफदेहीता सुनिश्चित गर्नका लागि आयोग, आयोगका पदाधिकारी, विशेषज्ञ/कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, सत्य निरूपण तथा मेलमिलाप आयोगले देहाय बमोजिमको आचार संहिता बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**ः

१.१ यस आचार संहिताको नाम "सत्य निरूपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२" रहेको छ ।

१.२ यो आचार संहिता तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,–**

(क) "ऐन" भन्नाले वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले आयोगको सचिव एवम् आयोगमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष तथा सदस्य सम्झनु पर्छ ।

(ङ) "परिवारको सदस्य" भन्नाले पदाधिकारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झन' पर्छ र सो शब्दले निजको बाजे, बज्यै तथा सासु ससुरालाई समेत जनाउँछ ।

(च) "विशेषज्ञ" भन्नाले आयोगले आफ्नो कार्य सम्पादनको क्रममा अल्पकालिन वा पूर्णकालिन रूपमा सहयोग सेवा लिएका सल्लाहकार, विज्ञ वा विशेषज्ञ सम्झनु पर्छ ।

**३. आचार संहिता पालना गर्नु पर्ने**ः

यस आचार संहिताको पालना गर्न आयोग, पदाधिकारी, विशेषज्ञ/कर्मचारीको कर्तव्य हुनेछ ।

## परिच्छेद–२

## आयोगले पालना गर्नु पर्ने आचार संहिता

४. आयोगको आचार संहिताः आयोगले देहायबमोजिमको आचार संहिता पालन गर्नेछः–

४.१. आयोगले विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित नेपाल कानुन, सम्मानित सर्वोच्च अदालतबाट भएका आदेशहरू, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिमा भएका प्रावधानहरू, त्यसमा अन्तरनिहित मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्त तथा मुल्य मान्यताप्रति पूर्ण प्रतिबद्ध रही आफ्नो कार्य सम्पादन गर्नेछ ।

४.२ आयोगले सदैव स्वतन्त्र, निष्पक्ष/ विश्वसनीय ढंगबाट कार्यसम्पादन गरी आयोग प्रतिको जनआस्था अभिबृद्धि गर्न प्रयत्नशिल रहनेछ । आयोगको निष्पक्षता, स्वतन्त्रता/ विश्वसनियतामा प्रश्न उठ्ने पर्याप्त आधा/भएका विशेषज्ञ वा कर्मचारीलाई आयोगले आयोगको कार्यमा सम्लग्न गराउने छैन ।

४.३ मानव अधिकारको गम्भिर उल्लंघन एवम् अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघनका घटना र महिला हिंसा सँग सम्बन्धित घटनालाई आयोगले सदैव संवेदनशील रूपमा ग्रहण गर्नेछ ।

४.५ आयोग सदैव पीडितमैत्री एवम् मानव अधिकार मैत्री हुनेछ । आयोगले पीडितलाई जात, जाती, धर्म, वर्ण, लिंग, क्षेत्र, उत्पती वा राजनीतिक आस्था जस्ता कुनै पनि आधारमा फरक वा भेदभावपूर्ण व्यवहार गर्ने छैन । आयोगले आयोग सँगको कामकारवाहीमा सम्बन्धित पीडितलाई स्वच्छ, छिटो, छरितो, कम खर्चिलो/पहुँचयोग्य रूपमा सेवा प्राप्त गर्ने वातावरण मिलाउनेछ ।

४.६ कार्यसम्पादनको शिलशिलामा आयोगको आदेश वा अनुरोधमा आयोगमा उपस्थित सबै व्यक्तिहरू प्रति आयोगले मर्यादित र शिष्ट व्यवहार गर्नेछ ।

४.७ आयोगले राज्यका सबै निकायहरू राजनीतिक दलहरू प्रति समानताको व्यवहार गर्नेछ । कुनै कार्य वा घटनाको सम्बन्धमा आयोगले कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत राखी काम गर्ने छैन ।

४.८ आयोगले आफ्नो कार्य सम्पादन गर्दा आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रूपमा आउन सक्ने प्रभाव, दबाब, भनसुन, धम्की वा आग्रहबाट प्रेरित वा

प्रभावित नभई अविचलित रूपमा स्वतन्त्रतापूर्वक गर्नेछ ।

४.९ आयोगले आफ्नो कार्य सम्पादनको क्रममा सदैव मानव अधिकार एवम् कानुन र न्यायका सर्वमान्य सिद्धान्तको प्रयोग/पालना गर्नेछ ।

४.१० आयोगले विदेशी मित्र राष्ट्रहरू, अन्तर्राष्ट्रिय संघ संस्थाहरू र मानवअधिकार सम्बन्धी संस्थाहरू सँग सम्बन्ध र सम्पर्क राख्दा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, नेपालको बैदेशीक नीति तथा नेपालले आत्मसाथ गरेको कुटनीतिक आचार संहितालाई सम्मान/पालना गर्नेछ ।

४.११ आयोगका सम्पूर्ण काम कारवाही/प्रयत्नहरू नेपालमा दीगो शान्ति तथा समाजमा न्याय, सद्भाव/मेलमिलाप कायम गर्ने राष्ट्रिय उद्धेश्यबाट निर्देशित हुनेछन् । संस्थागत रूपमा आयोग उक्त राष्ट्रिय उद्धेश्यप्रति समर्पित रहनेछ ।

४.१२ आयोगले सम्पादन गरेका हरेक काम कारवाहीको अद्यावधिक अभिलेख राख्नेछ । ऐन, नियम बमोजिम अनुसन्धान वा सुनुवाईको क्रममा सार्वजनिक जानकारीमा ल्याउनु पर्ने वा पीडितलाई दिन' पर्ने वा नागरिकलाई उपलब्ध गराउनु पर्ने जानकारी र सक्षम अदालतबाट माग भई उपलब्ध गराउनु पर्ने अभिलेख बाहेक अन्य सबै अभिलेखको आयोगले गोपनियता कायम गर्नेछ ।

## परिच्छेद–३
## पदाधिकारीले पालना गर्नु पर्ने आचार संहिता

५. पदाधिकारीको आचार संहिताः पदाधिकारीले आयोगलाई सुम्पेको जिम्मेवारी सामूहिक भावनाले पुरा गर्ने तथा आफ्नो काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्ने देहायबमोजिमको आचार संहिता पालन गर्न'पर्नेछ :–

५.१ पदाधिकारीले आयोगको मर्यादालाई उच्च स्थानमा राखी आफ्नो कर्तव्य निःवार्थ रूपमा कुनै लोभ, लालच वा पक्षपात नगरी बाहृय दबाब वा प्रभावबाट मुक्त रही आफुलाई सुम्पिएको जिम्मेवारी इमान्दारीपूर्वक तथा वस्तुनिष्ठ भई उत्तरदायीपूर्ण रूपमा पालन गर्नुपर्नेछ ।

५.२ पदाधिकारीले आयोगको बैठकमा नियमित रूपमा उपस्थित भई निर्णय प्रक्रियामा सक्रियतापूर्वक भाग लिने र आयोगले दिएको जुनकुनै जिम्मेवारी तदारूकता साथ पुरा गर्नुपर्नेछ ।

५.३ पदाधिकारीले आफ्नो पद र ओहोदा अनुसारको मर्यादा कायम राखी सदैव अननुशासनमा बस्नु पर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता/आचरण अनुकुलको व्यवहार

गर्नुपर्नेछ ।

५.४ आयोग समक्ष विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा सम्लग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा पदाधिकारीले सो कुराको स्पष्ट रूपमा बुझिने गरी स्वेच्छाले आयोगलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफु अलग रहनु पर्नेछ ।

५.५ आयोगसँग सम्बन्धित हरेक काम कारवाहीमा पदाधिकारीले सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द उत्पन्न हुने स्थिति भएमा स्पष्ट रूपमा सार्वजनिक स्वार्थका पक्षमा उभिनु पर्नेछ ।

५.६ पदाधिकारीले आयोगको काम कारवाहीमा व्यक्तिगत लाभ, आर्थिक फाइदा वा शुल्क, कुनै प्रकारको पारितोषिक लिई बोल्ने, निर्णयको लागि दवाव दिने वा त्यस्तो उद्धेश्यले आयोगको कुनै पनि काममा प्रभाव पार्न हुँदैन ।

५.७ पदाधिकारीको हैसियतमा प्राप्त भएका सूचना एवम् जानकारी आयोगको संस्थागत उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यस्तो सूचना वा जानकारी आर्थिक फाइदाका लागि कुनै अन्य व्यक्ति वा संस्थासँग लेनदेनको विषय बनाउन हुँदैन ।

५.८ पदाधिकारीले आयोगको काम कारबाहीमा बाधा पुग्ने वा आयोगको गोपनीयता भङ्ग हुने किसिमले आयोगको निर्णय विना कसैलाई पनि कुनै कुराको जानकारी दिन वा तत्सम्बन्धी अन्य कुनै कुरा उपलब्ध गराउन हुँदैन ।

५.९ पदाधिकारी आफैँले वा आफ्नो परिवारको सदस्य मार्फत आयोगको कामसँग सम्बन्धित व्यक्तिहरू सँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानुनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

५.१० पदाधिकारीले आफ्नो व्यक्तिगत स्वार्थ पुर्ति गर्ने उद्देश्यले कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

५.११ पदाधिकारीले आयोगको जिम्मेवारी पुरा गर्ने सिलसिलामा प्राप्त भएको जानकारी वा कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय वा आफुले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार आफु पदमा रहदा वा नरहदा जुनकुनै अवस्थामा पनि कुनै सञ्चार माध्यम वा अरू कसैलाई दिनु वा बताउनु हुँदैन ।

५.१२ पदाधिकारीले काल्पनिक वा वास्तविक नामबाट नेपालको सार्वभौमसत्ता र

अखण्डतामा आँच आउने, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादामा खलल पर्ने, अदालतको अवहेलना हुने तथा नेपालको शान्ति प्रक्रियामा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि सञ्चार माध्यमबाट लेख, वक्तव्य, भाषण वा विचार प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

तर प्राज्ञिक वा अनुसन्धानात्मक प्रकृतिको लेख रचना, भाषण वा विचार प्रकाशन गर्न यो आचार संहिताले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

५.१३ पदाधिकारीले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भाव खलबलिने वा उनीहरूको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु हुँदैन ।

५.१४ पदाधिकारीले आयोगको जिम्मेवारीमा रहुञ्जेल कुनै कम्पनीको सञ्चालक हुन, प्रचलित कानुन बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न/ अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न हुँदैन । आयोगको पदाधिकारीमा नियुक्ति हुनु पूर्व त्यस्तो कुनै संस्था वा व्यवसाय वा नोकरीमा सम्लग्न रहेको भए स्वेच्छाले उक्त कुराको आयोगलाई जानकारी गराई पदाधिकारीमा कार्यरत रहुञ्जेल त्यस्तो अरू कुनै पनि संस्था वा व्यवसाय वा नोकरीको जिम्मेवारीबाट पूर्णतः अलग रहनु पर्नेछ ।

५.१५ पदाधिकारीले आयोग समक्ष विचाराधीन विषयलाई असर पर्ने गरी वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी वा कुनै व्यक्ति वा विषयको स्वच्छ अनुसन्धानमा असर पर्ने गरी जानाजान आयोगको आफ्नै प्रक्रियाको वा कुनै पदाधिकारीको आँचरणको बारेमा सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

५.१६ पदाधिकारीले प्रचलित कानुन र आयोगको उद्धेश्य विपरीत हुने गरी आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य बन्नु हुँदैन ।

५.१७ पदाधिकारीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष प्रचलित कानुनबमोजिम निर्धारित समयावधिभित्र तोकिएको ढाँचामा आयोग मार्फत तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

५.१८ पदाधिकारीले आफुले प्रयोग गरि आएको निवासमा आयोगमा विचाराधीन विषयसँग सम्बन्धीत पीडित, पीडक वा निजहरू सँग सम्बन्धित अन्य कुनै पनि पक्षहरू सँग भेटघाट गर्न हुँदैन ।

तर, आयोगको उद्धेश्य पुर्तिको लागि असल नियतले कसैलाई भेटघाट गर्न यो आचार

संहिताले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

५.१९ पदाधिकारीले अध्यक्षको पूर्वस्वीकृति नलिई आयोगको अधिकार क्षेत्र र कामकारवाही सँग सम्बन्धीत बिषयमा कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका पदाधिकारी सँग भेटघाट गर्न हुँदैन ।

तर, अध्यक्षले त्यस्तो भेटघाट गर्न परेमा आयोगको बैठकमा बिषय प्रस्तुत गरी आयोगबाट भएको निर्णय बमोजिम गर्नु पर्नेछ ।

५.२० पदाधिकारीले आयोगको काम कारवाहीको सिलसिलामा कसैलाई यातना हुने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक ब्यवहार वा सजाय गर्न, सोको दुरूत्साहन गर्न वा त्यस्तो कार्यमा सहनशिल बन्न हुँदैन । पदाधिकारीले युद्ध, युद्धको धम्की, राष्ट्रिय सुरक्षामा खतरा वा सार्वजनिक संकटकाल जस्ता कुनै पनि अपवादजनक परिश्थितिलाई त्यस्ता कार्यको औचित्यता पुष्टि गर्ने आधारको रूपमा लिन हुँदैन ।

५.२१ प्दाधिकारीले आयोगको कामकारवाहीको सिलसिलामा मानवीय मर्यादा एवम् सबै व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण गर्नेछन् ।

५.२२ आयोगको निर्णय बमोजिम सार्वजनिक रूपमा सम्प्रेषण गर्नुपर्ने सूचनाको जानकारी आयोगका प्रवक्ताले दिनेछन् ।

५.२३ पदाधिकारीले कुनै पनि राजनीतिक दलको पक्ष वा बिपक्षमा अभिमत प्रकट गर्न हुँदैन .

५.२४ पदाधिकारीले आयोगले संस्थागत रूपमा पालना गर्नुपर्ने आचार संहिताको उच्च सम्मान गर्दै आयोगमा कार्यरत अन्य पदाधिकारी, विशेषज्ञ, कर्मचारी र उपस्थित सबै व्यक्तिहरू प्रति मर्यादित र शिष्ट व्यवहार गर्नुपर्नेछ ।

## परिच्छेद–४
## विशेषज्ञ र कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता

६. विशेषज्ञ र कर्मचारीको आचार संहिताः विशेषज्ञ र कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः–

६.१ विशेषज्ञ र कर्मचारीले आयोगको विशेष जिम्मेवारी, संवेदनशीलता, निश्चित कार्यावधि, स्वच्छता, स्वतन्त्रता र निष्पक्षता प्रति विशेष सजग रही आयोगको मर्यादा कायम राख्न सदैव प्रतिबद्ध रहनु पर्नेछ ।

६.२ विशेषज्ञ र कर्मचारी जुनसुकै सेवा वा निकाय वा पेशा सँग सम्बद्ध भए पनि निज आयोगमा कार्यरत रहँदा पूर्ण रूपमा आयोग प्रति उत्तरदायी भई कार्यसम्पादन

गर्नुपर्नेछ ।

६.३ विशेषज्ञ र कर्मचारीले आयोग र पदाधिकारी प्रतिको मर्यादा, स्वच्छता र निष्पक्षतामा सार्वजनिक विश्वास कायम गर्न आयोगमा उपस्थित सबै व्यक्तिहरू प्रति मर्यादित र शिष्ट व्यवहार गर्नुपर्नेछ ।

६.४ विशेषज्ञ र कर्मचारीले कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, कुनै लोभ, लालच वा पक्षपात नगरी बाह्य दवाव वा प्रभावबाट मुक्त रही आयोगले कुनै पनि समयमा आफुलाई सुम्पिएको जुनसुकै जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्न तत्पर रहनु पर्नेछ ।

६.५ विगतमा महिला विरूद्धको हिंसा, मानव अधिकारको गम्भिर उल्लंघन वा अन्तर्राष्ट्रिय माननीय कानुनको उल्लंघनमा संलग्न रहेको भनी प्रश्न उठाइएको विशेषज्ञ वा कमचारी आयोगको काम कारवाहीमा संलग्न हुनु हुँदैन । आयोगको कार्यमा संलग्न कुनै विशेषज्ञ वा कर्मचारीको हकमा आयोग समक्ष त्यस्तो उजुरी परेमा त्यस्तो विशेषज्ञ वा कर्मचारीलाई आयोगले जिम्मेवारीबाट तुरून्तै अलग गर्नुपर्नेछ ।

तर, त्यसरी जिम्मेवारीबाट अलग गर्नु अघि सम्बन्धित विशेषज्ञ वा कर्मचारीलाई आफ्नो भनाई राख्ने अवसर प्रदान गरिनेछ ।

६.६ आयोगमा कार्यरत रहँदा कुनै पनि कर्मचारीले आयोगको जिम्मेवारीसँग सम्बन्धीत विषयमा कुनै पनि रूपमा संगठित हुन, ट्रेड युनियन अधिकारको माग गर्न वा आयोगसँग सामूहिक सौदावाजीको अधिकार दावी गर्न सक्ने छैन । आयोगमा कार्यरत हुनु अघि प्रचलित कानुन बमोजिमको कुनै ट्रेड युनियनमा पदाधिकारी वा सदस्य रहेको कर्मचारीले स्वेच्छाले उक्त कुराको जानकारी आयोगलाई गराई आयोगमा कार्यरत रहुन्जेल आफ्नो त्यस्तो ट्रेड युनियन अधिकारलाई स्थगन गर्नुपर्नेछ ।

६.७ कुनै पनि विशेषज्ञ वा कर्मचारीले आयोग वा पदाधिकारीद्वारा स्वीकृति नलिई आफूले पदीय कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वरा निषेधित विषय, आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अअनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन ।

६.८ कुनै पनि विशेषज्ञ वा कर्मचारीले आयोगमा कार्यरत रहँदा जानकारीमा आएको सूचना वा जानकारीलाई आफ्नो काल्पनिक वा वास्तविक नामबाट वा वेनामी कुनै लेख प्रकाशित गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजनबाट भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै बक्तव्य प्रकाशित गर्न हुँदैन ।

६.९ विशेषज्ञ र कर्मचारीले प्रचलित कानुन बमोजिमको आफ्नो पेशा वा व्यवसायसँग

सम्बन्धित आचार संहिताको आयोगमा कार्यरत रहदा समेत पूर्ण पालना गर्नुपर्नेछ ।

## परिच्छेद–५

## विविध

७. आचार संहिताको व्याख्याः

यस आचार संहिताको कार्यन्वयन गर्दा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा आयोगले व्याख्या गरी स्पष्ट गर्नेछ । आयोगको त्यस्तो व्याख्या अन्तिम हुनेछ ।

८. अनुगमन सम्बन्धी व्यवस्था

८.१ यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा आयोग आफैले वा कुनै ;मिति मार्फत अनुगमन गर्न वा गराउन सक्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम गरेको अनुगमन सम्बन्धी विवरण आयोगले सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

८.३ उपदफा ८.२ बमोजिम प्रकाशित विवरणबाट कुनै पदाधिकारी वा कर्मचारीले यस आचार संहिताको उल्लंघन गरेको देखिएमा आयोगले प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकाय वा अख्तियारवाला समक्ष त्यस्तो पदाधिकारी वा कर्मचारी उपर खराब आचरणमा लागेको आधारमा कारवाही प्रारम्भ गर्न लेखि पठाउनेछ ।

९. सहयोगी तथा पुरकको रूपमा रहनेः

९.१ यो आचार संहिता, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१, नियमावली तथा कार्यविधिको सहयोगी तथा पुरकको रूपमा रहनेछ ।

९.२ यस आचार संहितामा व्यवस्था गरिएका कुराहरूलाई न्यून गर्ने गरी कुनै संशोधन गरिने छैन ।

१०. आचार संहिताको प्रकाशनः

आयोगबाट स्वीकृत भएपछि यो आचार संहिता सर्वसाधारण एवम् सरोकारवालाहरूको जानकारीका लागि प्रकाशन गर्नुको साथै आयोगको वेव साइटमा समेत राखिने छ ।

# सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपालको सम्वाद, परामर्श तथा सञ्चार नीति २०७२

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौं

# सम्वाद, परामर्श तथा सञ्चार नीति, २०७२

(आयोगबाट स्वीकृत मिति–२०७२/३/२५)

## १. परिचय

नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौता (शान्ति सम्झौता) ले मुलुकमा एक दशकभन्दा लामो समयसम्म चलेको सशस्त्र द्वन्द्व विधिवत् अन्त्य गरी समाजमा शान्ति स्थापना र मेलमिलाप कायम गर्दै दण्डहीनता निरूत्साहित गर्ने वातावरण बनेको छ ।

शान्ति सम्झौताको बुँदा नं. ५.२.५ र नेपालको अन्तरिम संविधान, २०६३ (अन्तरिम संविधान) को धारा ३३ मा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनका घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूबारेमा वास्तविक सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्ने, पीडितको सहमतिमा मेलमिलापको वातावरण सिर्जना गर्ने, पीडितलाई परिपूरणका लागि र गम्भीर अपराधमा संलग्न व्यक्तिलाई अभियोजनका लागि सिफारिश गर्ने लगायतका काम गर्न उच्चस्तरीय सङ्क्रमणकालीन संयन्त्रहरूको परिकल्पना गरिएको छ । त्यसैअनुरूप बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (आयोगको ऐन), २०७१ व्यवस्थापिका–संसदबाट जारी भएको हो । यसै ऐनअनुसार २०७१ साल माघ २७ गते नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग (आयोग) गठन गरेको हो ।

द्वन्द्वकालमा मानवअधिकार र मानवीय कानून उल्लङ्घनका घटनाहरू बढी मात्रामा घटेका हुन्छन् । यस्ता घटनालाई मुलुकको विद्यमान न्यायिक एवं प्रशासनिक संयन्त्र र संरचनाबाट मात्र पूर्णतया सम्बोधन गर्न सकिँदैन भन्ने मान्यता विश्वमा स्थापित भइसकेको छ । प्राज्ञिक क्षेत्रमा न्याय र सङ्क्रमणलाई जोड्ने माध्यमका रूपमा सङ्क्रमणकालीन न्यायलाई लिने गरिएको छ । द्वन्द्वबाट गुज्रिएका धेरैजसो मुलुकहरूले विभिन्न खालका सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू निर्माण गरेको पनि पाइन्छ । यस्ता संयन्त्रहरूले व्यक्तिको सत्य जान्न पाउने हक (च्ष्नजत तय त्चगतज) को संरक्षण गर्दै राष्ट्रलाई दिगो शान्ति र मेलमिलापतर्फ अगाडि बढाउन र दण्डहीनतालाई निरूत्साहित गर्न सहयोग मिल्दछ भन्ने विश्वास गरिन्छ । नेपालले पनि यही विश्वासका साथ अन्तरिम संविधान र शान्ति सम्झौतामा उल्लिखित सङ्क्रमणकालीन न्यायका विशिष्ट उद्देश्यहरू पूरा गर्न यस आयोग गठन गरेको हो ।

सिद्धान्ततः द्वन्द्वोत्तर मुलुकमा सत्य निरूपण तथा मेलमिलाप आयोग वा यस्तै प्रकृतिका संयन्त्र गठन हुनुपर्नेमा सहमति भए पनि यस्ता संयन्त्रहरूको सफलता भने सहज

देखिएको छैन । द्वन्द्वपश्चात् शान्ति स्थापनाको विषय र संक्रमणकालीन न्यायका संयन्त्रहरू नेपालका सन्दर्भमा पनि नयाँ भएकाले यस आयोगले सफलतापूर्वक आफनो दायित्व पूरा गर्न विभिन्न कठिनाइ र चुनौती सामना गर्नुपर्ने हुन सक्छ । यस्ता चुनौतीहरू सामना गर्न आयोगको कार्यशैली, कार्यविधि र क्षेत्राधिकार लगायतका विषयमा सबै सरोकारवालाहरूलाई प्रस्ट पार्नु जरूरी छ । तसर्थ यो आयोग र यसका प्रक्रियाहरूबारेका सूचना, तथ्याङ्क, अनुभव तथा सफल अभ्यासहरूको जानकारी अत्यावश्यक भएको छ । साथै मुलुकमा दिगो शान्ति र स्थायित्वका लागि भएका प्रयासहरूको जानकारी यस प्रक्रियामा संलग्न व्यक्ति, संस्थासहित जनसाधारण समेतमा हुनु पनि उत्तिकै सान्दर्भिक देखिन्छ । यसै गरी द्वन्द्व व्यवस्थापन, पुनर्निर्माण, पुनर्स्थापना एवं संक्रमणकालीन न्याय जस्ता विषयमा काम गर्ने पेशाकर्मीहरू, नीतिनिर्माताहरू, अध्ययन-अनुसन्धानकर्ताहरू तथा यस विषयमा प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्ने व्यक्ति तथा संघ संस्थाहरूमाझ महत्वपूर्ण सूचना सामग्रीहरू पुऱ्याउनु जरूरी देखिन्छ ।

यही आवश्यकतालाई आत्मसात् गर्दै मिति २०७१/१२/१२ मा आयोगका सदस्य तथा प्रवक्ता डा. माधवी भट्टको संयोजकत्वमा श्री गेजा शर्मा वाग्ले, डा. सुधांशु दाहाल तथा श्री प्रकाश सिंह अधिकारी र उपसचिव केशवकुमार पाण्डे सदस्य रहेको संवाद, परामर्श तथा सञ्चार उपसमिति गठन गरिएको छ । यस उपसमितिलाई आयोगको काम, कर्तव्य र अधिकारका विषयमा प्रचार-प्रसार सम्बन्धी आवश्यक कामका लागि प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको थियो । त्यसै बमोजिम पहिलो चरणमा यस उपसमितिले आयोगको सञ्चार नीति तयार गरेको छ । यस उपसमितिले आयोगका लागि उपयुक्त एवं प्रभावकारी सञ्चार नीति तर्जुमा गर्न नेपालको संविधान र कानूनहरू, नेपाल सरकारका विभिन्न नीति तथा दस्तावेजहरू र त्यसमा पनि मुख्यतः नेपाल सरकारको प्रस्तावित सञ्चार नीतिको मस्यौदा, सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ तथा उच्चस्तरीय मिडिया सुझाव आयोग प्रतिवेदन, २०६३ सहित द्वन्द्व व्यवस्थापन तथा संक्रमणकालीन न्याय सम्बन्धी परामर्श, संवाद र रणनीतिक सञ्चारका अन्तर्राष्ट्रिय अभ्यास र दस्तावेजहरू समेतलाई विशेष ध्यान दिई सोहीअनुरूपका सुझावहरू रहने गरी नीति प्रस्ताव गरेको छ । यसबाहेक उपसमितिले सञ्चार माध्यममा कार्यरत वरिष्ठ पत्रकार, स्वतन्त्र सञ्चारविद् एवं सञ्चारकर्मीहरूसँग पनि संवाद र छलफल गरी सुझाव लिएको छ । यो सञ्चार नीतिको निर्माणले आयोगको प्रचार-प्रसार र जनजागरणका अन्य कार्यक्रमहरू तयार गर्न सहज वातावरण बनेको छ ।

## २. संवाद, परामर्श तथा सञ्चार नीतिको आवश्यकता

शान्ति सम्झौता र अन्तरिम संविधानले २०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्मको समयलाई द्वन्द्वको अवधि मानेको छ । उक्त दश वर्षे सशस्त्र द्वन्द्व अवधिमा भएका घटनाहरूको विषयलाई लिएर यो आयोग गठनपूर्व र अद्यापि यसको क्षेत्राधिकार, संक्रमणकालीन न्यायका संयन्त्रहरूको अन्तर्राष्ट्रिय अभ्यास, मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरू, अन्तर्राष्ट्रिय कानूनका साथै पीडितको अधिकारका बारेमा राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ-संस्थाहरू, मानवअधिकारकर्मी र सञ्चार जगतमा एक किसिमको बहस निरन्तर चलिरहेको छ । त्यसैले आयोगका तर्फबाट सही सूचनाको प्रभावकारी सम्प्रेषण तथा गहन संवाद र परामर्श तत्कालै अपरिहार्य भएको छ । नेपाली समाजमा दिगो शान्ति स्थापना गर्ने आयोगको पहुँचमा भइरहेको विस्तारसँगै यसको आन्तरिक र बाह्य सूचना तथा सञ्चार प्रणाली र संवाद तथा परामर्शको प्रक्रियालाई व्यवस्थित बनाई आयोगको प्रभावकारिता अभिवृद्धि गर्नु जरूरी देखिन्छ ।

सञ्चार माध्यममा भइरहेको द्रुततर विकास र त्यसबाट उत्पन्न हुने सकारात्मक र नकारात्मक दुवै खाले परिवेशमा कुनै पनि संस्थाको प्रभावकारिता त्यसले अवलम्बन गर्ने सञ्चार नीतिमा धेरै हदसम्म निहित रहन्छ । यस परिप्रेक्ष्यमा सूचना र सञ्चारको सम्प्रेषण गर्न मूलधारका र नयाँ आमसञ्चारका माध्यमहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालको भू-बनोट र आर्थिक, सामाजिक तथा सांस्कृतिक परिस्थितिका कारण सबै नेपालीहरू उपलब्ध आमसञ्चारका माध्यमहरूको प्रयोगकर्ता नहुन पनि सक्छन् । अझै पनि उनीहरूको सञ्चार प्रक्रिया परम्परागत र मौलिक पद्धतिअनुरूपको हुन सक्छ । विगतको सशस्त्र द्वन्द्वले नेपालका ७५ मध्ये ७३ जिल्लालाई प्रभावित पारेको र ८० प्रतिशत भन्दा बढी जनसमुदाय ग्रामीण क्षेत्रमा बस्ने भएकाले सञ्चारका मौलिक तथा परम्परागत माध्यमहरू, जस्तोः जात्रा, चाडपर्व, सामुदायिक मञ्च, झ्याली पिट्ने, कटुवाल लगाउने, सडक नाटक आदिलाई पनि पीडितसम्म आफ्ना नीति तथा कार्यक्रमहरू पुऱ्याउने माध्यमका रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । यस अतिरिक्त आयोगले आफ्नो कार्य सम्पादन गर्दा आन्तरिक रूपमा सम्बन्धित मन्त्रालय, त्यसअन्तर्गतका विभिन्न कार्यालय र विभाग, महाशाखा तथा इकाइहरूसँग र बाह्य रूपमा पीडित, सरोकारवाला र अन्य सङ्घ-संस्थासँग विभिन्न तहमा सूचना आदानप्रदान गर्नुपर्ने हुन्छ । यसरी आयोगलाई प्राप्त हुने र साथै आयोगले प्रदान गर्ने सूचना तथा जानकारीले आयोगका गतिविधिका बारेमा जनचेतना जगाउनुका साथै यसले गर्ने अनुसन्धान, अनुगमन तथा कार्यसम्पादनका विभिन्न चरणहरूमा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ । ऐनमा नै उल्लेख भएअनुसार आयोगको हरेक कार्य

पारदर्शिता, गोपनीयता र मर्यादालाई केन्द्रविन्दुमा राख्दै सम्पन्न गर्नुपर्ने भएकाले पनि यसले अवलम्बन गर्ने नीतिको प्रभावकारिता व्यवस्थित सूचना तथा सञ्चार कार्यसँग धेरै हदसम्म निर्भर रहन्छ । यसरी सम्बन्धित पीडित, पीडक तथा सरोकारवाला निकायसम्म सूचना पुऱ्याउन भइरहेका कार्यलाई थप पारदर्शी, उत्तरदायी तथा नियमित गर्नुसमेत अपरिहार्य भएको छ । आयोगको आन्तरिक सूचना प्रवाहलाई छिटो, छरितो तथा व्यवस्थित बनाई आयोगले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी र नियमित बनाउन पनि उत्तिकै आवश्यक छ । त्यसैले आयोगको कार्यलाई सरोकारवालाहरूको सक्रिय सहभागिता उन्मुख बनाउन एउटा छुट्टै संवाद, परामर्श तथा सञ्चार नीति आवश्यक देखिएको हो ।

## ३. उद्देश्य

मानवअधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने उद्देश्यले गठित यस आयोगका कामहरू पारदर्शी, विश्वसनीय र प्रभावकारी रूपमा सम्पन्न गर्नु यस संवाद, परामर्श तथा सञ्चार नीतिको मूल उद्देश्य हो । यो कार्य सम्पन्न गर्न यो नीतिले देहाय बमोजिमका थप उद्देश्यहरू लिएको छ ।

३.१ आयोगको उद्देश्य, क्षेत्राधिकार, योजना र गतिविधि सम्बन्धी सूचना तथा जानकारीहरू सार्वजनिक सञ्चार माध्यमहरूमार्फत प्रभावकारी रूपमा सम्प्रेषण गरी नागरिकलाई सुसूचित गर्ने ।

३.२ सञ्चार मैत्री, मानवाधिकार मैत्री, महिला मैत्री, अपाङ्ग तथा घाइते मैत्री नीति अवलम्बन गर्ने ।

३.३ सञ्चार मैत्री नीति अवलम्बन गरी आयोगले गरेको कार्यसम्पादनलाई सञ्चार माध्यमहरूसँगको सहकार्यमार्फत प्रभावकारी रूपमा सम्प्रेषण गरी आयोगको संस्थागत छविलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठित र मर्यादित बनाउने ।

३.४ आयोगका गतिविधि, सत्यतथ्यको अनुसन्धान, सशस्त्र द्वन्द्वबाट पीडितहरूको सही पहिचान, परिपूरण तथा पारस्परिक सद्भाव, सहिष्णुता र सहमतिमा आधारित मेलमिलापको वातावरण सिर्जना गर्ने ।

३.५ गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा पीडकलाई अभियोजनको सिफारिशका साथै दिगो शान्ति स्थापनाका लागि गरिने कार्य तथा आयोगका सम्बन्धमा विभिन्न सवालमा आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने ।

३.६ आयोगले दिगो शान्ति स्थापनाका लागि गर्ने कार्यहरूमा प्रभावकारिता ल्याउन सञ्चारका विभिन्न विधाहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चारलाई

समयानुकूल र प्रभावकारी बनाउने ।

३.७ सत्य अन्वेषण गरी सही पीडितको पहिचान, पक्षपोषण र न्यायोचित व्यवस्था गर्न सरोकारवालाहरूसँग सार्थक तथा सघन संवाद र परामर्श गर्ने ।

३.८ आयोगका विद्युतीय सञ्चार सामग्रीहरूलाई व्यवस्थित, मर्यादित, जिम्मेवार र प्रभावकारी बनाउने ।

३.९ आन्तरिक सञ्चार प्रक्रियालाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउने ।

३.१०आयोगका सबै किसिमका प्रकाशनहरूलाई एकरूपता दिँदै व्यवस्थित गर्ने ।

३.११ आयोगलाई वातावरण मैत्री बनाउन विद्युतीय सञ्चार प्रक्रियालाई बढीभन्दा बढी प्रयोग गरी कागजको प्रयोग कम गर्ने ।

## ४. कार्यविधि

आयोगको उद्देश्य, योजना र गतिविधि आदिका सूचना तथा जानकारीहरू प्रभावकारी रूपमा सम्प्रेषण गर्न यो नीति कार्यान्वयन गर्दा देहाय बमोजिमका कार्यविधि अवलम्बन गरिनेछ ।

४.१ आयोगले निर्माण गर्ने रणनीतिक योजनामा सूचना र सञ्चारसँग सम्बन्धित विषयलाई समावेश गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ ।

४.२ सूचना तथा सञ्चार सामग्रीको सङ्कलन, उत्पादन, सम्पादन, सम्प्रेषण, अभिलेखीकरण तथा भण्डारण गर्न उपयुक्त संयन्त्र स्थापना गरिनेछ ।

४.३ विद्युतीय माध्यमहरूको सञ्चालनका लागि विद्युतीय सञ्चार निर्देशिका तयार गरिनेछ ।

४.४ आयोगले दिगो शान्ति स्थापनाका लागि गर्ने कार्यहरूमा प्रभावकारिता ल्याउन सञ्चारका विभिन्न विधाहरूको अधिकतम उपयोग गर्दै समयानुकूल र प्रभावकारी सूचना सम्प्रेषण गर्नेछ ।

४.५ आयोगले आफ्ना कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न सञ्चार, मानवअधिकार, संवाद, परामर्श तथा मेलमिलाप सम्बन्धी तालिम लगायत अन्य कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

४.६ आयोगले उत्पादन गर्ने विभिन्न सञ्चार सामग्रीरू राष्ट्रभाषा, राष्ट्रिय भाषाहरू र अन्तर्राष्ट्रिय भाषामा समेत आवश्यकताअनुसार अनुवाद गर्नेछ । शान्ति मैत्री भाषाको प्रयोग गर्नेछ । सो कार्यका लागि अन्य सरोकारवाला निकायहरूलाई समेत प्रोत्साहन

गरिनेछ ।

## ५. प्रस्तावित कार्यक्रम र कार्ययोजना

यस सञ्चार नीतिमा प्रस्तावित उद्देश्यहरू हासिल गर्न सूचना तथा सञ्चार र संवाद तथा परामर्श सम्बन्धी उपयुक्त कार्ययोजना र कार्यक्रमलाई अगाडि बढाउनुपर्ने हुन्छ । त्यसैले सूचना तथा सञ्चार र संवाद तथा परामर्श सम्बन्धी निम्न बमोजिम छुट्टाछुट्टै कार्यक्रम र कार्ययोजना प्रस्तावित गरिएको छ ।

५.१. सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम

आयोगको कार्यसम्पादनका क्रममा आधिकारिक दृष्टिकोण समयमै सञ्चार माध्यममार्फत प्रभावकारी रूपमा सम्प्रेषित गर्नुपर्ने हुन्छ । यसै गरी आयोगका सूचना र गतिविधिहरू पनि समयमै जनतामाझ पुऱ्याउनुपर्ने हुन्छ । तसर्थ मूलधारका आमसञ्चार माध्यमहरू (अखबार, पत्रपत्रिका, रेडियो र टेलिभिजन) तथा नयाँ माध्यमहरू (वेबसाइट, फेसबुक ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल र स्काइप, भाइबर, व्हाट्स एप जस्ता इन्टरनेट टेलिफोनी) का साथै समग्रमा इन्टरनेटका माध्यमबाट प्रकाशन र प्रसारण हुने आमसञ्चारका माध्यमहरू प्रयोग गरी आयोगले आफ्ना सूचना तथा जानकारीहरू नेपाली जनमानसमा प्रभावकारी रूपमा पुऱ्याउनेछ । यसका लागि तल उल्लिखित सूचना तथा सञ्चार सम्बन्धी विभिन्न कार्यक्रमहरू प्रस्तावित गरिएको छ ।

५.१.१. आमसञ्चार माध्यमसँग सहकार्य

सार्वजनिक तथा निजी छापा, श्रव्य तथा दृश्य प्रसारण संस्था र विद्युतीय सञ्चार माध्यमहरूसँग सहकार्य गर्ने उद्देश्यले आयोगले सञ्चार मैत्री नीति अवलम्बन गर्नेछ । आयोगका दृष्टिकोण, कामकारबाही तथा सूचनाहरूलाई सञ्चार माध्यममा समाचार, विचार, टिप्पणी, सम्पादकीय, बहस, अन्तरक्रिया र परिसंवादमार्फत प्रकाशन तथा प्रसारण गर्न सञ्चार माध्यमहरूलाई प्रोत्साहित गरिनेछ । यसरी सहकार्य गर्ने क्रममा सञ्चार माध्यमका प्रकाशक, सम्पादक, लेखक, सञ्चारविद् तथा सञ्चारकर्मीहरूसँग समेत आवधिक संवाद तथा परामर्श गरी आवश्यकताअनुसार उपयुक्त रणनीति अवलम्बन गरिनेछ ।

५.१.२. सार्वजनिक महत्वका सन्देश प्रकाशन तथा प्रसारण

सत्य निरूपण तथा मेलमिलाप प्रक्रियाको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य र अभ्यास, यस आयोगको उद्देश्य र क्षेत्राधिकार, द्वन्द्वपीडितको अधिकार, दिगो शान्ति, सामाजिक सद्भाव र मेलमिलाप सम्बन्धी सार्वजनिक महत्त्वका सन्देशहरू नियमित

प्रकाशन तथा प्रसारण गरिनेछ । सार्वजनिक महत्त्वका सन्देश प्रकाशन तथा प्रसारण गर्दा दिगो शान्ति, सामाजिक सद्भाव, सह–अस्तित्व र मेलमिलापको वातावरण सिर्जना गर्न उल्लेखनीय भूमिका निर्वाह हुने विश्वास गरिएको छ । यसरी आमसञ्चार माध्यमको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र प्रभावकारिताका आधारमा विश्लेषण तथा मूल्याङ्कन गर्दा सार्वजनिक महत्त्वका सन्देशहरू प्रकाशन तथा प्रसारण सबैभन्दा प्रभावकारी र उपयुक्त प्रक्रिया मानिन्छ । त्यसैले आयोगले राष्ट्रिय तथा स्थानीय छापा, श्रव्य तथा दृश्य र विद्युतीय प्रकाशन तथा प्रसारण संस्थाहरूमार्फत सार्वजनिक महत्त्वका सन्देश नियमित प्रकाशन तथा प्रसारण गर्नेछ । सार्वजनिक महत्त्वका सन्देशहरू उत्पादनको प्रक्रिया आयोगले अविलम्ब प्रारम्भ गर्नेछ । सार्वजनिक महत्त्वका सन्देशहरू राष्ट्रिय भाषाका साथै राष्ट्रभाषा र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय भाषामा समेत प्रकाशन तथा प्रसारण गरिनेछ ।

५.१.३. श्रव्य तथा दृश्य कार्यक्रम प्रसारण

सूचनामूलक, ज्ञानमूलक तथा अन्तरक्रियात्मक बहस कार्यक्रम आयोग आफैँले उत्पादन गरी राष्ट्रिय तथा स्थानीय स्तरका सार्वजनिक तथा निजी श्रव्यदृश्य प्रसारण संस्थामार्फत नियमित रूपमा प्रसारण गरिनेछ । उक्त कार्यक्रम प्रसारण गर्दा नागरिकहरू सुसूचित हुने तथा आयोगका कामकारबाहीका बारेमा सकारात्मक सूचना प्रभावकारी रूपमा सम्प्रेषण हुनेछ । यस्ता कार्यक्रम प्रसारण गर्न आवश्यक बजेट विनियोजन गरी आयोगले नै नयाँ कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ । यसै गरी श्रव्य तथा दृश्य प्रसारण संस्थाहरूमार्फत नियमित रूपमा प्रसारित हुँदै आइरहेका उपयुक्त कार्यक्रमहरूको प्रभावकारिता हेरी उक्त कार्यक्रमहरूलाई प्रायोजन गर्न पनि सकिनेछ । कार्यक्रम उत्पादनको प्रक्रिया अविलम्ब प्रारम्भ गरिनेछ ।

५.१.४. नियमित पत्रकार सम्मेलन

वस्तुगत सूचना र जानकारी नियमित सम्प्रेषण गर्नु आयोगको प्रमुख दायित्व र जिम्मेवारी हो । त्यसैले आयोगको प्रवक्ताले मासिक रूपमा नियमित पत्रकार सम्मेलन गरी सरोकारवालाहरूलाई वस्तुगत सूचना र जानकारी दिने प्रक्रिया यही श्रावण महिनादेखि प्रारम्भ गरिनेछ । तर विशेष समय र परिस्थितिमा नियमितबाहेक अन्य पत्रकार सम्मेलन पनि आवश्यकताअनुरूप गर्न सकिनेछ ।

५.१.५. सञ्चारकर्मीहरूलाई अभिमुखीकरण

सत्य निरुपण तथा मेलमिलाप प्रक्रियाको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य र अभ्यासका

बारेमा सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्न आवश्यक देखिएको छ । त्यसैले राजधानी र मोफसलका सञ्चारकर्मीहरूलाई सङ्क्रमणकालीन न्यायका विभिन्न आयामका बारेमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ। राजधानीमा मूलधारका सञ्चारकर्मीहरूलाई दुई वा तीन दिवसीय अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ भने क्षेत्रीय तथा जिल्लास्तरमा एक वा दुई दिवसीय हुनेछन् । राजधानीमा सम्पादक, लेखक तथा स्तम्भकारहरूसँगको आवधिक परामर्श बैठकलाई निरन्तरता दिइनेछ । सम्बन्धित विषयमा विशेष ज्ञान भएका राजधानीका सञ्चारकर्मीहरूलाई स्थलगत भ्रमणका क्रममा आवश्यकताअनुसार सहभागी गराउन सकिनेछ ।

५.१.६. वेबसाइट निर्माण

आयोगले आफ्ना सूचना तथा जानकारी प्रभावकारी रूपमा बढीभन्दा बढी व्यक्तिहरूसमक्ष पुऱ्याउन जरूरी हुन्छ । स्वदेश र विदेशमा रहेका नेपालीहरूमाझ यस्तो सूचना तथा जानकारी अत्यावश्यक हुन सक्छ । साथै विदेशी विज्ञ, अनुसन्धानकर्ताहरू तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था र निकायहरूको समेत यसमा चासो रहन्छ । तसर्थ यस्ता सूचनाहरूमाथि आम नेपालीका साथै नेपालको शान्ति प्रक्रियाका सहयोगीहरूको सहज पहुँचका लागि वेबसाइट सबैभन्दा उपयुक्त माध्यम हो । आयोगले यसका लागि आफ्नै सर्भर स्थापना गरी अत्याधुनिक र प्रभावकारी प्रविधिबाट वेबसाइट निर्माण गर्नेछ । वेबसाइटको प्रमुख उद्देश्य नै प्रयोगकर्ता मैत्री बनाउनु भएकाले यसमा सही सूचना पूर्ण जानकारी राखिनेछ । वेबसाइटलाई अन्तरक्रियात्मक, पारदर्शी तथा प्रभावकारी बनाइनेछ । यस वेबसाइटमार्फत पीडित तथा सरोकारवालाहरूको पहुँच विस्तार गर्ने उद्देश्यले अनलाइन उजुरी दिने, उजुरी उपरको कारबाहीबारे जानकारी र अन्य प्रतिक्रिया भए सो पनि दिन सक्ने व्यवस्था गरिनेछ । आवश्यक जनशक्ति व्यवस्था गरी वेबसाइट नियमित अपडेट गरिनेछ । वेबसाइटको भाषा नेपाली र अङ्ग्रेजी हुनेछ ।

५.१.७. सामाजिक सञ्जाल

विश्वमा भइरहेको इन्टरनेटको द्रुततर विकाससँगै विभिन्न सामाजिक सञ्जालहरूको प्रयोग गुणोत्तर रूपमा बढिरहेको छ । विकसित देशहरूमा देखिएको सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको समूहमा विकासोन्मुख देशका धनी र गरीब, शिक्षित र अर्धशिक्षित, शहरिया र गाउँलेहरू पनि दिनानुदिन सक्रिय सहभागिता जनाउँदै छन् । नेपालमा अहिले फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालहरू लोकप्रिय छन् । आयोगले उक्त सामाजिक सञ्जालमार्फत आफ्ना सूचना तथा

जानकारी र कार्ययोजना नागरिकमाझ पुऱ्याउन सक्छ । प्रयोगमा आएका सबै सामाजिक सञ्जालहरूको प्रयोग सुविधाजनक नहुने यथार्थलाई ध्यान दिई आयोगले फेसबुक पेज र ट्वीटर हेन्डललाई प्राथमिकतामा राख्दै सूचना तथा जानकारीहरू द्रुत गतिमा सम्प्रेषण गर्नेछ ।

५.१.८. इन्टरनेट टेलिफोनी

प्रविधिको विकासले दूरसञ्चारको माध्यम र प्रक्रिया दुवैमा नयाँ सम्भावना र प्रयोगका मार्गहरू खोलिदिएको छ । यस क्रममा मूलधारको टेलिफोनलाई इन्टरनेटका माध्यमबाट हुने इन्टरनेट टेलिफोनीले एक हदसम्म विस्थापित गर्न खोजिरहेको छ । खास गरी युवा पुस्तामाझ र विदेशमा रहेका नेपालीहरूले आफ्ना स्वजनहरूसँग सम्पर्कमा रहन इन्टरनेट टेलिफोनी बढीभन्दा बढी उपयोग गरिरहेको पाइन्छ । यस कारण आयोगले यस्ता माध्यमहरूलाई उपयोग गर्नु जरूरी हुन्छ । हाल स्काइप, भाइबर र व्हाट्स एप बढी प्रयोगमा छन् । आयोगले लोकप्रियता र प्रभावकारिताका आधारमा स्काइप वा भाइबर एकाउन्टमार्फत स्वदेश र विदेशमा रहेका आम नेपालीलाई संवाद, अन्तरक्रिया र छलफलमा सहभागी गराउनेछ ।

५.१.९. वृत्तचित्र निर्माण

सत्य निरूपण तथा मेलमिलाप आयोगको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य, अभ्यास र परिणामका बारेमा सरोकारवालाहरूलाई सुसूचित तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वृत्तचित्र प्रदर्शन गरिनेछ । यसै गरी नेपालको सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यारम्भदेखि समापनसम्म समग्र प्रक्रियाका बारेमा आयोगले वृत्तचित्र निर्माण गर्नेछ ।

५.२. विद्युतीय सञ्चार सामग्रीको व्यवस्थापन

सञ्चार मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार हाल नेपालमा ६०० भन्दा धेरै रेडियोहरू, ८० भन्दा बढ्ता टेलिभिजन कम्पनी र करीब १०० वटा इन्टरनेट तथा ग्रामीण सूचना संयन्त्रहरूले सञ्चालनका लागि अनुमति पाइसकेका छन् । यसले हाम्रो दैनिक जीवनमा विद्युतीय सञ्चार माध्यमको महत्त्व प्रस्ट्याइदिएको छ । यस पृष्ठभूमिमा आयोगले विद्युतीय सञ्चार माध्यमलाई प्रयोग गर्दा चुस्त व्यवस्थापकीय अवधारणाअनुसार प्रभावकारी संयोजनको आधारमा गर्नुपर्छ । यसका लागि आयोगले विद्युतीय सञ्चारमाध्यमको व्यवस्थापन तल उल्लेख गरिए अनुरूप गर्नेछ ।

५.२.१. आयोगले सत्य अन्वेषणका लागि गर्ने अध्ययन-अनुसन्धानबाट प्राप्त हुने तथ्यांक (Data) हरूलाई भण्डारण गर्न एउटा प्रभावकारी, समर्पित (**Dedicated**) र

अत्याधुनिक प्रविधिको डेटाबेस (**Database**) स्थापना गर्नेछ ।

५.२.२. आयोगको अनुसन्धान तथा अन्वेषण लगायतका गतिविधिसँग सम्बन्धित तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू आयोगको सम्पत्तिका रूपमा रहनेछन् ।

५.२.३. सामाजिक सञ्जाल लगायत विभिन्न बेवसाइटहरूमा आयोगको अनुसन्धान तथा अनुगमन लगायतका गतिविधिसँग सम्बन्धित तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू प्रकाशित गर्दा अनिवार्य रूपमा आयोगको सहमतिसहित स्वीकृति लिनुपर्नेछ । अन्य तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू सूचना अधिकारीबाट अनुमति लिएर प्रकाशित गर्नुपर्नेछ ।

५.२.४. आयोगको सामाजिक सञ्जालको सञ्चालन आयोगका प्रवक्ताको निर्देशनमा रहने सूचना तथा सञ्चार शाखाका तोकिएका कर्मचारीले गर्नेछन् । सामाजिक सञ्जालमार्फत प्रसार गरिने श्रव्यदृश्य, तस्वीर तथा अन्य जानकारीहरू सूचना अधिकारीको अनुमति लिएर सञ्चार शाखाले व्यवस्थित गर्नेछ ।

५.२.५. आयोगका प्रकाशन, श्रव्यदृश्य सामग्रीहरू तथा अन्य सन्दर्भहरूमा प्रयोग हुने भाषा शान्तिमैत्री हुनेछन्, कुनै लिङ्ग, जाति, धर्म, संस्कृति, समुदाय, वर्ग, क्षेत्र वा सम्प्रदायलाई होच्याउने वा मर्यादामा आँच पुग्ने गरी शब्द तथा वाक्यहरूको प्रयोग गरिनेछैन । मानवअधिकारका आधारभूत मूल्य र मान्यताको पालना गरिनेछ ।

५.२.६. आयोगले राष्ट्रिय भाषाहरूको प्रयोग गर्दा आवश्यकताअनुसार अनुवादकको प्रयोग गरेर ती भाषाहरूको प्रयोगमा प्रोत्साहन गर्नेछ ।

५.२.७. आयोगको नामबाट प्रकाशन, प्रसारण तथा प्रायोजन गर्ने सबै कार्यक्रमहरू आयोगको निर्णयबाट मात्र गरिनेछ ।

५.३. प्रकाशन तथा प्रचार-प्रसार सामग्री उत्पादन तथा व्यवस्थापन

आयोगका कामकारबाहीप्रति जनसाधारणको बुझाइमा एकरूपता ल्याउन आयोगले प्रचार-प्रसारका सामग्री निर्माण गर्न आवश्यक छ । यसले जनमानसमा आयोगको क्रियाशीलता र कामकारबाहीलाई तदारूकताका साथ अघि बढाएको सन्देश प्रवाह गर्नेछ । साथै यस्ता प्रचार-प्रसारले सबै पक्षलाई जागरण गराई सक्रिय बनाउन पनि मद्दत पुऱ्याउँछ ।

द्वन्द्वपीडितहरूको भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनीतिक अवस्थिति हेर्दा प्रचार-प्रसारका लागि आयोगले विभिन्न खालका प्रत्यक्ष तथा अप्रत्यक्ष माध्यम अपनाउनुपर्ने देखिन्छ । त्यसका लागि आयोगले पर्चा, पम्प्लेट, फ्लेक्स, पोस्टर, ब्रोसियर, एसएमएस, न्यूज लेटर आदि निर्माण गरी तिनको प्रभावकारी

प्रयोग गर्दै प्रत्यक्ष रूपमा आयोगको कामकारबाहीलाई गति दिनेछ । यसको प्रयोगले आयोगलाई पारदर्शी र उत्तरदायी बनाउन मद्दतसमेत गर्नेछ । सूचना तथा प्रचार सामग्रीहरू आयोगको सूचना तथा सञ्चार शाखा आफैँले वा प्रचार-प्रसारका सामग्री निर्माण गर्ने दक्ष तथा व्यावसायिक परामर्शदाता वा संस्था आदिको सहयोगमा निर्माण गरिनेछ । परिशिष्टमा प्रचार-प्रसारका आवश्यक सामग्री निर्माणको विवरण दिइएको छ ।

५.४. संवाद तथा परामर्श सम्बन्धी कार्यक्रम

विद्यमान फौजदारी न्याय प्रणालीबाट हुने अपराध-अनुसन्धानभन्दा सङ्क्रमणकालीन न्यायको संयन्त्रका रूपमा रहेको यस आयोगले गर्ने अन्वेषण तथा अनुसन्धान फरक हुन्छ । सङ्क्रमणकालीन न्यायका लागि प्रयोग गरिने साधनस्रोत र जनशक्तिको प्रकृति र दक्षता पनि फरकफरक हुन्छन् । तसर्थ यस आयोगले गर्ने प्रचार-प्रसार तथा जनजागरणका कार्यक्रमदेखि लिएर सत्य अन्वेषण तथा मेलमिलाप र परि पूरणका कामहरूमा संवाद तथा परामर्श एउटा महत्त्वपूर्ण माध्यम हुनेछ । तसर्थ यस उपसमितिले विभिन्न चरणमा संवाद तथा परामर्शको कार्यक्रम प्रस्तावित गरेको छ ।

५.४.१. संवाद तथा परामर्शको परिचयात्मक/अन्तरक्रियात्मक चरण

आयोगको क्षेत्राधिकार, सत्य निरूपण तथा मेलमिलाप प्रक्रिया र पीडितको अधिकारका बारेमा समाजका विभिन्न तहमा बहस चलिरहेको छ । यसलाई सम्बोधन गर्नु जरूरी छ । त्यसैले आयोगले राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरमा सबै सरोकारवालाहरू (सरकार, राजनीतिक दल, द्वन्द्वपीडित, नागरिक समाज र राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घ-संस्थाहरू, सुरक्षा निकायहरू र सञ्चारकर्मी) सँग प्रभावकारी संवाद तथा अन्तरक्रिया जारी राख्नेछ । आयोगको क्षेत्राधिकार, अन्तर्राष्ट्रिय अभ्यास र अन्तर्राष्ट्रिय कानूनका बारेमा संवाद तथा अन्तरक्रियामार्फत अन्तरिम संविधान, शान्ति सम्झौता तथा ऐनको मर्म र भावनाअनुरूप आयोग पीडित मैत्री र मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरूप्रति पूर्ण रूपमा प्रतिबद्ध हुने वास्तविकताप्रति सबै सरोकारवालाहरूलाई आयोगले विश्वस्त बनाउनेछ ।

आयोगको क्षेत्राधिकार र अन्तर्राष्ट्रिय अभ्यासका बारेमा सबै सरोकारवालाहरूलाई स्पष्ट पारिसकेपछि संवाद तथा परामर्शका लागि विस्तृत कार्ययोजना बनाई सार्वजनिक बहस, पीडितको कागज बकपत्र तथा पीडकको बयान, घटनाको अध्ययन, अन्वेषण, अनुसन्धान र अन्तरक्रियाका लागि घटनास्थलसम्म जाने

कार्यक्रम तय गरिनेछ । द्वन्द्वकालमा भएको मानवअधिकार हनन तथा उल्लंघनका बारेमा सर्वसाधारण नेपाली नागरिक तथा पीडितहरूको उजुरी, अभियोग तथा निवेदन दर्ता तथा अभिलेखीकरण प्रक्रिया आयोगले यथाशीघ्र प्रारम्भ गर्नेछ ।

५.४.२. सत्य अन्वेषण तथा अनुसन्धानको चरण

द्वन्द्वोत्तर परिवेशमा सत्य निरूपण तथा मेलमिलाप यस्तो विशिष्ट र मौलिक प्रक्रिया हो, जसअन्तर्गत द्वन्द्वकालमा भएका मानवअधिकार हनन सम्बन्धी घटनाहरूको सत्य अन्वेषण र अनुसन्धान गर्न संवाद तथा परामर्श एउटा महत्वपूर्ण माध्यम बन्दछ । माथि नै उल्लेख गरिएअनुसार फौजदारी न्याय र सुरक्षा निकायले गर्ने अपराध अनुसन्धानभन्दा सङ्क्रमणकालीन न्यायमा गरिने अन्वेषण र अनुसन्धान पृथक् हुन्छ । हुन त संवाद तथा परामर्शमार्फत सत्यको अन्वेषण, अनुसन्धान र निरूपण गर्ने प्रक्रिया सहज होइन, अत्यन्त लामो, जटिल र विवादास्पद प्रक्रिया हो । तर जतिसुकै जटिल र विवादास्पद प्रक्रिया भए पनि अन्तरिम संविधान, आयोगको ऐन र शान्ति सम्झौताको मर्म र भावनाअनुरूप यो प्रक्रिया सम्पन्न गर्नुपर्ने हुन्छ । यो प्रक्रिया केवल द्वन्द्वकालमा मानवअधिकार हनन सम्बन्धी कोरा तथ्याङ्क सङ्कलन मात्रै होइन, वास्तविकताको अभिलेखीकरण र दिगो शान्तिको आधारशिला पनि हो । त्यसैले पूर्ण पारदर्शी, जवाफदेही र उत्तरदायी कार्यविधि अवलम्बन गरी नेपाली नागरिकहरूको भावनाअनुरूप यो प्रक्रिया पूरा गरिनेछ ।

द्वन्द्वकालको त्रासदीपूर्ण कालखण्डमा भएका हिंसात्मक घटना, मानवअधिकार हनन तथा जघन्य अपराध जस्ता घटनाको अध्ययन, अन्वेषण तथा अनुसन्धान गर्न तथा मानवअधिकार हननका प्रमाण सङ्कलन गर्न सम्बन्धित विषयका विज्ञ तथा विशेषज्ञसहित आयोगका पदाधिकारी र कर्मचारीहरू स्थानीय स्तरसम्म स्थलगत भ्रमणमा जानेछन् । त्यसैले आयोगले राष्ट्रिय स्तरमा सबै सरोकारवालाहरूसँग आवश्यकताअनुसार यस प्रक्रियाका बारेमा आवधिक रूपमा संवाद, परामर्श र अन्तरक्रिया जारी राख्नेछ । यसैगरी स्थानीय पनि राजनीतिक दल, राज्यका निकायहरू, द्वन्द्वपीडित, नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी र सुरक्षा निकायहरूसँग विस्तृत तथा व्यापक संवाद, अन्तरक्रिया र छलफलमार्फत सत्य अन्वेषण, अनुसन्धान र निरूपण गर्ने विधि र प्रक्रियालाई अघि बढाइनेछ ।

स्थलगत भ्रमणमा जाने टोलीले सार्वजनिक बहस पीडित व्यक्ति तथा परिवारसँग सामूहिक तथा व्यक्तिगत अन्तरक्रिया र छलफल गर्नेछन् । यसै गरी आरोपित पीडकहरूहरूसँग पनि आवश्यकताअनुसार सामूहिक तथा व्यक्तिगत छलफल

गरिनेछ । बलात्कार तथा यौनजन्य हिंसामा परेका पीडितको क्यामेरामा लिइएको बयान र पहिचान गोप्य राखिनेछ । प्रत्यक्ष रूपमा सम्भव नभएमा भिडियोको माध्यमबाट पनि अन्तरक्रिया र छलफल गरिनेछ । पीडकको सम्भावित डर, त्रास, धम्कीको कारणले पीडित तथा साक्षीहरूबाट वास्तविक तथ्य नआउन सक्छ । त्यसैले पीडित तथा साक्षीहरूहरूको सुरक्षाको समेत व्यवस्था गरिनेछ ।

सत्य अन्वेषण तथा अनुसन्धान, पीडित तथा पीडकको बयान र प्रमाण सङ्कलन गरेपछि विस्तृत कार्ययोजना तयार गरी आयोगले संवाद तथा परामर्शको तेस्रो चरण प्रारम्भ गर्नेछ ।

५.४.३ मेलमिलाप र परिपूरणको चरण

आयोगको विस्तृत प्रतिवेदन तयार भएपछि संवाद तथा परामर्शको तेस्रो अर्थात मेलमिलाप तथा परिपूरणको चरण प्रारम्भ हुन्छ । संवाद, परामर्श र अन्तरक्रियामार्फत द्वन्द्वका घाउ, पीडा र मानवीय आघातको उपचार गर्ने प्रक्रिया सरल होइन, अत्यन्त लामो भावनात्मक र संवेदनशील मानवीय प्रक्रिया हो । तर जतिसुकै जटिल र संवेदनशील प्रक्रिया भए पनि अन्तरिम संविधान, आयोगको ऐन र शान्ति सम्झौताको मर्मअनुरूप पूर्ण पारदर्शी, जवाफदेही र उत्तरदायी कार्यविधि अवलम्बन गरी मेलमिलाप र परिपूरणको प्रक्रियालाई सम्पन्न गरिनेछ ।

द्वन्द्वका दुई पक्ष पीडित र पीडकमध्ये पीडक क्षमादान चाहने र पीडित पीडकलाई क्षमादान नदिई कारबाही गर्नुपर्नेमा जोड दिने अवस्था आउन सक्छ । पीडकले क्षमादानका लागि निवेदन गरेमा र पीडितले आफूखुशी मन्जुरी दिएमा मात्र आयोगले त्यसका लागि वातावरण निर्माण गरिदिने हो । कतिपय घटनामा क्षमादान दिनु वा मेलमिलाप गराउनु सहज कार्य नभई चुनौतीपूर्ण हुन सक्छ । यस्तो स्थितिमा आयोगले संक्रमणकालीन न्यायको सर्वमान्य सिद्धान्तलाई बिर्सन मिल्दैन । आयोगले उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरू/आयोगको ऐनको भावनाअनुरूप पारदर्शी र जवाफदेही प्रक्रियाद्वारा मेलमिलापको वातावरण सिर्जना गरिनेछ । यस आयोगको क्षेत्राधिकार पनि यही हो र शान्ति तथा मेलमिलाप प्रक्रियाको अन्तर्राष्ट्रिय अभ्यास पनि यही नै हो ।

संवाद तथा परामर्शमार्फत मेलमिलाप तथा परिपूरण केवल प्राविधिक प्रक्रिया मात्रै होइन, मानवीय भावना र सामाजिक सद्भावको संवेदनशील प्रश्न समेत हो । यही आधारशिलाबाट नै मेलमिलाप र दिगो शान्तिको प्रवर्द्धन हुनेछ । त्यसैले उक्त मानवीय पक्षलाई समेत सम्बोधन गरी मेलमिलाप तथा परिपूरणको विधि र प्रक्रिया

अवलम्बन गरिनेछ । मेलमिलापको वातावरण सिर्जना गर्ने क्रममा पीडित र पीडक दुवैलाई मनो–सामाजिक परामर्श दिनुपर्ने अवस्था सिर्जना हुन सक्छ । त्यसैले यस्तो प्रक्रियामा विशिष्ट ज्ञान र अनुभव भएका मनो–सामाजिक परामर्शदातासमेत आवश्यक पर्ने भएकाले सोहीअनुसार साधन, स्रोत र जनशक्ति व्यवस्थापन तथा परिचालन गरिनेछ । परिपूरणका लागि सिफारिश गर्दा शान्ति सम्झौतापश्चात् दिइएका राहत वितरण र त्यसको प्रभावकारिताको अध्ययन गरिनेछ । यसका लागि पनि पीडितसँग प्रत्यक्ष संवाद तथा परामर्श जरूरी हुन्छ ।

मेलमिलाप तथा परिपूरण प्रक्रिया र विधिका बारेमा अहिले पनि राजनीतिक दल, राष्ट्रिय मानवअधिकार आयोग, द्वन्द्वपीडित, नागरिक समाज, राष्ट्रिय–अन्तर ाष्ट्रिय मानवअधिकारवादी सङ्घ–संस्थाहरू, मानवअधिकारकर्मी, सञ्चारकर्मीहरूले फरकफरक रूपमा बुझेका छन् । त्यसैले सबै सरोकारवालाहरूसँग थप परामर्श तथा छलफल गरी उनीहरूको सुझाव र ऐनको भावनाअनुरूप मेलमिलाप र परिपूरण प्रक्रिया र विधिका बारेमा अन्तिम निर्णय गरिनेछ । मानवअधिकार सम्बन्धी नेपाल पक्ष भएका, नेपालले हस्ताक्षर गरेका तथा संयुक्त राष्ट्रसङ्घद्वारा पारित महासन्धि, अभिसन्धिहरूको भावनालाई समेत आत्मसात् गरी मेलमिलाप र परिपूरणको विधि र प्रक्रिया अवलम्बन गरिनेछ ।

## ८. आयोगको छवि निर्माण (ब्रान्डिङ)

छवि निर्माण वा ब्रान्डिङ कुनै पनि सरकारी वा संवैधानिक निकायले गर्ने कानूनसम्मत गतिविधि हो । धेरैजसो सरकारी वा संवैधानिक निकायले यसको महत्त्व बुझेको पाइँदैन । अधिकांश संवैधानिक निकायहरू सूचना र जानकारीका विविध विधा प्रयोग गर्न हिचकिचाउँछन् । पछिल्ला केही वर्षदेखि यस सोचमा परिवर्तन आएको देखिन्छ । संवैधानिक तथा अन्य खालका उच्चस्तरीय निकायहरूले पनि ब्रान्डिङ जरूरी मात्र नभई अपरिहार्य ठान्न थालेका छन् । वास्तवमा ब्रान्डिङको काम कुनै पनि संस्थाको सही सूचना तथा जानकारी सम्प्रेषण गर्नु मात्र होइन, विश्वासको बलियो आधारमार्फत सकारात्मक छवि निर्माण गर्नु पनि हो । संस्थाको उद्देश्य र जनसेवाको बलियो आधारशिला तयार गर्नु पनि हो ।

सत्य निरूपण तथा मेलमिलाप जस्तो उच्चस्तरीय संवैधानिक आयोगमा पनि यसको प्रयोग विश्वास आर्जनकै लागि हुन्छ । तसर्थ यस आयोगले पनि आफ्ना गतिविधि तथा कामकारबाहीहरू सम्पन्न गर्दा ब्रान्डिङलाई आधार बनाउनेछ । यसका लागि आयोगको

हरेक कार्यक्रम, प्रकाशन, प्रसारण, विद्युतीय उपस्थिति, सार्वजनिक प्रतिनिधित्व लगायतका कार्यहरूलाई यथाशक्य समरूपता दिई आधिकारिक चिह्न, मूल्य र मान्यतासहित आयोगको आफ्नै विशिष्ट पहिचान बनाउने कार्य गरिनेछ । आयोगको छवि निर्माण वा ब्रान्डिङ गर्नका निमित्त यस नीतिले निम्न बमोजिमका कार्यहरूमा जोड दिएको छ ।

६.१ एकरूपता

ब्रान्डिङको उद्देश्य आयोगका सबै कार्यहरूको एकरूपता हो । आयोग अन्तर्गतका विभिन्न महाशाखा, शाखा वा इकाइबाट सम्पादित हुने कार्यहरू विशेष गरी सत्य अन्वेषण, परिपूरण र दोषीलाई कारबाहीका लागि सिफारिश आदि कामहरू जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू भएकाले यिनीहरूको कार्यमा एकरूपता जरूरी हुन्छ ।

६.२ प्रत्यक्ष संवाहन

आयोगले आफ्ना नीति, योजना तथा कार्यक्रमहरूका बारेमा निरन्तर रूपमा जनमानसमा प्रत्यक्ष संवाहन गरिरहनुपर्छ । यसका लागि यसले अविच्छिन्न रूपमा एकरूपको प्रचारात्मक चित्रहरू (फोटो, भिडियो, ग्राफिक्स आदि) प्रक्षेपित गरिरहनुपर्छ । यसका लागि आयोगद्वारा छवि निर्माणको सिद्धान्त बमोजिम विभिन्न प्रचारात्मक सामग्रीहरू निर्माण गरिनेछ ।

६.३ विश्वसनीयता र जिम्मेवारी

आयोगले आफ्नो विश्वसनीयता र जिम्मेवारी बोध गराउन आफ्ना नीति तथा कार्यक्रमहरूका बारेमा प्रत्यक्ष र परोक्ष तर निरन्तर संवाद, परामर्श र सञ्चार गर्नेछ ।

६.४ पारदर्शिता

आयोगको हरेक कामकारबाही ऐनमा नै उल्लेख भएअनुसार पारदर्शितालाई क्न्द्रविन्दुमा राख्दै सम्पन्न गर्नुपर्ने भएकाले यसले अवलम्बन गर्ने कार्यहरू विश्वसनीयता बढाउन प्रभावकारी हुनेछन् ।

## ७. सञ्चार सम्बन्धी आपत्कालीन तथा वैकल्पिक व्यवस्था

७.१ आपत्कालीन अवस्थामा कुनै प्रेस विज्ञप्ति जारी वा पत्रकार सम्मेलन गर्नुपर्ने भएमा प्रवक्ताले तत्कालै तत्सम्बन्धी कार्य गर्नेछ।

७.२ उक्त दिन कार्यालयमा नभएको अवस्थामा आयोगको सञ्चार शाखामा रहेको निजको वैकल्पिक कर्मचारीले तत्सम्बन्धी कार्य गर्नुपर्नेछ ।

७.३ आयोगबाट कामको सिलसिलामा स्थलगत रूपमा खटिएको टोलीले स्थानीय रूपमा तत्कालै सत्य निरूपण तथा मेलमिलापका विषयमा सम्बोधन गर्नुपर्ने परिस्थिति उत्पन्न भएमा आयोगको टोली प्रमुखले आयोगको हित तथा दिगो शान्तिमा खलल नपुग्ने गरी सम्बोधन गर्न सक्नेछ । सोको जानकारी यथाशीघ्र आयोगका अध्यक्ष वा प्रवक्तालाई गराउनुपर्नेछ ।

## ८. संस्थागत संरचना

संवाद तथा परामर्श र सूचना तथा सञ्चार जस्ता गहन र संवेदनशील प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्यमूलक संस्थागत संरचना अपरिहार्य छ । त्यसैले आयोगमा सूचना तथा सञ्चार र अभिलेख शाखा स्थापना गर्न आवश्यक देखिन्छ । यस मध्ये सूचना तथा सञ्चार शाखा प्रवक्ताको निर्देशनमा रहनेछ । प्रस्तावित शाखाहरूको उद्देश्य र क्षेत्राधिकार देहाय बमोजिम हुनेछ ।

८.१ सूचना तथा सञ्चार शाखा

सत्य निरूपण तथा मेलमिलाप आयोगको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य र अभ्यास, नेपालको सत्य निरूपण तथा मेलमिलाप आयोगको उद्देश्य र क्षेत्राधिकार, मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरू, द्वन्द्व कालमा मानवअधिकार हनन, द्वन्द्वपीडितको अधिकार, आयोगको कार्यसम्पादनका बारेमा वस्तुगत सूचना तथा जानकारी सम्प्रेषण गर्नु आयोगको सबैभन्दा महत्त्वपूर्ण दायित्व र भूमिका हो । यसै गरी आयोगको कार्यसम्पादन र क्षेत्राधिकारका बारेमा सरकार, राजनीतिक दल, राष्ट्रिय मानवअधिकार आयोग, द्वन्द्वपीडित, नागरिक समाज र राष्ट्रिय–अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घ–संस्थाहरूका सुझाव र गुनासाहरूलाई समेत यथाशक्य सम्बोधन गर्नुपर्ने हुन्छ । यसै प्रकार आयोगको अर्को महत्वपूर्ण कार्य सार्वजनिक सुनुवाइको कार्यक्रमहरूमा समेत अहम् भूमिका रहनुपर्ने हुन्छ ।

यस्तो गहन र संवेदनशील कार्य प्रभावकारी रूपमा सम्पन्न गर्न आयोगअन्तर्गत सूचना तथा सञ्चार शाखाको स्थापना अपरिहार्य छ । उक्त शाखालाई कार्यमूलक तथा प्रभावकारी बनाउनु पनि अत्यावश्यक छ । त्यसैले आमसञ्चार माध्यमहरू तथा सामाजिक सञ्जालहरूमा सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम उत्पादन, प्रकाशन, प्रसारण र अनुगमन प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आमसञ्चार माध्यम र सूचना तथा सञ्चारको महत्त्व र आधुनिक सञ्चार प्रविधिको ज्ञान भएको यथेष्ट दक्ष जनशक्ति, साधन र स्रोतको आवश्यकता

पर्ने वास्तविकतालाई आत्मसात् गरी दक्ष जनशक्ति, साधन र स्रोतको व्यवस्थापन गरिनेछ ।

८.२ अभिलेख शाखा

सूचना तथा सञ्चारसँग सम्बन्धित आयोगका अभिलेख तथा दस्तावेजहरू ऐतिहासिक र दूरगामी महत्त्वका हुने भएकाले तिनको अभिलेखीकरण पनि अत्यन्त महत्त्वपूर्ण पक्ष हो । यस्ता अभिलेख तथा दस्तावेजहरू सार्वजनिक महत्त्वका हुने भएकाले सर्वसाधारण नेपाली नागरिकदेखि अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूको समेत त्यसमा सहज पहुँच हुनुपर्छ । त्यसैले आयोगका सम्पूर्ण अभिलेख तथा दस्तावेजहरूको दस्तावेजीकरण तथा अभिलेखीकरणका लागि अभिलेख शाखा स्थापना गर्नु आवश्यक हुन्छ । आयोगका सम्पूर्ण अभिलेख तथा दस्तावेजहरू (श्रव्य, दृश्य तथा लिखित दस्तावेजहरू र आयोगको प्रतिवेदन) को दस्तावेजीकरण तथा अभिलेखीकरण (विद्युतीयसमेत) यही शाखाले गर्नेछ । त्यसैले यस शाखाअन्तर्गत यस्तो गहन जिम्मेवारी वहन गर्न सक्षम पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

## ९. समिक्षा

संवाद, परामर्श तथा सञ्चार नीति तथा कार्ययोजनाको कार्यान्वयन, प्रभावकारिता तथा उपलब्धिका बारेमा आयोगले समिक्षा गर्नु अपरिहार्य छ । यसरी समिक्षा गर्न उपयुक्त संस्थागत संयन्त्र आवश्यक हुन्छ । त्यसैले आयोगका प्रवक्ता, कर्मचारी र सञ्चार क्षेत्र तथा शान्ति प्रक्रियाका विज्ञहरू समेतलाई सहभागी गराई एक समिक्षा संयन्त्र स्थापना गरिनेछ । उक्त संयन्त्रले आयोगमार्फत प्रकाशन तथा प्रसारण भएका कार्यक्रमहरूको प्रभावकारिता र विश्वसनीयताको समिक्षा गर्नेछ । उक्त संयन्त्रको बैठक कम्तीमा महिनाको दुई पटक बस्नेछ । यसै गरी उक्त संयन्त्रले कार्यक्रमहरूको विषयवस्तु र सान्दर्भिकताका बारेमा समेत आयोगलाई आवश्यकताअनुसार नियमित रूपमा समिक्षा प्रतिवेदन दिनेछ ।

## १०. निष्कर्ष

द्वन्द्वबाट गुज्रिएर सङ्क्रमणको अवस्थामा रहेका मुलुकका नागरिकहरूले द्वन्द्व अवधिमा आफ्नो हक-अधिकार गुमाउन बाध्य भएका हुन्छन् । त्यस बेला गुमेका हक-अधिकारको सम्बोधन विद्यमान न्याय प्रणालीबाट मात्र सम्भव नहुने भएकाले सङ्क्रमणकालीन न्यायको अवधारणाअन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको हो ।

यस आयोगले २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा भएका घटनाहरूको सत्यतथ्य जनसमक्ष ल्याउने, नेपाली समाजमा

पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति स्थापनाका लागि पीडकको निवेदन र पीडितको सहमतिमा मेलमिलाप गराउन भूमिका खेल्ने, सशस्त्र द्वन्द्वका पीडितलाई परिपूरणका लागि, गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीका लागि र सशस्त्र द्वन्द्व नदोहोरियोस् भनी संरचनात्मक सुधारका लागि सिफारिश गर्नेछ । यस्तो गहन र संवेदनशील जिम्मेवारी भएको यस आयोगको भूमिकालाई प्रभावकारी र पारदर्शी बनाउन संवाद, परामर्श तथा सञ्चार नीति तयार गरिएको हो ।

यस आयोगले द्वन्द्व पीडित लगायत द्वन्द्वरत सबै सरोकारवालाहरूबीच सही सूचना तथा जानकारी सम्प्रेषण गर्नु र उक्त कार्यका लागि सघन संवाद तथा परामर्शको प्रक्रिया अवलम्बन गर्नु आवश्यक छ । नागरिकको सत्य जान्न पाउने हक, परिपूरणको हक, न्याय पाउने हक सुनिश्चित गर्न आयोगले स्वतन्त्र, निष्पक्ष र स्वायत्त भई काम गर्नुपर्ने हुन्छ । प्रभावकारी, सशक्त र व्यवस्थित सूचना तथा सञ्चार प्रणालीले यसलाई धेरै हदसम्म सहयोग पुर्‍याउँछ । यसरी सम्बन्धित पीडित, पीडक तथा सरोकारवाला निकायसम्म सूचना पुर्‍याउन गरिने कार्यलाई थप पारदर्शी, उत्तरदायी तथा नियमित गर्नुका साथै आयोगको आन्तरिक सूचना प्रवाहलाई छिटो, छरितो, व्यवस्थित तथा पारदर्शी बनाई आयोगले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी र नियमित बनाउन यो नीतिले सहयोग पुर्‍याउनेछ ।

कार्यसम्पादनका क्रममा उत्पन्न हुन सक्ने विविध सवालमा आयोगको आधिकारिक दृष्टिकोण जनसमक्ष पुर्‍याउन, सत्य अन्वेषण तथा मेलमिलाप प्रक्रियामा प्रभावकारिता ल्याउन र आयोगको संस्थागत छविलाई विशिष्टीकृत गरी सबैलाई ग्राह्य र पीडित मैत्री बनाउन यस नीतिले सञ्चारका विभिन्न विधाहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चारलाई समयानुकूल र प्रभावकारी सूचना प्रवाह गर्न आयोगलाई सहयोग पुर्‍याउनेछ । यसै गरी आयोगको आन्तरिक सूचना प्रणालीलाई व्यवस्थित तथा पारदर्शी बनाई आयोगले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी र उत्तरदायी बनाउन पनि यो नीति सहयोगी हुनेछ । यसै गरी दण्डहीनताको अन्त गर्न, जवाफदेहिताको सिर्जना गर्न, पीडितलाई परिपूरण तथा न्याय प्रदान गर्नुका साथै सामाजिक सद्भाव तथा मेलमिलापमार्फत मुलुकमा दिगो शान्ति स्थापना गर्न पनि यसले निर्णायक भूमिका निर्वाह गर्नेछ ।

सरोकारवालाहरूसँग सार्थक तथा सघन संवाद र परामर्श गर्ने र सार्वजनिक तथा निजी छापा, श्रव्यदृश्य प्रसारण संस्था र विद्युतीय सञ्चार माध्यमहरूसँग सहकार्य गर्ने प्रक्रियालाई स्पष्टसँग बुँदागत रूपमा प्रस्तुत गरिएको यो नीतिलाई आयोगले प्रभावकारी

रूपमा कार्यान्वयन गरेमा लक्षित उद्देश्य पूरा हुन सक्छ ।

# परिशिष्ट १

### १. फ्लेक्स

परम्परागत रूपमा सार्वजनिक जानकारी गराउनका लागि कपडाको ब्यानर, पेन्टरले तयार गरेको बोर्ड, पम्प्लेट, पोस्टर आदिको प्रयोग गरिन्थ्यो । केही वर्षदेखि ती परम्परागत प्रचार सामग्रीलाई फ्लेक्सले विस्थापित गर्दै छ । यो पेट्रोलियम जेलीबाट निर्माण गरिन्छ । यसलाई विभिन्न आकारमा निर्माण गर्न सकिन्छ । आजकल ठूलठूला प्रचारात्मक सामग्री (होर्डिङ बोर्ड) आदि यसबाट नै बनाइन्छ । यो विशेष गरी साक्षर-शिक्षित व्यक्तिहरूलाई ध्यानमा राखी तयार गरिन्छ । यो गाउँ तथा शहर दुवै ठाउँका लागि उपयोगी छ ।

उद्देश्यः संस्थागत विभिन्न किसिमका जानकारी सार्वजनिक गर्न ।

प्रयोग विधिः १. आचार संहिता २. काम, कर्तव्य र अधिकारको विवरण ३. संस्थाको साङ्गठनिक ढाँचा ४. संस्थागत सम्पर्क व्यक्तिको चिनारी आदि ।

### २. ब्रोसियर

यो सामग्री संस्थागत परिचयका लागि प्रयोग गरिन्छ । सूचना तथा जानकारीको भारका आधारमा यो एक फोल्ड चार कोलम या दुई फोल्ड छ कोलमसम्मको निर्माण गर्दा आकर्षक देखिन्छ । यसको निर्माण आकर्षक किसिमबाट गरिन्छ । यसलाई संस्थाको कार्यगतिअनुसार वार्षिक रूपमा परिमार्जन गर्नुपर्छ । इन्टरनेट आदिको पहुँच नभएको ठाउँमा यसको प्रयोग उपयोगी हुन्छ । यो विशेष गरी साक्षर-शिक्षित व्यक्तिहरूलाई लक्षित गरी बनाइन्छ ।

उद्देश्यः संस्थाको परिचय, ढाँचा, काम (विगत र नयाँ), अनुभव तथा सम्पर्क आदि सार्वजनिक गर्नका लागि प्रयोग हुने ।

प्रयोग विधिः सत्य निरूपण तथा मेलमिलाप आयोगको परिचय

### ३. पोस्टर

यो एउटा परम्परागत तर सशक्त प्रचार सामग्री हो । यो आकर्षक किसिमले निर्माण गरिन्छ । यो कागजका साथै आजभोलि माथि उल्लेख गरिएको फ्लेक्सबाट पनि निर्माण गरिन्छ । यसमा चित्र/प्रतीक आदिका साथै केही सन्देशहरू पनि राखिन्छ । फोटोग्राफर अथवा चित्रकारहरूले निर्माण गरेको चित्र आदि यसमा प्रयोग गरिन्छ । लिखित भाषाको

प्रयोग यसमा साह्रै कम गरिन्छ । यसलाई विभिन्न आकारमा निर्माण गर्न सकिन्छ । यो ठूलोमा न्यूज प्रिन्टको आकारमा छापिन्छ । लामो समयसम्म प्रयोग गर्नुपर्ने प्रचार सामग्री निर्माण गर्नुपरे पोस्टरका लागि बाक्लो तथा बलियो कपडा पनि प्रयोग गरिन्छ । कागज, कपडा अथवा फ्लेक्सबाट निर्मित पोस्टरलाई सार्वजनिक स्थलहरूमा राखिन्छ । यसबाट साक्षर-शिक्षित साथै निरक्षर व्यक्तिहरूले पनि जानकारी (चित्रबाट) लिन सक्छन् । यो चेतनामूलक अथवा चेतनाकरण गर्नका लागि प्रभावकारी मानिएको छ । यो गाउँ तथा शहर दुवै ठाउँका लागि उपयोगी छ । लक्षित समूहलाई ध्यानमा राखी यो विभिन्न भाषामा निर्माण गर्न सकिन्छ । यसमा संस्थाको नाम, सम्पर्क ठेगाना तथा प्रतीक चिह्न (लोगो) अनिवार्य रूपमा राख्नुपर्छ ।

उद्देश्यः संस्था क्रियाशील भएको जानकारी गराउन तथा संस्थाले गर्ने क्रियाकलाप फोटो अथवा चित्रका माध्यमबाट सार्वजनिक गर्न ।

प्रयोग विधिः १.द्वन्द्व प्रभावित क्षेत्रमा आयोग क्रियाशील भएको जानकारी गराउन ।

२. फोटो तथा चित्र पोस्टरबाट आयोगको सम्बन्धमा चेतनाकरण गर्न ।

**४. एसएमएस**

नेपालमा मोबाइलको प्रयोग व्यापक छ । सरकारी आँकडाअनुसार नै लगभग डेढ करोड नेपालीले मोबाइल प्रयोग गरिरहेका छन् । मोबाइल हिमाल, पहाड, तराई जतातत्तै प्रयोग गरिन्छ । यो दुर्गम स्थानहरूमा पनि प्रयोग भइरहेको छ । मोबाइलका माध्यमबाट सूचना जानकारीको प्रसारण व्यापक हुँदै छ । एसएमएस मोबाइलको एउटा सशक्त क्रियाकलाप हो । सूचना, जानकारी तथा सम्पर्कको आदानप्रदान गर्न एसएमएसको प्रयोग गरिन्छ । यो सूचना प्रसारणको छोटो तथा सरल माध्यम हो । यो सस्तो पनि छ । द्वन्द्व प्रभावित व्यक्तिहरूलाई आयोगको सम्पर्कमा आउन आह्वान गर्न (अपिल) यो माध्यम धेरै प्रभावकारी हुन्छ । यो मोबाइल सेवा प्रदायक संस्था एनटीसी, एनसेल आदिको सम्पर्कबाट गर्न सकिन्छ । मोबाइल सेवा प्रदायक संस्थाहरूले एउटा सूचना लाखौँ मोबाइलमा प्रसारण गर्न सक्छन् । यो माध्यम द्वन्द्व प्रभावित दुर्गम क्षेत्रका लागि धेरै प्रभावकारी छ । त्यस कारण यो माध्यम आयोगले उपयोग गर्नुपर्छ ।

उद्देश्यः आयोगको सम्पर्कमा आउन तथा आयोगका माध्यमबाट द्वन्द्व उत्पन्न समस्या समाधानका लागि ।

प्रयोग विधिः १. आयोगको सम्पर्क तथा भेटघाट कार्यक्रममा आउने आह्वान निर्माण

२. द्वन्द्व प्रभावितहरूलाई आयोगको गतिविधिको जानकारी ।

## ५. न्यूज लेटर

न्यूज लेटर कुनै पनि संस्थाको गतिविधिको ऐना हो । यसमा संस्थाले हाल गरिरहेका र भविष्यमा गरिने क्रियाकलापको छोटो जानकारी गराइन्छ । संस्थाको गतिविधिको चाप हेरी यो मासिक वा द्वैमासिक रूपमा प्रकाशन गरिन्छ । मासिक रूपमा प्रकाशन गर्ने हो भने बढीमा चार पानाको उपयुक्त देखिन्छ । साथै गतिविधिको जानकारी दुई कोलममा टङ्कण गरी चित्र (फोटो) आदि राखे आकर्षक देखिनेछ । आयोगको कामकारबाहीको संवेदनशीलता हेरी यसको प्रकाशनको व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

उद्देश्यः आयोगको कामकारबाही नियमित रूपमा जनमानसमा सम्प्रेषण गर्ने

प्रयोग विधिः चार पानाको आकर्षक कागज (ग्लेज पेपर) मा दुई कोलममा चित्रसहितको गतिविधिको जानकारी प्रकाशन ।

# सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिलामैत्री बनाउने सम्बन्धी कार्यविधि

**२०७२**

**सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल**
**बबरमहल, काठमाडौं**

# सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिलामैत्री बनाउने सम्बन्धी कार्यविधि

(आयोगबाट स्वीकृत मिति- २०७२।४।१०)

## पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३, विस्तृत शान्ति सम्झौता र पीडितहरूको मागलाई सम्बोधन गर्दै नेपालमा उच्च स्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने उद्देश्यले बनेको वेपत्ता पारिएका ब्यक्तिको छानविन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्च स्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन भएको हो ।

संक्रमणकालीन न्यायको महत्वपूर्ण संयन्त्रको रूपमा गठन भएको यो आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानवीन गरी बास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित वीच मेलमिलाप गराउन, पीडितलाई परिपुरणको ब्यवस्था लगायत त्यत्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानुनी कारवाहीको लागि सिफारिश गर्ने जस्ता महत्वपूर्ण उद्देश्य बोकेको छ ।

आयोगले गर्ने हरेक काम कारवाहीमा निष्पक्षता, पारदर्शिता र विश्वसनीयता कायम राख्न, पीडित, बालबालिका, बृद्ध, अपाङ्ग र महिलाको सहभागिता सुनिश्चित गर्न तथा पीडित महिला र बालबालिकाको गोपनीयता कायम राख्न, साक्षी संरक्षण र सार्वजनिक सुनुवाईको उचित व्यवस्था गर्न, पीडितहरूको आवश्यकता र अवस्था अनुसार परिपुरणको लागि सिफारिस गर्न, मेलमिलाप र क्षमादानलाई पीडितमैत्री बनाउन, बलात्कार र अन्य गम्भीर अपराधका दोषीहरूलाई अभियोजनका लागि सिफारिस गर्न महत्वपूर्ण हुने पीडितमैत्री प्रावधानलाई समेटी यो कार्यविधि बनाइएको छ .

## उद्देश्यहरू:

आयोगले आफ्नो स्वतन्त्र र निष्पक्ष चरित्रलाई अक्षुण्ण राखी पीडित, वालवालिका, बृद्ध, अपाङ्ग तथा महिलाहरूको बिश्वा; जिती आयोगका काम कारवाही सम्पादन गर्नका लागि देहाय बमोजिमका उद्देश्यहरू लिई यो कार्यबिधि बनाएको छ ।

(क) समाजमा दीगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न सहयोग पुर्‍याउनु.

(ख) पीडितहरूसँग मानवीय र सम्मानजनक ब्यवहार गर्ने वातावरण सुनिश्चित गर्नु.

(ग) पीडित र साक्षीहरूलाई प्रभावकारी संरक्षण गर्ने वातावरण सुनिश्चित गर्नु .

(घ) आयोगको काम कारवाहीमा सहभागी हुन पीडितहरूका लागि अनुकुल र पीडित मैत्री वातावरण सुनिश्चित गर्नु.

(ङ) निष्पक्ष र विभेद रहित कार्यविधि सुनिश्चित गर्नु

(च) यौनजन्य हिंसाबाट पीडित महिला र बालवालिकाका लागि विशेष मापदण्ड अपनाउनु.

(छ) सार्वजनिकीकरण र गोपनीयताको उचित सन्तुलन कायम गर्नु

## १. आयोगको काम कारवाहीको निष्पक्षता

आयोगले आफ्नो काम कारवाही कसैप्रति आग्रह र पूर्वाग्रह नराखी निष्पक्ष भई देहाय बमोजिम सम्पादन गर्नेछः–

१.१ आयोगले आफ्नो काम कारवाही स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा सम्पादन गर्नेछ । यसका लागि आयोगको आचार संहितामा उल्लेखित प्रावधानहरू समेतलाई व्यवहारमा अबलम्बन गरिनेछ ।

१.२ आयोगले कसै प्रति झुकाव, मोलाहिजा वा बदनियत नराखी आफ्नो काम कारवाही गर्नेछ ।.

१.३ लिंग, जाति, वर्ग, क्षेत्र, धर्म, भाषा, अपाङ्गता, सम्पत्ति, सामाजिक उत्पत्ति, वैचारिक आस्था वा तीमध्ये कुनैपनि आधारमा कसैलाई भेदभाव नगरी आयोगले आफ्नो काम कारवाही गर्नेछ ।

२. पीडित, अशक्त तथा लैङ्गिक मैत्री शाखा

आयोगको काम कारवाहीलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग, अशक्त/ महिला मैत्री बनाउन पीडित, अशक्त तथा लैङ्गिक मैत्री शाखा खडा गरिनेछ, जसले आयोगको निर्णय अनुसार देहाय बमोजिमको काम गर्नेछः–

२.१ यस शाखाले आयोगमा आउने पीडितहरूलाई सत्कार –जस्तैः आवश्यकता अनुसार खानेपानी, चिया र बिश्राम कक्षको ब्यवस्था गरी) र आवश्यक सहयोग गर्नेछ ।

२.२ यस शाखाले लैङ्गिक संवेदनशीलतालाई ध्यानमा राख्दै बिभिन्न पीडित समूह, महिलावादी संघ संस्था, महिला अधिकारवादीहरू र वालबालिका तथा अपाङ्ग सँग सम्बन्धित क्षेत्रमा काम गर्ने संघ संस्थासँगग आवश्यक सम्पर्क कायम राखी समन्वय गर्ने ब्यवस्था गर्न सक्नेछ ।

२.३ यस शाखाले बालबालिका र लैङ्गिकता सम्बन्धी तालिम सञ्चालन गर्ने र लैङ्गिक तथा बाल मैत्री प्रतिवेदनहरू तयार गर्ने कार्य समेत गर्नेछ ।

२.४ यस शाखाले विशेष गरी बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला र बालिकाका लागि विशेष सुनुवाईको आवश्यक ब्यवस्था गर्नेछ ।

३. मनोसमाजिक परामर्श

पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा बिशेषतः बलत्कार तथा यौनजन्य हिंसाबाट पीडित भएका महिला तथा बालिकालाई आयोगमा घटनाको सत्य तथ्य भयरहित तवरले ब्यक्त गर्ने वातावरण सृजना गर्न मनोसामाजिक परामर्श दिन आवश्यक पर्न सक्ने हुनाले आयोगले देहाय बमोजिमको ब्यवस्था गर्नेछ ।

३.१ आयोगले आफ्नो कार्य सम्पादन गर्दा पीडितको अवाश्यकता अनुसार तिनको सहयोगका लागि आयोगमा मनोसामाजिक परामर्शदाता ९एकथअजयकयअष्बअयगलकभयिच) र बाल मनोविज्ञानवेत्ताको व्यवस्था गरिनेछ ।

३.२ प्रकरण ३.१ बमोजिम विज्ञले आयोगले आफुकहाँ पठाएका पीडितलाई मर्यादित भाषा र व्यवहारमा आवश्यक मनोसामाजिक परामर्श उपलब्ध गराउनेछ ।

## ४. उजुरी/निवेदन

आयोगमा उजुरी निवेदन दिने कार्यलाई सरल र सहज बनाउन आयोगले देहाय बमोजिमको ब्यवःथा गर्नेछः–

४.१ आयोगले उजुरी निवेदन आह्वान गर्दा बहुभाषामा सरल र सहज रूपमा पर्याप्त समय दिई स्थानीय स्तरमा पुग्ने गरी सूचनाको सञ्चार गर्नेछ । यसो गर्दा केन्द्रीय र स्थानीय एफएम रेडियो, टेलिभिजन, पत्रिका, पम्पलेट, र वृत चित्र आदिवाट सम्बन्धित सवैलाई सुसूचित गराईनेछ .

४.२ आयोगले उजुरी निवेदनको ढाँचा तयार पारी पीडितको सुविधाको लागि बिभिन्न माध्यमबाट उपलब्ध गराउनेछ । जस्तैः इन्टरनेट, फ्याक्स आदि ।

४.३ आयोगले उजुरी निवेदन लिखित वा मौखिक जुनसुकै रूपमा पनि लिई दर्ता गर्नेछ र मौखिक उजुरी दिन आएमा कर्मचारीद्धारा लिपिबद्ध गराई सम्बन्धित व्यक्तिको सहिछाप गराई राख्ने व्यवस्था गर्नेछ ।

४.४ आयोगले उजुरी र निवेदन फ्याक्स र इमेल, इन्टरनेट, अनलाइनबाट पनि दिन सकिने व्यवस्था गर्नेछ ।

४.५ द्वन्द्व प्रभावित जिल्लाहरूमा स्थानीय स्तरको उजुरी र निवेदन अभिलेख गरिदिन आयोगले सहयोगी कक्ष (ज्भउि म्भकप) को व्यवस्था गर्नेछ ।. यसका लागि आयोगले निर्धारण गरेको संरचना अनुसार उजुरी निवेदन संकलन गर्ने व्यवस्था समेत गर्नेछ ।

४.६ निवेदकले उजुरी साथ पेश गर्न चाहेका प्रमाण कागजातहरू जस्तैः नागरिकता, लालपुर्जा, विवाह दर्ता प्रमाणपत्र, मेडिकल सर्टिफिकेट जस्ता आवश्यक कागजातहरूको निःशुल्क फोटोकपी गर्ने व्यवस्था आयोगले मिलाउनेछ ।

४.७ अपाङ्ग वा अशक्तले उजुरी दिन स्वयम् आउन चाहेमा तिनको सुविधाका लागि आयोगले अवस्था अनुसारको संरचना जस्तै : अपाङ्ग मैत्री ह्वीलचेयर, ट्वाइलेट, धारा, आयोगको कार्यालयमा अपाङ्ग मैत्री बाटोको ब्यवस्था आदि) को निर्माण गर्नेछ ।

४.८ आयोगमा उजुरी र निवेदन लिँदा पीडितको आत्मसम्मानमा चोट नपुग्ने गरी शिष्ट र आदरपूर्ण व्यवहार गरिनेछ । यसका लागि पीडित वा साक्षीसँग ठट्टा मस्करी, रूखो, उपहासपूर्ण भाषाको प्रयोग नगरी सधैं मर्यादित भाषाको प्रयोग गरिनेछ ।

४.९ यौनजन्य हिंसाबाट पीडित महिला मौखिक उजुरी दिन आएमा महिला कर्मचारीले नै अभिलेख गर्ने व्यवस्था गरिनेछ ।

४.१० फोनबाट पनि उजुरी निवेदन टिपाउनका लागि आयोगले निशुःल्क सेवा प्रदायक नम्बर (त्याँि ाचभभ लगmदभच) को व्यवस्था गर्नेछ र यसरी उजुरी निवेदन लिँदा उक्त उजुरीलाई अभिलेख गरी सम्बन्धित व्यक्तिबाट प्रमाणित गराई राख्ने व्यवस्था मिलाईनेछ ।

४.११ आयोगले आफुले दिने सेवा, लाग्ने समय र समयमा नै सो सेवा प्राप्त गर्न नसकेमा गुनासो सुन्ने अधिकारी लगायतका कुराहरू उल्लेख गरी कार्यतालिका सहितको नागरिक वडापत्र तयार गरी आयोगको कार्यालयमा सबैले देख्ने गरी टाँसिनेछ ।

४.१२ आयोगमा उजुरी निवेदन दिन आउने पीडित, बालबालिका, बृद्ध, अपाङ्ग, अशक्त/महिलाका लागि आयोगबाट खानेपानी, चिया/विश्राम कक्ष आदिको विशेष ब्यवस्था गरिनेछ ।

४.१३ आयोगले पीडितहरूको सुविधाको लागि घटना अनुसारको परिचय पत्र उपलब्ध गराउनेछ ।

## ५ प्राथमिकताको क्रम निर्धारण

पीडितको अवस्था, अपराधको गम्भीरता र संवेनशीलता समेतलाई बिचार गरी आयोगले गर्ने सुनुवाईलाई प्राथमिकता क्रम निर्धारण गर्न देखिएकोले आयोगले गर्ने सुनुवाई देहाय बमोजिमको प्राथमिकता क्रममा गर्नेछः–

५.१ बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला वा वालिका भएको बिषय,

५.२ जेष्ठ नागरिक,अशक्त र अपाङ्गता भएको ब्यक्ति पीडित भएको बिषय,

५.३ बालबालिका पीडित भएको बिषय,
५.४ एकल महिला पीडित भएको बिषय,
५.५ माथि लेखिए वाहेकका हकमा आयोगमा उजुरी निवेदन दर्ताको आधारमा मा पुरानोको क्रमले,

**६. कागज तथा बकपत्र**

आयोगमा पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिलाको सम्बेदनशीलता समेतलाई बिचार गरी कागज तथा बकपत्र गराउँदा देहाय बमोजिम गराईनेछः

६.१ आयोगमा कागज तथा बकपत्र गराउँदा पीडित –महिला, बालबालिका, बृद्ध, अपाङ्ग) / साक्षीको आत्म सम्मानमा चोट नपुग्ने गरी शिष्ट, सभ्य र मर्यादित व्यवहार गरिनेछ । आयोगमा कागज तथा बकपत्र गराउँदा ठट्टा मस्करी, रूखो, उपहासपूर्ण भाषाको प्रयोग नगरी पीडित वा साक्षीहरूसँग मर्यादित भाषाको प्रयोग गरिनेछ । कागज तथा बकपत्र गराउँदा पीडितको सुविधाका लागि दोभाषेको समेत व्यवस्था गर्न सकिनेछ ।

६.२ आयोगले यौनजन्य हिंसाबाट पीडित महिलाको कागज तथा बकपत्र महिला कर्मचारीद्धारा नै गराउने व्यवस्था गर्नेछ ।

६.३ पीडित महिलाको कागज तथा बकपत्र गराउँदा निजले इच्छाएको व्यक्तिको उपस्थितिमा गराउन सकिनेछ । यसका लागि आयोगको ऐन / नियमावलीमा उल्लेख भए बमोजिम पीडितले चाहेमा आफ्नो कानुन ब्यवसायी राख्न दिने ब्यवस्था समेत गरिनेछ ।

६.४ पीडित महिला तथा बालबालिकाले दिएको कागज तथा बकपत्रको व्यहोरा आयोगको काम कारवाही वा कानुन बमोजिमको अन्य प्रयोजनको लागि बाहेक गोप्य राख्ने ब्यवस्था गरिनेछ ।

**७. पीडितको गोपनीयता**

यौनजन्य अपराधबाट पीडित भएका महिला तथा वालिकाको मानव अधिकारको प्रत्याभुति तथा व्यक्तिगत परिचयात्मक विवरण तथा घटनाको तथ्य सार्वजनिक गरियो भने उनीहरूले न्यायको अनुभूति गर्ने भन्दा पनि समाजबाट लाञ्छित भई थप पीडा व्यहोर्नु पर्ने अवस्था आउन सक्छ । त्यसैगरी घर परिवार, गाउँ समाजबाट अपहेलित भएर बाँच्नुपर्ने अवस्था आउन सक्छ । त्यस्तै उनीहरूलाई पीडकको समूहबाट विभिन्न डर, धाक, धम्की आई जीउ ज्यानमा नै जोखिम पर्न सक्छ । यस्तो अवस्थामा आफु विरूद्ध भएको अन्यायको

कानुनी उपचार तथा पीडकलाई सजाय गराउन आयोगमा उपस्थित हुने कार्य पनि त्याग गर्ने बाटो रोज्न पुग्ने अवस्था आउन सक्छ । त्यसैले, त्यस्ता पीडितको गोपनीयता राख्ने विषय अति महत्वपूर्ण हुन आउँछ । तसर्थ आयोगले बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला तथा बालिकाको गोपनीयता प्रचलित कानुन बमोजिम कायम गर्नेछ । यसो गर्दा आयोगले देहाय बमोजिमको कार्यबिधि अपनाउने छः–

७.१ गोप्य राख्नुपर्ने बिवरणहरूः

आयोगले आफ्नो काम कारवाही गर्दा बलत्कार र यौनजन्य हिंसाबाट पीडित महिला तथा वालबालिकाको देहाय बमोजिमको विवरण गोप्य राख्नेछ .

- पीडित महिला र बालबालिकाको नाम थर र वतन,
- निजका बाबु आमाको नाम थर र वतन,
- विवाहित महिला भए निजको पतिको नाम थर र वतन,
- फोटो,
- कुनै विद्यालय संघ संस्थ सँगको आवद्धता लगायतका निजहरूको वैयक्तिक पहिचान खुल्ने अन्य विवरण,
- आयोगले गोप्य राख्ने भनी निर्णय गरेका पीडितको विवरण .

७.२ गोपनीयता कायम गर्नुपर्ने कर्तव्य भएका निकाय वा व्यक्तिहरूः–

देहाय बमोजिमका निकाय वा ब्यक्तिहरूले प्रकरण ७.१ बमोजिमको बिवरण गोप्य राख्नु पर्नेछः–

- आयोग र यसका कर्मचारी तथा विशेषज्ञहरू,
- सम्बद्ध कानुन व्यवसायीहरू,
- अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरू,
- सञ्चार क्षेत्र,
- आयोगको काम कारवाहीको सिलसिलामा उपस्थित साक्षी वा विशेषज्ञ,
- परिचयात्मक विवरण थाहा पाएका अभिभावक, संरक्षक वा अन्य संघ संस्था र व्यक्तिहरू

७.३ गोपनीयता कायम गर्ने काम कारवाही

आयोगका देहाय बमोजिमका काम कारवाहीमा प्रकरण ७.१ बमोजिमको बिवरण गोप्य राखिनेछः–

- उजुरी वा निवेदन दर्ता गर्दा वा उजुरी वा निवेदन अभिलेख गर्दा,

- पीडकका नाममा म्याद सूचना जारी गर्दा,
- बयान बकपत्र गराउँदा ,
- विभिन्न पत्राचार गर्दा,
- प्रमाणहरू संकलन गर्दा,
- पीडित लगायत अन्य व्यक्तिको कागज गराउँदा,
- आयोगले आफ्नो क्षेत्राधिकार भित्रका अन्य सबै काम कारवाही गर्दा,

७.४ बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला वा बालिकासँग सम्बन्धित बिषयको सुनुवाई गर्दा आयोगले बन्द सुनुवाई ९ष्ल अकभचब ज्भबचष्लन) गर्नेछ .

७.५ यस आयोगका काम कारवाहीमा त्यस्ता पीडित महिला तथा बालबालिकाको प्रकरण ७.१ बमोजिमको बिवरण परिवर्तन गरी परिवर्तित नामबाट निजसँग सम्बन्धित काम कारवाही गर्ने ब्यवस्था गरिनेछ ।

७.६ बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिलाको प्रकरण ७.१ बमोजिमको बिवरण त्यस्तो पीडित महिलाको मञ्जुरीले बाहेक सार्वजनिक गर्न पाइने छैन ।

## ८. सार्वजनिक सुनुवाई

सार्वजनिक सुनुवाईको माध्यमबाट द्वन्द्वको समयमा भएका घटनाहरूको सत्य तथ्य पत्ता लगाउन र मेलमिलाप गराउन महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । तसर्थ, आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी बिषयमा सत्य तथ्य पत्ता लगाउन सार्वजनिक सुनुवाई गर्दा देहाय बमोजिमको कार्यबिधि अपनाउनेछ ।

८.१ आयोगले सार्वजनिक सुनुवाई गर्दा सकभर घटनास्थलमा नै गर्ने व्यवस्था मिलाउनेछ ।

८.२ आयोगले घटनाको सत्य तथ्य पत्ता लगाउन पीडक, पीडित, साक्षी र सर्वसाधारणलाई राखेर सार्वजनिक सुनुवाईको आयोजना गर्न सक्नेछ ।

८.३ यस्तो कार्यक्रममा पीडित र साक्षीको आत्मसम्मानमा चोट नपुग्ने गरी शिष्ट र मर्यादित भाषा प्रयोग गरी बोल्ने व्यवस्था गरिनेछ ।

८.४ सार्वजनिक सुनुवाई कार्यक्रममा एक पक्षले अर्को पक्षलाई कटाक्षपूर्ण र अपहेलनाजनक शब्द र भाषाको प्रयोग गर्न प्रतिवन्ध लगाईनेछ ।

८.५ आयोगले गर्ने सार्वजनिक सुनुवाई सम्भव भए सम्म स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण गर्ने ब्यवस्था मिलाउनेछ ।

## ९. साक्षी संरक्षण

संक्रमणकालीन न्यायमा साक्षीको विशेष भूमिका र महत्व रहन्छ । प्रायशः घटनाका प्रमाणहरू नष्ट हुन जाने पीडक र उल्लङ्घन कर्ताहरूबाट नष्ट गरिने र लामो समय

सम्म त्यस्ता प्रमाणहरूको हिफाजत गर्न कठिनाई हुन सक्ने हुँदा घटनाका साक्षीहरू नै न्याय सम्पादनमा आयोगले सदुपयोग गर्न सक्ने भर पर्न सक्ने सबै भन्दा महत्वपूर्ण प्रमाणहरू हुन् । त्यसैले, साक्षी र पीडितलाई आफ्नो ब्यहोरा निर्धक्क भएर ब्यक्त गर्ने वातावरण सृ्जना गर्न देहाय बमोजिमको कार्यबिधि अपनाईनेछ :-

९.१ आयोगको काम कारवाहीमा सहयोग गर्ने पीडित, साक्षी वा तिनका परिवारका सदस्य तथा नातेदारलाई आयोगले आवश्यकता अनुसार सुरक्षाको व्यवस्था गर्नेछ ।

९.२ साक्षी वा पीडितको संरक्षण गर्दा आवश्यकता अनुसार निजहरूको नाम र ठेगाना दुवै परिवर्तन गर्ने व्यवस्था समेत मिलाईनेछ .

९.३ साक्षी वा पीडितको संरक्षणका लागि आयोगले परिकल्पना गरेको संरूचना अनुसार साक्षी संरक्षण शाखा खडा गरिनेछ ।

९.४ साक्षी वा पीडितसँग आवश्यकता अनुसार बन्द कारवाही (ष्ल अकभचब) गर्न सकिनेछ । यसका लागि आयोगका पदाधिकारी, सम्बन्धित कानुन व्यवसायी र सरोकारवाला व्यक्तिहरू आयोगले तोकेका कर्मचारी तथा अन्य ब्यक्तिहरू मात्र बन्द कारवाहीको क्रममा बस्न सक्ने व्यवस्था गरिनेछ ।

९.५ पीडित वा साक्षीले चाहेमा बकपत्र गर्दा अन्य कसैले प्रत्यक्ष चिन्न नसक्ने गरी पुरै शरीर वा मुहार मात्र छोप्ने व्यवस्था मिलाउन सकिने र त्यस्ता पीडित वा साक्षीले स्वर बदल्न चाहेमा त्यसो गर्न दिन सकिनेछ ।

९.६ त्यस्तो पीडित वा साक्षीलाई पीडक वा अन्य कसैले प्रत्यक्ष देख्न नपाउने गरी श्रव्य र दृष्य सम्वादका माध्यमबाट बकपत्र लिने व्यवस्था गर्न समेत सकिनेछ ।

९.७ आयोगमा बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्ति र निजको संरक्षक सहयोगीको रूपमा आउने एक जना ब्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिहरूलाई सो वापतको मनासिव खर्च उपलब्ध गराउनेछ ।

९.८ आयोगमा कागज वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नामगोप्य राखिदिने व्यवस्था गरिनेछ ।

९.९ कुनै व्यक्तिले आयोगमा कागज वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरूद्ध कुनै पनि मुद्दा चलाइने वा कानुनी कारवाही गरिने छैन ।

९.१० सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफु कार्यरत निकायमा रही आयोगमा कागज, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा

त्यस्तो कर्मचारीलाई ऐन बमोजिम निज सरूवा हुन सक्ने र निजलाई सहज हुने निकायमा सरूवा गर्न सम्बन्धित निकायमा लेखी पठाईनेछ ।

## १०. परिपूरण

संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण कार्यको रूपमा परिपूरणलाई लिईन्छ । संक्रमणकालीन न्यायका पूर्वाधारहरूमा सबै भन्दा जोड दिइएको विषय पनि परि पूरण नै हो । मानव अधिकार र मानवीय कानुन सँग सम्बन्धित हिंसामा परेका परिवारलाई न्यायकि रूपमा सम्बोधन गर्न परिपूरणको आवश्यकता हुन्छ । परिपुरणका कार्यक्रमहरूले द्वन्द्वबाट पीडित भएका व्यक्ति र तिनका परिवारलाई केही हद सम्म भए पनि लाभ पुग्दछ । परिपुरणको माध्यमबाट पीडितलाई राहत उपलब्ध गराइने हुँदा परिपूरण र त्यसको प्रक्रिया अत्यन्त महत्वपूर्ण हुन्छ । आयोगले परिपूरणलाई पीडित, वालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउन देहाय बमोजिमको कार्यबिधि अपनाउनेछः–

१०.१ आयोगले पीडितलाई पीडितले पाउने राहत, क्षतिपुर्ति, सेवा तथा सुविधा र ती प्राप्त गर्ने प्रक्रिया समेत स्पष्ट उल्लेख गरिएको पीडित परिचय पत्र उपलब्ध गराउनेछ ।

१०.२ परिपूरणका लागि सिफरिस गर्दा पीडित महिला र बालबालिका भएमा निजको भावी जीवन तथा वृत्ति विकास (अबचभभच मभखभयिऊभलत) लाई समेत विचार गरिनेछ ।

१०.३ परिपूरण कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा पीडितको आवश्यकता, अवस्था, ईच्छा र माग बुझी निजको प्राथमिकता अनुसारको सुविधा, सहुलियत तथा अन्य ब्यवस्थाको सिफारिस गरिनेछ । यसो गर्दा सिमान्तकृत र पिछडिएका समुदायको संवेदनशीलतालाई समेत बिचार गरिनेछ । .

१०.४ आयोगले उपर्युक्त सम्झेमा पीडितको अवस्था र प्रकृति अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिस गर्नेछः–

१०.४.१ निःशुल्क शिक्षा

- छात्रवृत्तिको सिफारिस गर्दा पीडितका सन्तानलाई योग्यताको आधारमा उच्च तह सम्म पढाउने खर्चको व्यवस्था गर्ने सिफारिस गरिनेछ ।
- पीडित बालवालिकाहरूलाई उपलब्ध गराईने छात्रवृत्तिमा एकरूपता ल्याउने ब्यवस्था गर्न सिफारिस गरिनेछ ।

१०.४.२ स्वास्थ्योपचार

- द्वन्द्वकालका घाईते अगभंग भएकाहरूको उपचारका लागि सरकारी, सामुदायिक अस्पतालमा विशेष ब्यवस्था गर्नका लागि सिफारिस गरिनेछ ।

- द्वन्द्वकालका घाईतेले उपचार गराएको कागजात  पेश गरेमा यथार्थ छानविन गरी त्यस्तो उपचार खर्च उपलब्ध गराउन सिफारिस गरिनेछ ।
- द्वन्द्व पीडितका लागि धरानमा हाल स्थापित उपचार केन्द्रमा अन्य जिल्लाका पीडितहरूको समेत उपचार गराउने व्यवस्थाका लागि सिफारिस गर्नेछ ।

१०.४.३ सीपमूलक तालिम

- आयोगले पीडितहरूको रूचि र चाहाना अनुसार कृषि, पाकशाःत्र, सवारी चालक, सुरक्षा, सौन्दर्यकला, सिलाई बुनाई आदि सीपमूलक तालिमको लागि सिफारिस गरिनेछ ।  .

१०.४.४ विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा

आयोगको तर्फबाट परिपूरणको लागि सिफारिस गर्दा पीडितलाई उपलब्ध गराउने राहत सम्भव भए सम्म एकमुष्ठ उपलब्ध गराउने गरी सिफारिस गरिनेछ । यसका लागि पीडितले आफ्नो भावी कार्य योजनाको खाका जस्तै : पशुपालन, कुखुरा पालन, कृषि, तरकारी खेती, खुद्रा व्यापार र प्रर्यटन ब्यवसाय आदि जस्ता योजना तय गरी राहतको सदुपयोग गर्ने कार्यविधि पेश गरेमा सो कार्य योजनामा खर्च गर्ने गरी विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा उपलब्ध गराउन सिफारिस गर्नेछ ।

१०.४.४ बसोबासको व्यवस्था

- द्वन्द्वकालमा घर, जग्गा विहिन भएका, बिस्थापित पारिएका र सम्पत्ति कब्जा गरिएकाको यथार्थ छानविन गरी ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिमको उपर्युक्त बसोबासका लागि सिफारिस गरिनेछ ।
- आवश्यकता अनुसार पीडित महिला, बालवालिका, बृद्ध र अपाङ्गका लागि पुर्नस्थापना केन्द्र र बालगृहको स्थापना गर्न सिफारिस गरिनेछ ।
- नेपाल सरकारद्धारा विभिन्न जिल्लामा स्थापित पुर्नस्थापना केन्द्र र बाल गृहमा द्वन्द्व पीडित महिला, बालवालिका, बृद्ध र अपाङ्गका लागि आरक्षणको व्यवस्था गर्न सिफारिस गरिनेछ ।

१०.४.६ रोजगारको सुविधा

- पीडितको अवस्थालाई बिचार गरी आयोगले निर्णय गरे बमोजिमको रोजगारीको लागि सिफारिस गरिनेछ ।

१०.४.७ आयोगले उपर्युक्त सम्झेको अन्य सुविधा वा सहुलियत

- द्वन्द्वका क्रममा एकल भएका महिलाको जीविकोपार्जनका लागि मासिक भत्ता उपलब्ध गराउन सिफारिस गरिनेछ ।

- पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपुर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको हकवालालाई उपलब्ध गराउन सिफारिस गरिनेछ ।

अपाङ्गता भएका व्यक्तिहरूको पुनः परीक्षण गराई उनीहरूको अवस्था अनुसारको अपाङ्गता प्रतिशत निर्धारण गरेर सोही अनुरूप मासिक भत्ता उपलब्ध गराउन सिफारिस गरिनेछ । पीडित अपाङ्गका बालबालिकाको पनि उचित शैक्षिक छात्रवृत्ति छात्रवासको व्यवस्था र पीडितको निःशुल्क औषधी उपचार गराउन सिफारिस गरिनेछ ।

१०.४.८ बलात्कृत महिलाबाट जन्मेको सन्तानको बाबु पत्ता नलागेको अवस्थामा निजको भरणपोषण, शिक्षा आदिका लागि आयोगले सिफारिस गर्नेछ ।

## ११. मेलमिलाप

समाजमा दीगो शान्ति स्थापना गर्न पनि संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण कार्य हो । मेलमिलापले पनि दीगो शान्तिका लागि महत्वपूर्ण भूमिका खेल्ने हुँदा मेलमिलापलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग र महिला मैत्री बनाउन आयोगले देहाय बमोजिमको कार्यबिधि अपाउनेछः-

११.१. मेलमिलाप गराउँदा आयोगले पीडितलाई हुन गएको क्षति वापत मनासिव क्षतिपुर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउनेछ ।.

११.२ मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि देहाय बमोजिमको काम गर्न वा गराउन सक्नेछः-

११.२.१ सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्ने,

११.२.२ पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झना स्वरूप प्रतिमा वा सार्वजनिक स्थल -जस्तैः झापामा बेपत्ता परिवारले निर्माण गरेको स्तम्भ आदि) निर्माण गर्ने वा स्तम्भ खडा गर्ने,

११.२.३ मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत,चित्र आदि प्रकाशन गर्न .

११.२.४ सामाजिक तथा सामुदायिक सद्भाव बढाउन

११.२.५ अन्य उपर्युक्त कार्यहरू गर्न जस्तैः मृतकको नाममा चौतारा, पाटी, धाधा, कुवा, चापाकल, पुस्तकालय, प्रवेशद्धार आदि निर्माण गर्न

## १२. आयोगको काम कारवाही सार्वजनिक गर्ने

आयोगले आफ्नो काम कारवाही खुला र पारदर्शी रूपमा सम्पन्न गरी सर्वसाधारणको

जानकारीका लागि देहाय बमोजिम सार्वजनिक गर्नेछः–

१२.१ आयोगले परिपूरण र क्षमादानको लागि सिफारिस गरेका, मेलमिलाप गराएका, क्षमादानका लागि सिफारिस गरेका कानुनी कारवाहीका लागि फिर्ता गरेका विषयहरू सर्वसाधारणको जानकारीका लागि सबै प्रकारका मिडियाबाट सार्वजनिक गर्नेछ ।

१२.२ यसरी आयोगले आफ्ना काम कारवाही सार्वजनिक गर्दा ऐनको दफा १९ को उपदफा (२) बमोजिम पीडितको सुरक्षा समेतका लागि गोप्य राख्नुपर्ने विषयहरूलाई सार्वजनिक गरिने छैन ।

## १३. अभियोजनको लागि सिफारिस

संक्रमणकालिन न्यायको एउटा अत्यन्त महत्वपूर्ण कार्य दण्डहिनताको अन्त्य गर्नु हो । द्वन्द्वकालका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनाका दोषीहरूलाई कानुनको दायरा भित्र ल्याउन आयोगले अभियोजनका लागि देहाय बमोजिम सिफारिस गर्नेछः–

१३.१ आयोगले बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा ऐन अनुसार पीडकलाई अभियोजनका लागि सिफारिस गर्नेछ ।

१३.२ प्रकरण १३.१ बमोजिमका अपराधमा अनुसन्धान पुरा भएर सत्य तथ्य पत्ता लागेपछि आयोगले अपराधै पिच्छै अभियोजनको लागि सिफारिस गर्नेछ ।

## १४. विविध

आयोगले आफ्नो काम कारवाही पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउन देहाय बमोजिमको कार्यबिधि समेत अपनाउनेछः–

१४.१ आयोगको काम कारवाहीका सम्बन्धमा आवश्यकता अनुसार पीडितहरूसँग स्थलगत अन्तर्क्रिया कार्यक्रम गरिनेछ ।

१४.२ पीडितलाई आयोगको काम कारवाही सम्बन्धी प्रक्रिया, आयोगबाट दिइने सेवा र लाग्ने समय र सम्पर्क गर्ने व्यक्ति समेतको बारेमा जानकारी गराइनेछ ।

१४.३ पीडितलाई यथार्थ घटना प्रकट गर्न सहजीकरणको व्यवस्था मिलाईनेछ । जसका लागि हेल्प डेस्क, तालिम प्राप्त महिला र पुरूष कर्मचारी, मनोसामाजिक परामर्शदाता, कानुन व्यवसायी, महिला र पुरूष प्रहरी आदिको व्यवस्था समेत गरिनेछ ।

१४.४ पीडित मैत्री, महिला, बालबालिका, बृद्ध र अपाङ्ग मैत्री व्यवहार गर्ने विषयमा कर्मचारीहरूलाई उपयुक्त तालिमको व्यवस्था गरिनेछ । यस अन्तर्गत अन्य बिषयका अतिरिक्त मनोसामाजिक परामर्श, लैङ्गिक, संवेदनशीलता, अपाङ्ग ,बालबालिका, बृद्ध

र महिला मैत्री व्यवहार जस्ता बिषयमा दक्षता अभिबृद्धिका लागि स्वदेशी तथा विदेशी प्रशिक्षण दिने व्यवस्था मिलाईनेछ ।

१४.५ पीडितको उजुरी निवेदनका सम्बन्धमा गरिएको कारवाहीको अध्यावधिक जानकारी SMS मार्फत् मोबाइलमा/web site मार्फत पनि उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

१४.६ पीडितले आयोग समक्ष आबश्यक कागजातहरू प्राप्तिका लागि सिफारिस दिनका लागि अनुरोध गरेमा आयोगले सम्बन्धित निकायमा सिफारिस गरिदिन सक्नेछ ।

१४.७ घटनाको छानविन वा अनुसन्धानमा खटाइने टोलीलाई लैङ्गिक समावेशी बनाईनेछ ।

१४.८ आयोगले आफनो प्रतिवेदनमा लैङ्गिक सम्वेदनशीलताका घटनाहरू, ती घटनाहरू घट्नुका कारणहरू र भविष्यमा त्यस्ता घटनाहरू दोहोरिन नदिन गर्नुपर्ने उपायहरू समेतको छुट्टै बिवरण समावेश गर्नेछ ।

१४.९ द्वन्द्वका कारण बालमनोविज्ञान माथि परेका असरहरूको अध्ययनको बिवरणलाई समेत आयोगको प्रतिवेदनमा समावेश गरिनेछ ।

## बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र संशोधन

१. ऐनको प्रस्तावनाको तेस्रो अनुच्छेद र दफा ३ मा "गम्भीर अपराध" भन्ने शब्दहरू प्रयोग भएका र दफा २६ (२) मा "गम्भीर प्रकृतिका अन्य अपराध" भन्ने शबदहरू प्रयोग भएको देखिन्छ । दफा २ (ञ) मा "मानव अधिकारको गम्भीर उल्लंघन" को परिभाषा भएको छ भने "गम्भीर अपराध" वा "गम्भीर प्रकृतिका अन्य अपराध" को ऐनमा परिभाषा भएको छैन । ऐनको समग्र व्यवस्था हेर्दा सत्य अन्वेषण मेलमिलाप, परिपूरण, क्षमादान र कानूनी कारवाही गर्नुपर्ने अवस्था रहेको र दफा १३ (५) बमोजिम यस आयोगको क्षेत्राधिकार दफा २ (ञ) ले परिभाषा गरेका मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरू मध्ये ८ वटामा सिमित रहेको हुँदा उक्त घटनाहरूमध्ये कुन कुन घटना वा अपराध गम्भीर अपराध वा गम्भीर प्रकृतिका अन्य अपराध हुन् सर्वोच्च अदालतको मिति २०७१।११।१४ को फैसला समेतको सन्दर्भमा परिभाषित (ऐन संशोधन) हुनुपर्ने ।

२. सर्वोच्च अदालतको फैसला अनुरूप बदर वा अमान्य घोषित भए बमोजिम दफा दफा २४, दफा २५ (३) र (४) दफा २६(५) र दफा २९ (१) र (२) मा संशोधन हुनुपर्ने ।

३. उपर्युक्त प्रकरण १ बमोजिम परिभाषा गरी सकेपछि त्यसबाट अन्य दफामा पर्ने प्रभाव

र सर्वोच्च अदालतको फैसला अनुरूप बदर वा अमान्य घोषित भएका व्यवस्थाले अन्य दफामा पार्ने प्रभाव (अचयकक चभाभचभलअभ ेउबअत) अध्ययन गरी अन्य दफाहरू खासगरी दफा २५ र २९ मा संशोधन हुनुपर्ने ।

४. ऐनको दफा २ (ञ) (५) मा सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरूद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको शारीरिक वा मानसिक यातनालाई मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषा भित्र पारिएको छ । प्रचलित नेपाल कानूनले हालसम्म यातनालाई अपराधिकरण गरेको पनि छैन, सजाय तोकेको पनि छैन । यातना विरूद्धको महासन्धिको पक्ष भएको सन्दर्भमा यातनालाई अपराधिकरण गरी सजाय तोक्ने दायित्व राज्यको हुन्छ । त्यसैगरी यातनालाई अपराधिकरण र सजाय तोक्ने गरी कानून बनाउँदा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप ऐन, २०७१ (ऐन) मा उपर्युक्तानुसार परिभाषित यातनालाई पनि अपराधिकरण गरी सजाय तोक्ने व्यवस्था हुनुपर्ने हुन्छ ।

५. सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना सम्बत् २०५२ साल फाल्गुण १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको क्रममा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको छानविन गरी आवश्यकतानुसार कानूनी कारवाईको लागि सिफारिस गर्न समेत भएको हो । ऐनको दफा २(ञ) मा विभिन्न नौ किसिमका घटनाहरूको परिभाषा गरिएको छ । प्रचलित कानूनमा ती घटनाहरू मध्ये कतिपय घटनाहरूका सम्बन्धमा कानूनी कारवाई चलाउन छोटो अवधिको हदम्याद तोकिएको अवस्था छ । सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०६९(धक(००५७ आदेश मिति२०७०।०९।१८ मा यसै विषयको पूर्ववर्ति अध्यादेशको हदम्यादको सम्बन्धमा देहाय बमोजिम आदेश भएको देखिन्छ ।

"आयोगले सिफारिश गरेको वा मन्त्रालयको पत्रानुसारमहान्यायधिवक्ताले मुद्दा चलाउनु पर्ने ठहर गरेपछि मुद्दा चलाउँदा चलाउने हदम्याद तोकिएको र हदम्याद ३५ दिन तोकिएको कारणबाट हदम्यादभित्र मुद्दा नचलाएमा न्यायमा पर्ने प्रभाव एवं सो सम्बन्धी उत्तरदायित्व समेत किटान गरेको नदेखिएको साथै त्यस्तो गम्भीर कसूरमा अल्प हदम्याद तोक्दा मानव अधिकार कानूनको उल्लंघनको घटनामा दण्डहिनताको अवस्था सिर्जना हुनसक्ने हुनाले समेत उक्त व्यवस्था संविधानको मौलिक हक एवं न्याय सम्बन्धी व्यवस्था र संविधानले अगिकार गरेको न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले उपरोक्त बमोजिम संविधान र न्याय संगत हुनेगरी संशोधित र

परिमार्जन गर्नुपर्ने"

त्यसैगरी हदम्यादको स्पष्ट व्यवस्था गरियो भने आयोगको सिफारिश बमोजिम पीडक उपर कानूनी कारवाई हुन्छ भन्ने कुरामा पीडितलाई विश्वस्त हुन थप सहयोग पुग्ने समेत भएकोले ऐनको दफा २९ को उपदफा (४) पछि देहायको उपदफा (५) थप्नुपर्नेः

(५) "यस ऐन अन्तर्गत आयोगको सिफारिशमा पीडक उपर मुद्दा चल्ने अवस्थामा हदम्याद लाग्ने छैन"

६. पीडितहरूलाई आयोग समक्ष पीडकका विरूद्धको आफ्ना कुरा राख्नका लागि आयोगले कानूनी कारवाईको लागि गरेको सिफारिश कार्यान्वयन हुने आवश्यक सबै व्यवस्था भएको पीडितले देखेमा पीडितलाई आश्वस्त हुन थप मद्दत पुग्छ । ऐनको दफा २९ को उपदफा (४) मा नेपाल सरकारले कानून बमोजिम गठन गरेको विशेष अदालतमा पीडक विरूद्ध मुद्धा चल्ने व्यवस्था छ । नेपाल सरकारले यस प्रयोजनका लागि विशेष अदालत हालसम्म गठन गरेको छैन । प्रस्तुत विषयसँग सम्बन्धित मुद्दाहरू चलाउन नेपाल सरकारले कानून बमोजिम विशेष अदालत गठन गर्ने हो वा हाल विद्यमान विशेष अदालतलाई नै जिम्मेवारी दिने हो स्पष्ट भएको छैन । यसर्थ यो विषय यकीन गरी ऐनको दफा २५(३) र २९ (१), (२) र (४) बमोजिमको विशेष अदालतको व्यवस्था हुनुपर्ने ।

७. ऐनको दफा २४ मा कब्जा वा जफत गरिएको सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्ने नेपाल सरकारसँग सिफारिश गर्ने व्यवस्था रहेको र सर्वोच्च अदालतको फैसला (पेज ७०) मा कब्जा सम्पति सम्बन्धित हकदारलाई फिर्ता गर्न संगठन समेतलाई जवाफदेही बनाउन संशोधन हुनुपर्ने अवस्था रहेको उल्लेख भएको सन्दर्भलाई विचार गरी ऐनमा आवश्यक संशोधन प्रस्ताव हुनुपर्ने ।

८. ऐनको दफा २५ को उपदफा ४ मा मानव अधिकारको गम्भीर उल्लघनको आरोपमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा विभागीय कारवाई गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउनु पर्ने व्यवस्था छ । सर्वोच्च अदालतको फैसला (पेज ७०) अभियुक्तले विभागीय कारवाईका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति नपाउने व्यवस्था गर्न संशोधन हुनुपर्ने अवस्था रहेको उल्लेख भएको सन्दर्भलाई विचार गरी ऐनमा आवश्यक संशोधन प्रस्ताव हुनुपर्ने ।

# विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य र अधिकार
# सेवा शर्त एवम् सुविधा सम्बन्धी निर्देशिका

**२०७२**

**सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल**
**बबरमहल, काठमाडौं**

# विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा कामस् कर्तव्यस् अधिकार र सेवा शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७२

(आयोगबाट स्वीकृत मितिः २०७३/०४/२७)

सत्य निरूपण तथा मेल मिलाप आयोगद्वारा गठित विभिन्न उपसमिति तथा कार्य टोलीमा रहने विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा कामस् कर्तव्यस् अधिकार सेवा शर्त एवं सुविधा सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले सत्य निरूपण तथा मेल मिलाप आयोगले बेपत्ता पारिएको व्यक्तिको छानबिनस् सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनस् २०७१ को दफा ३१ र ३२ र सत्य निरूपण तथा मेल मिलाप आयोग नियमावली, २०७२ को नियम ४६ का आधारमा यो निर्देशिका बनाई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस निर्देशिकाको नाम विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा कामः कर्तव्यः अधिकार र सेवा शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७२ रहने छ ।

(२) यो निर्देशिका तुरून्त लागू हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "ऐन" भन्नाले आयोगले बेपत्ता पारिएको व्यक्तिको छानबिनस् सत्यनिरूपण तथा मेलमिलापआयोग ऐनस् २०७१ सम्झनु पर्दछ ।

(ख) "निर्देशिका" भन्नाले विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवा शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७२ सम्झनु पर्दछ ।

(ग) "विज्ञ तथा विशेषज्ञ" भन्नाले आयोगले सम्पादन गर्नु पर्ने सत्य अन्वेषण, अनुसन्धान, मेलमिलाप परिपूरण तथा आयोगलाई ऐनले तोकेको कार्य सम्पादनमा सहयोग गर्न यस निर्देशिकाको अनुसूचिमा उल्लेखित विषयको विज्ञ तथा कुनै खास विषयको विशेषज्ञको रूपमा आयोगले सूचिकृतगरेको व्यक्ति तथा संस्था सम्झनु पर्दछ र सो शव्दले विदेशी विज्ञ तथा विशेषज्ञलाई समेतजनाउनेछ ।

(घ) "आयोग" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्दछ ।

**३. विज्ञ र विशेषज्ञको सूची तयार गर्ने**ः (१) ऐनको दफा (३१) को उपदफा (१) बमोजिम गठन गर्ने उपसमिति वा कार्य टोलीमा काम गर्ने विज्ञ र ऐनको दफा ३२ बमोजिमका विशेषज्ञ तथा विशिष्टीकृत निकाय नियुक्त गर्नेप्रयोजनको लागि आयोगले सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत व्यक्तिको नामावली आयोगको वेभ साइटमा

राखिने छ र आयोगको सूचना पाटीमा पनि प्रकाशन गरिनेछ ।

**४. सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने**: (१) विज्ञ र विशेषज्ञको रूपमा नाम सूचीकृत गर्न चाहने इच्छुक व्यक्ति तथासंस्थाहरूलाई आयोग समक्ष आफ्नो मनसाय पत्र पेश गर्नको लागि आयोगले १५ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा विज्ञ तथा विशेषज्ञको लागि आवश्यक परेको क्षेत्र रआवश्यक योग्यता अनूसूचि– १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम प्रकाशन गरिने सुचनामा विज्ञ तथा विशेषज्ञताको क्षेत्र र योग्यता समेत उल्लेख गरिनेछ । र यस्तो सूचना आयोगको वेबसाइटमा समेत प्रकाशन गरिनेछ ।

**५. मनसाय पत्र पेश गर्ने**: दफा (४) बमोजिम आयोगबाट सार्वजनिक सूचना प्रकाशन भएपछि आयोगमा विज्ञः विशेषज्ञको रुपमा नाम सूचीकृत गराउन चाहने इच्छुक व्यक्ति तथा संस्थाहरूले आयोग समक्ष आफ्नो मनसाय पत्र पेश गर्न सक्नेछन् ।

**६. पेश गर्नु पर्ने कागजातहरु**: दफा ५ बमोजिम आयोगमा विज्ञस विशेषज्ञ तथा विशिष्टीकृत निकायको रूपमा नाम सूचीकृत गर्न चाहने इच्छुक व्यक्ति तथा संस्थाहरूले आयोग समक्ष आफ्नो मनसाय पत्र पेश गर्दा प्रचलित कानुन बमोजिम प्रमाणित गरिएको देहाय बमोजिमको कागजात संलग्न गर्नु पर्नेछः–

(क) नागरिकताको प्रमाणपत्र,

(ख) फर्म वा संस्था दर्ता प्रमाणपत्र,

(ग) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,

(घ) आयकर दर्ता प्रमाणपत्र,

(ङ) कर चुक्ता प्रमाण पत्र,

(च) व्यक्तिगत हैसियतमा मनसाय पत्र दिने भए आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालीम, अनुभव, हालसम्म सम्पादन गरेको कार्यविवरण खुल्ने गरी सम्बन्धित व्यक्तिको हस्ताक्षरले प्रमाणित गरेको व्यक्तिगत विवरण,

(छ) संस्थागत हैसियतमा दिने भए संस्थासँग सम्बद्ध व्यक्ति तथा संस्थाले उपलब्ध गराउन सक्ने विज्ञ व्यक्तिहरूको नामावली र त्यस्तो नामावली बमोजिमका व्यक्तिहरूको खण्ड (च) बमोजिमको व्यक्तिगत विवरण र सम्बद्ध संस्थाले हालसम्म सम्पादन गरेको कार्यविवरण खुलेको संस्थाको परिचय विवरण (प्रोफाइल)

(ज) आयोगले तोकेको अन्य कागजातहरू ।

**७. सूचीकृत गर्ने**: (१) आयोगमा प्राप्त मनसाय पत्रसाथ संलग्न कागजातको आधारमा आयोगले आफ्नो कामको प्रकृति, आयोगले सुम्पिने कामको जिम्मेवारी, आवश्यक पर्ने

विज्ञता, दक्षता, गहनता तथा शीघ्रता र हाल सम्म सम्पादन गरेको कार्यविवरण तथा निजको योग्यता समेतका आधारमा आयोगले विभिन्न विषयका विज्ञहरूको सूचितयार गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लखिएको भएतापनि आयोगको लागि आवश्यक परेको विषयमा ख्यातिप्राप्त कुनै व्यक्ति वा संस्थाले आयोगमा सूचिकृत हुन मनशाय पत्र पेश नगरेको भएतापनि त्यस्तो व्यक्ति वासंस्थालाई आयोगको जानकारीको आधारमा सूचिकृत गर्न कुनै बाधा पुगेको मानिने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापिन कुनै व्यक्ति वा संस्थाको नाम सूचिकृत गर्ने वा नगर्ने अधिकार आयोगमा निहित हुनेछ ।

**८. सूचीकृत नामावली प्रकाशन**ः यस निर्देशिका बमोजिम सूचिकृत गरिएको व्यक्ति वा संस्थाको नाम आयोगको सुचना पाटी र आयोगको वेभ साइट समेतमा राखिनेछ ।

**९. विज्ञ तथा विशेषज्ञको नियुक्ति**ः आयोगले आफ्नो काम सम्पादन गर्ने सिलसिलामा आवश्यकता अनुसार दफा ८ बमोजिम सूचिकृत गरिएको विज्ञ तथा विशेषज्ञहरू मध्येबाट कुनै व्यक्ति वा संस्थालाई कुनै निश्चित अवधि वा कुनै खास कार्य सम्पादन गर्नको लागि विज्ञको रूपमा नियुक्त गर्न सक्नेछ ।

**१०. विज्ञ तथा विशेषज्ञको सेवाका शर्तहरू**ः (१) आयोगले सत्य अन्वेषण, मेलमिलाप, परिपूरण, अनुसन्धान तथा आयोगले गर्ने अन्य कामको सिलसिलामा सेवा लिन चाहने विज्ञ तथा विशेषज्ञको सेवाका शर्तहरू आयोगले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सेवाका शर्त अनुसारको कार्य स्वतन्त्र एवं निष्पक्षरूपमा सम्पादन गर्नु विज्ञ तथा विशेषज्ञको कर्तव्य हुनेछ ।

(३) यस दफा बमोजिम सेवा प्रदान गर्ने विज्ञ तथा विशेषज्ञको कार्य सम्पादन सन्तोषजनक नभएमा आयोगले हेरफेर गर्न सक्नेछ ।

(४) गर्ने विज्ञ तथा विशेषज्ञको सेवाका शर्त सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

**११. विज्ञ तथा विशेषज्ञहरूको पारिश्रमिक तथा सुविधा**ः यस निर्देशिका बमोजिम नियुक्त विज्ञ तथा विशेषज्ञको पारिश्रमिक तथा सुविधा आयोगसँग भएको सम्झौता बमोजिम हुनेछ ।

## अनुसूची १

## विज्ञ र विशेषज्ञताको क्षेत्र तथा आवश्यक योग्यता

(१) नेपाल सरकारको विभिन्न सेवा समूहमा रही कम्तिमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त व्यक्तिहरू ।

(२) सर्वोच्च अदालत तथा नेपाल बार काउन्सिलबाट नाम दर्ता भै कानून व्यवसाय गरेका अधिवक्ताहरू,

(३) द्वन्द्व व्यवस्थापन, संक्रमणकालिन न्याय, मानव अधिकार, समाजशास्त्र, राजनीतिक शास्त्र, मानवशास्त्र समेतका विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धानमा सक्रिय व्यक्तिहरू ।

(४) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. वि.वि. एस. तथा एम.डि. गरेका अनुभवी चिकित्सकहरू ।

(५) स्नातक तह उत्तीर्ण गरी :

(क) मनो-सामाजिक परामर्शदाताका रूपमा अनुभव प्राप्त व्यक्तिहरू,

(ख) व्यालेष्टिक एक्सपर्ट, फरेन्सिक एक्सपर्टका रूपमा अनुभव प्राप्त व्यक्तिहरू ।

# सत्य निरुपण तथा मेलमिलाप आयोगको
# उजुरी छानविन कार्यविधि
# २०७३

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौं

# सत्य निरूपण तथा मेलमिलाप आयोगको उजूरी छानविन कार्यविधि २०७३

(आयोगबाट स्वीकृत मिति–२०७३।०७।०७)

**प्रस्तावना**ः सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको वारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सदभाव तथा सहिष्णुताको भावना अभिबृद्धि गर्दै दीगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्वन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्नको लागि गठित सत्य निरूपण तथा मेलमिलाप आयोगले गर्ने उजूरीको छानविन कार्यलाई सरल, व्यवस्थित र एकरूपता कायम गर्न छानविन सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहाय बमोजिमको कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यो कार्यविधिको नाम"उजूरी छानविन कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले सत्य निरूपण तथा मेल मिलाप आयोग नियमावली, २०७२ सम्झनुपर्छ ।

(ग) "आयोग" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ।

(घ) "निर्देशिका" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग छानविन निर्देशिका, २०७३ सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले उजूरी छानविन कार्यविधि,२०७३ सम्झनु पर्छ ।

(च) "उजूरीको छानविन" भन्नाले नियमावली बमोजिम आयोगबाट गरिने प्रारम्भिक तथा

विस्तृत छानविन समेतलाई सम्झनुपर्छ ।

(छ) "अनुसन्धान अधिकारी" भन्नाले ऐन, नियमावली तथा निर्देशिका बमोजिम सत्य अन्वेषण तथा छानविनको लागि आयोगद्वारा नियुक्त कुनै सदस्य, कार्यटोली वा उपसमिति सम्झनुपर्छ ।

## परिच्छेद-दुई

## उजूरी छानविन गर्ने व्यवस्था

**३. सामान्य व्यवस्था**ः (१) अनुसन्धान अधिकारीले ऐन, नियमावली, निर्देशिका र कार्यविधि बमोजिम उजूरीको छानविन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा देहायका व्यवस्थाहरूको पालना गर्नुपर्नेछः

(क) छानविनको कार्य घटनाको सत्य तथ्य पत्ता लगाउन केन्द्रित हुनुपर्नेछ ।

(ख) अनुसन्धान अधिकारीले आफूसंग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध रहेको कुनै पनि घटनाको छानविनमा संलग्न हुनु हुदैन ।

(ग) छानविन गर्दा माग र आवश्यकता अनुसार पीडित र साक्षीको परिचयात्मक विवरण गोप्य राख्नुपर्नेछ ।

(घ) छानविन गर्दा अग्राधिकार दिनुपर्ने घटनाका सम्बन्धमा शिघ्र छानविन गर्नुपर्नेछ ।

(ङ) छानविन गर्दा पीडित र साक्षीको सुरक्षाको सुनिश्चितता गर्नुपर्नेछ ।

(ङ) घटनामा संलग्न सवैको मानव अधिकारको सम्मान गर्नुपर्नेछ।

(च) सवुत प्रमाण संकलन गर्दा संकलित सवुत प्रमाण कानूनी रीतपूर्वकको हुनुपर्नेछ ।

(छ) पीडित वा साक्षीसँग छलफल वा सोधपुछ गर्दा पीडित वा साक्षीले निर्धक्कसँग आफ्ना कुरा राख्न सक्ने मैत्रीपूर्ण वा विश्वासको वातावरण निर्माण गर्नुपर्नेछ ।

(ज) पीडित वा साक्षीसँग सोधपुछ गरी निजकै शब्दमा वयान कागज अभिलेखिकरण गर्नुपर्नेछ।

(झ) आवश्यकता अनुसार पीडितलाई मनो-सामाजिक परामर्श सेवा उपलब्ध गराउनुका साथै निजको स्वास्थ्य परीक्षण गराउनुपर्नेछ ।

(ञ) पीडितको शारिरीक, मानसिक, मनोवैज्ञनिक र सामाजिक प्रभाव (असर)को

मूल्याङ्कन र आर्थिक, भौतिक क्षति यकीन हुने गरी छानविन गर्नुपर्नेछ ।

(ट) पीडितलाई तत्काल उपचार तथा उद्दारको आवश्यकता देखिएमा अनुसन्धान अधिकारी त्यसको लागि सक्रिय रहनुपर्नेछ ।

(ठ) उपलब्ध भएसम्म घटनाका प्रत्यक्षदर्शी र घटनाका जानकार व्यक्तिहरूसँग एकल वा सामूहिक रूपमा छलफल गरी निजहरूकै शब्दमा वयान कागज अभिलेखबद्ध गर्नुपर्नेछ।

(ड) छानविन क्रममा कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता र सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सुव्यवस्थामा खलल पर्ने वा छानविन प्रकृयालाई प्रतिकूल असर पार्ने काम कारवाही गोप्य गर्न सकिनेछ ।

(ढ) पीडित घाइतेको उपचारमा संलग्न स्वास्थ्यकर्मी, औषधी विक्रेता वा पीडितलाई संरक्षण दिने व्यक्तिसंग छलफल गरी निजकै शब्दमा वयान कागज अभिलेखिकरण गर्नुपर्नेछ।

(ण) घटनाको यथार्थ तथ्य जानकारी राख्ने व्यक्तिको पहिचानको निमित्त स्थानीय पत्रकारहरू, नागरिक समाजका अगुवाहरू र मानव अधिकारकर्मीहरूसँग छलफल गर्न सकिनेछ ।

(त) छानविन गर्न लागेको घटनाका सम्बन्धमा स्थानीय प्रहरी कार्यालयमा अपराधको सूचना दर्ता भए नभएको यकिन गरी स्थानीय प्रहरीले अपराध अनुसन्धान गरी संकलन गरेका कागज प्रमाणको प्रमाणित प्रतिलिपि वा सक्कलै फाईल झिकाउनुपर्नेछ ।

(थ) घटनाको तत्काल पछि सो घटनाका सम्बन्धमा प्रहरी वा कुनै निकायले अनुसन्धान गरेको भएमा अपराध अनुसन्धानमा संलग्न त्यस्तो प्रहरी कर्मचारी वा अन्य कर्मचारी, त्यस्तो कार्यालयको प्रमुखको पहिचान गरी निजसँग वयान कागज गराउनुपर्नेछ ।

(द) घटनाको प्रकृति अनुसार भौतिक प्रमाणको संकलन गर्नुपर्नेछ र प्राप्त भएका प्रमाणको आवश्यकता अनुसार वैज्ञानिक परीक्षण गराउनुपर्नेछ ।

(ध) संकलित प्रमाण नष्ट नहुने गरी सुरक्षित राखनु पर्नेछ ।

(न) घटनाका आरोपित व्यक्तिसंग सोधपुछ गरी वयान गराउनुपर्नेछ ।

(प) छानविनको कार्य गर्दा आवश्यकता अनुसार स्थानीय सरकारी कार्यालय वा सामाजिक संघ, संस्था र सुरक्षा निकायको सहयोग लिन सकिनेछ ।

(फ) छानविनको कार्यलाई सहज र नतिजामूखि बनाउन संभव भएसम्म सो घटनाका सम्बन्धमा अध्ययन अनुसन्धान गरी प्रतिवेदनको रूपमा प्रकाशित

गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी एवं गैर सरकारी संघ संस्थाका प्रतिवेदनहरू, तत्कालिन समयमा पत्रपत्रिकामा प्रकाशित समाचार हरूको खोजी र संकलन गर्न सकिनेछ ।

(ब) उजूरी छानविन गर्दा आवश्यकता अनुसार विषयगत विशेषज्ञको राय लिन सकिनेछ ।

(भ) उजूरी छानविन गर्दा आवश्यकता अनुसार उपलब्ध भएसम्म आधुनिक वैज्ञानिक संचार माध्यमको प्रयोग (भिडियो वार्तालाप आदि), पोलिग्राफ पद्दति तथा सार्वजनिक सुनुवाईसमेत गर्न सकिनेछ ।

(म) सत्य तथ्य पत्ता लगाउन आवश्यकता अनुसार सार्वजनिक सूचनासमेत आह्वान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था पालना गरी उपलब्ध भएसम्मका सवै प्रकारका सबुत प्रमाण संकलन गर्ने, एकै व्यक्तिको विरोधाभाषपूर्ण व्यहोरा भएमा तथ्य स्पष्ट हुने गरी वयान कागज गराउने र एउटा प्रमाणले अर्कोलाई परिपुष्टि गर्ने गरी प्रमाण संकलन गरी अनुसन्धान अधिकारी एउटा निश्चित निचोडमा पुग्नुपर्नेछ ।

**४. बलात्कार तथा यौनजन्य हिंसा सम्बन्धी विशेष व्यवस्थाः** बलात्कार तथा यौनजन्य हिंसा सम्बन्धी उजूरीको छानविन गर्दा देहायका व्यवस्थाहरूको पालना गर्नु पर्नेछ;

(क) उजूरीको छानविन महिला मात्र सम्मिलित अनुसन्धान अधिकारी वा महिलासमेत संलग्न भएको अनुसन्धान अधिकारीबाट गर्ने,

(ख) पीडितको परिचयात्मक विवरण गोप्य राख्ने, यसरी गोपनीयता कायम गर्दा दफा २० को कार्यविधि पालना गर्ने,

(ग) उजूरीको छानविन गर्दा अग्राधिकार दिने, यसरी अग्राधिकार दिँदा दफा २१ को कार्यविधि पालना गर्ने,

(घ) पीडितको सुरक्षाको सुनिश्चितता गर्ने, यसरी सुरक्षाको सुनिश्वितता गर्न दफा ११ को कार्यविधि पालना गर्ने,

(ङ) पीडितले निजसँग सम्बन्धित घटनाको छानविनको वारेमा जानकारी माग गरेमा प्रचलित कानूनको अधिनमा रही माग गरेको विवरण उपलब्ध गराउने,

(च) पीडितसँग सम्पर्क गर्दा पीडित बाहेक अरूलाई पनि जानकारी भएमा पीडितको पारिवारीक तथा सामाजिक सुसम्बन्धमा असर पर्ने भएमा पीडितले मात्र जानकारी पाउने गरी मोवाईल फोन वा पीडितलाई कुनै कर्मचारी मार्फत

एक्लै भेट गरी सम्पर्क गर्ने,

(छ) पीडितलाई बुझी कागज गराउदा पीडितले रोजेको व्यक्ति मात्र साथमा रहने गरी आयोग वा आयोगको मुकाममा महिला कर्मचारीले पीडितलाई सहज हुने गरी वयान कागज गराउने,

(ज) उजूरी छानविनको क्रममा तत्काल बलात्कार तथा यौनजन्य हिंसाबाट पीडितको स्वास्थ्य परीक्षण, उपचार, उद्दार गर्नु परेमा गोपनीयता कायम हुने गरी दफा १४ मा उल्लेख भए बमोजिम आवश्यकता अनुसार शरीरिक र मानसिक जाँच र वैज्ञानिक परीक्षण गराई प्रतिवेदन लिने,

(झ) पीडितको सहमति विना श्रव्यदृष्य सम्वाद अभिलेख नगर्ने,

(ञ) बलात्कार तथा यौनजन्य हिंसाबाट पीडितको वयान कागज गराउदा शिष्ट, सभ्य र मर्यादित भाषाको प्रयोग गर्ने ।

## परिच्छेद-तीन
## उजूरी छानविन गर्ने सम्बन्धी कार्यविधि

**५. पीडित, साक्षी वा आरोपित व्यक्तिलाई उपस्थित गराउने**: (१) पीडित वा साक्षीलाई नियमावलीको नियम १५ र निर्देशिकाको दफा २१ बमोजिम अनुसन्धान अधिकारीले आयोग वा आयोगको मुकाममा उपस्थित गराई बुझ्न सक्नेछ ।

तर, महिला, वालवालिका, अपाङ्ग, जेष्ठ नागरिक वा अन्य कुनै कारणले अशक्त पीडित वा साक्षीको हकमा निजहरूको अवस्थासमेतलाई विचार गरी अनुसन्धान अधिकारीले पीडितलाई सहज हुने गरी बयान कागज गराउनु पर्नेछ ।

(२)छानविनको क्रममा अनुसन्धान अधिकारीले आरोपित व्यक्तिलाई ऐनको दफा १४, नियमावलीको नियम १५ र निर्देशिकाको दफा २० बमोजिम आयोग वा आयोगको मुकाममा उपस्थित गराई वयान लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका व्यक्तिहरूलाई आयोग वा आयोगको मुकाममा उपस्थित गराउदा सामान्यतया छानविन गर्दा अग्राधिकार दिनुपर्ने उजूरीका हकमा बाटाको म्याद बाहेक ३ दिन र अन्य उजूरीका हकमा बाटाको म्याद बाहेक ७ दिनको समय दिनुपर्नेछ ।

तर, कावु वाहिरको परिस्थिति परी उल्लिखित समयावधिभित्र उपस्थित हुन नसकेको कारण खुलाई निवेदन दिएमा आयोगले म्याद थप गर्न सक्नेछ ।

**६. आधिकारिक निकायमा रहेका अभिलेख वा कागजात मगाउने**: (१) उजूरीसँग

सम्बन्धित घटनाका विषयमा कुनै प्रहरी कार्यालय वा अनुसन्धान गर्ने अन्य निकायमा अपराधको सूचना दर्ता भई अनुसन्धान तहकीकात भए नभएको सम्बन्धित ईलाकाको कार्यालयसँग बुझी सो घटनाका सम्बन्धमा अनुसन्धान गर्ने कार्यालयले तयार गरेको प्रमाण कागज सहितको सक्कलै मिशिल वा सोको प्रमाणित प्रतिलिपि मगाउनु पर्नेछ ।

(२) उजूरीसँग सम्बन्धित घटनाका बिषयमा कुनै न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा परी विचाराधिन रहे नरहेको वा फैसला भए नभएको सम्बन्धमा उजूरीको प्रकृति अनुसार त्यस्ता निकायमा पत्राचार गरी बुझी मुद्दा दर्ता, फैसला र फैसला कार्यान्वयन सम्बन्धी कागजातका प्रमाणित प्रतिलिपि र कारवाही सम्बन्धी विवरण मिशिल सामेल गर्नु पर्नेछ ।

(३) पीडितसँग उपलब्ध प्रमाणका लागि सहयोगी कागजात, प्रमाणहरू जस्तैः परिचयपत्र, स्थानीय निकायको सिफारिस, राहत बुझेको प्रमाण, फोटो वा अन्य कागजातहरूको प्रमाणित प्रतिलिपि संकलन गर्नु पर्नेछ ।

(४) घटनाका सम्वन्धमा स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिका, रेडियो, टेलिभिजनमा प्रकाशित तथा प्रशारित समाचारहरू संभव भएसम्म संकलन गर्नु पर्नेछ ।

(५) सम्पत्ति कव्जाको सन्दर्भमा मालपोत तथा नापी कार्यालयका कागजातहरू तथा द्वन्द्वरत पक्षहरूले तयार गरेको निर्णयहरू उपलब्ध भएसम्म संकलन गर्नु पर्नेछ ।

(६) द्वन्द्वरत पक्षहरूले जारी गरेका आदेश, विज्ञप्ति, परिपत्र तथा सूचनाहरू उपलब्ध भएसम्म संकलन गर्नु पर्नेछ ।

(७)यस दफा बमोजिम कागजातहरू संकलन गर्न आयोगबाट प्राप्त निर्देशनका अधिनमा रही आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन वाप्रशारण गरी, कागजात संकलनको व्यवस्था मिलाउन सक्नेछ । त्यस्तो सूचना तथा प्रमाण दिने व्यक्तिको आवश्यकता अनुसार नाम, वतन तथा पहिचान गोप्य राख्ने गरी सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम कागजातहरू संकलन गरी सकेपछि अनुसन्धान अधिकारीले त्यस्ता कागजातहरूको आवश्यकतानुसार सत्यता र आधिकारिकता जाँचवुझ गर्न सक्नेछ ।

**७. उजूरीको सनाखत, सोधपुछ, वयान कागज गराउने**ः (१) छानविनको लागि तोकिएका उजूरीहरूमा उजूरीकर्ताले सहीछाप नगरेको उजूरी रहेको भए उजूरीको सनाखत गराई सहिछाप गराउनु पर्नेछ ।

(२) छानविन गर्न लागिएको उजूरी अध्ययन गर्दा उजूरीमा खुलाउनुपर्ने सम्पूर्ण विवरण नखुलाएको वा थप तथ्य खुलाउन आवश्यक देखिएमा उजूरीकर्तासँग सोधपुछ

गरी थप कागज गराई सहिछाप गराउनु पर्नेछ ।

(३) घटनाको विषयवस्तुको आधारमा आवश्यकता अनुसार उपलब्ध भएसम्म घटनाको जानकारी भएका पीडित, पीडितका नजिकका साथी, घटना भएको स्थानका वासिन्दाहरू,घटनाका प्रत्यक्षदर्शी व्यक्तिहरू र अनुसन्धान अधिकारीले उपयुक्त सम्झेका अन्य व्यक्तिहरूको वयान कागज गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सोधपुछ वा वयान कागज गराउँदा पूर्ण रूपमा सुरक्षाको अनुभूति गराई पीडितमैत्री वतावरणमा सभ्य र मैत्रीपूर्ण व्यवहार गरी एकल, सामूहिक वा रोहवरमा राखीपीडित वा साक्षी वा निजका परिवारका सदस्यको घटना विवरण सुनी पीडित वा साक्षीकै शब्दमासो विवरणको अभिलेखिकरण र पीडित वा साक्षीको स्वीकृतिमा सम्वाद अभिलेखबद्ध गर्नुपर्नेछ ।

(५) अनुसन्धान अधिकारीले पीडित, उजुरवाला र छानविनमा सहयोग गर्ने व्यक्तिलाई घटनाको यथार्थ जानकारी वा विबरण दिन अभिप्रेरित गर्दै आयोगको काम प्रति विश्वास दिलाउनुपर्नेछ ।

**८. जानकारी गराउने**ः दफा ७ बमोजिम सोधपुछ वा वयान कागज गराउनु भन्दा पहिले पीडित वा साक्षीलाई देहायको विषयमा जानकारी दिनु पर्नेछः

(क) गोपनीयता कायम राख्नु पर्ने उजुरीमा उजूरवाला, पीडित र सम्बद्ध व्यक्तिको पहिचान गोप्य राखिने,

(ख) आरोपित व्यक्तिको विरूद्धमा उजुरी सम्बन्धी कारवाहीमा पीडितले कुनै खर्च व्यहोर्न नपर्ने

(ग) घटना हुनुमा पीडितको कुनै दोष नहुने,

(घ) पीडितलाई आवश्यकता अनुसार उद्धार र सुरक्षा उपलब्ध गराउन सकिने,

(च) पीडितलाईमनो–सामाजिक परामर्श वा अन्य सहयोग उपलब्ध हुनसक्ने,

(छ) नियमावलीको नियम ३० को उपनियम (१०) बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने,

(ज) अन्य आवश्यक कुरा, आदि ।

**९. सोधपुछ वा वयान कागज गराउँदा ध्यान दिनु पर्ने कुराहरू**ः (१) अनुसन्धान अधिकारीले उजूरीको छानविन गर्ने क्रममा सोधपुछ (ष्लतभचखष्भध) गर्दा वा वयान कागज गराउँदा देहायका विषयहरूमा ध्यान दिनु पर्नेछः

(क) सम्वन्धित व्यक्तिको आत्मसम्मानमा आँच नआउने गरी गराउनु पर्ने,

(ख) उपलब्ध भएसम्म बेग्लै कोठा र उपलब्ध नभएमा गोप्यता कायम हुने व्यवस्था गर्नुपर्ने,

(ग) पीडितको चाहना भएमा वा निजका परिवारका सदस्य वा निजले रोजेको व्यक्तिको उपस्थितिले सोधपुछ तथा बयानको कार्यलाई थप सहज बनाउनसक्ने देखिएमा पीडितका परिवारका सदस्य वा रोजेका व्यक्तिको रोहवरमा सोधपुछ वा बयान कागज गराउनुपर्ने,

(घ) सोधपुछ गर्दा वा बयान कागजगराउँदा संभव भएसम्म लगातार गराउनुपर्नेछ र बालबालिकाको हकमा प्रचलित बालन्याय कार्यविधि नियमावली, २०५४ को कार्यविधि अनुसरण गर्नुपर्ने,

(ङ) अस्पतालमा उपचाररत व्यक्तिसंग सोधपुछ वा बयान कागज गराउँदा अस्पतालमा नै गएर सम्बन्धित स्वास्थकर्मीको स्वीकृतिमा भरसक अस्पतालका कर्मचारी र संरक्षकको रोहवरमा गराउनु पर्ने,

(च) महिलासँग सोधपुछ वा बयान कागज लिँदा उपलब्ध भएसम्म महिला कर्मचारी वा कुनै समाजसेवी महिलाको उपस्थितिमा गराउनु पर्ने,

(छ) सोधपुछ वा वयान कागज गराउँदा कुनै पूर्वाग्रह वा आग्रहको भावना नराख्ने,

(ज) सोधपुछ वा बयान कागजलाई लिपिबद्ध गर्नुको अतिरिक्त गोपनीयता कायम गरी सम्बन्धित व्यक्तिको स्वीकृतिमा आवश्यकता अनुसार उपलब्ध भएसम्म श्रव्य दृश्य सम्वाद अभिलेखबद्ध गर्ने,

(झ) अपाङ्गता भएका व्यक्तिको वयान कागज गराउनु पर्दा आवश्यकता अनुसार दोभाषे वा निजको ईशारा, संकेत, भाषा बुझ्ने परिवारका सदस्य वा संरक्षकको रोहवरमा निजको क्षमता अनुसारका उपायहरू अबलम्बन गर्नुपर्ने,

(ञ) सोधपुछ वा वयान कागज गराउँदा कसले, कसलाई, के, किन, कसरी, कहाँ र कहिले भन्ने विषयको जवाफ खोज्नु पर्नेछ ।

(२) पीडित वा अन्य साक्षीहरूको कागज वा बकपत्र गराउने सम्बन्धमा निर्देशिकाको दफा २१ र दफा २३ का व्यवस्थाहरू अबलम्बन गर्नु पर्नेछ ।

(३) आरोपित व्यक्तिको वयान गराउदा निर्देशिकाको दफा २० र दफा २२ का कार्यविधिहरूको प्रयोग र पालना गर्नु पर्नेछ।

(४)पीडित, साक्षी वा आरोपित व्यक्तिको वयान कागज गराईसके पछि निजले गरेको कागज पढेर सुनाई, मतलब बुझाई सहिछाप गराई सुरक्षित राख्नु पर्नेछ।

**१०. मानिस सनाखत गराउने**: आरोपित व्यक्तिलाई पीडित वा अन्य जानकार मानिसबाट सनाखत गराउनु परेमा उपलब्ध भएसम्मका तीन जना व्यक्तिहरूको साथमा त्यस्तो सनाखत गराउनु पर्ने आरोपित व्यक्तिलाई उभ्याई सनाखत गराउनु पर्नेछ ।

**११. पीडित,साक्षी र छानविनमा सहयोग गर्ने व्यक्तिको सुरक्षा गर्ने**: उजूरीकर्ता,

पीडित, साक्षी वा छानविनमा सहयोग गर्ने व्यक्तिको सुरक्षा र संरक्षण सम्बन्धमा नियमावलीको नियम ३० र निर्देशिकाको दफा ३० मा उल्लेख भए अनुसार गर्नु पर्नेछ । यसरी सुरक्षाको व्यवस्था मिलाउँदा कुनै अवरोध आई परेमा अनुसन्धान अधिकारीले आयोगमा छिटो माध्यमबाट जानकारी गराउनु पर्नेछ र त्यसरी जानकारी प्राप्त हुन आएमा आयोगले सुरक्षाको यथोचित व्यवस्था मिलाउनेछ ।

**१२. खानतलासी तथा बरामद गर्ने**: (१) कुनै घटनाका सम्बन्धमा छानविन गर्ने अनुसन्धान अधिकारीले त्यस्तो घटनासँग सम्बन्धित कुनै ब्यक्ति, घर वा ठाऊँ र घटनासँग सम्वन्धित कुनै दशी प्रमाण कुनै ब्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो ब्यक्ति वा ठाउँको खानतलासी गर्नुपर्नेछ।

(२) अनुसन्धान अधिकारीले खानतलासी गर्नु भन्दा अगाडि सम्वन्धित घर वा ठाऊँमा प्रवेश गर्नु पर्ने कारण सहितको प्रवेश मुचुल्का वा खानतलासीको जनाउ दिएर मात्र गर्नुपर्नेछ।

(३) खानतलासी गर्दा व्यक्तिको मर्यादाको ख्याल गरी धन सम्पत्तिको हानी नोक्सानी नहुने गरी गर्नुपर्नेछ। महिलाको शरीरको खानतलासी गर्दा महिला कर्मचारी वा कुनै समाजसेवी महिलाद्वारा गर्नु गराउनुपर्नेछ।

(४) खानतलासी वा बरामदी मुचुल्का स्थानीय व्यक्तिको रोहवरमा गर्नुपर्नेछ र स्थानीय व्यक्ति रोहवरमा बस्न नमानेमा वा स्थानीय व्यक्ति उपलब्ध नभएमा खानतलासी तथा वरामदी मुचुल्कामा सोही व्यहोरा जनाई उपस्थित कर्मचारी वा व्यक्तिको दस्तखत गराउनु पर्नेछ ।

(५) खानतलासी तथा बरामदी गर्नु भन्दा पहिले खानतलासी तथा बरामदी गर्ने अनुसन्धान अधिकारीले उपदफा (४) बमोजिम स्थानीय व्यक्तिहरूलाई साक्षी राखी आफ्नो शरीरको खानतलासी गराई नियमावलीको अनुसूची–६ बमोजिमको ढाँचामा प्रवेश मुचुल्कामा व्यहोरा जनाई घर, ठाऊँ वा व्यक्तिको खानतलासी गर्नु पर्नेछ।

(६) खानतलासी तथा बरामदी गर्दा घटनासँग सम्वन्धित कुनै दशी प्रमाण फेला पर्न आएमा त्यसरी फेला पर्न आएका दशी प्रमाणको विवरण खोली वा कुनै दशी प्रमाण फेला पर्न नआएमा सोही व्यहोरा खोली उपदफा (४) बमोजिम स्थानीय व्यक्तिहरूलाई साक्षी राखी नियमावलीको अनुसूची ७ बमोजिमको ढाँचामा मचुल्का खडा गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम बरामद भएको दशी प्रमाण आफूले लैजान परेमा अनुसन्धान अधिकारीले त्यस्तो दशी प्रमाण बुझेको दुई प्रति भरपाई तयार गरी कार्यालयको भए जिम्मेवार पदाधिकारीलाई र कसैको घर कम्पाउण्डको भए घरधनी, मालसामान धनी वा कागजात वा मालसामानको जिम्मा लिएको व्यक्तिलाई एक प्रति दिनु पर्नेछ ।

(८) बरामद भएका दशी प्रमाण अनुसन्धान अधिकरीले राख्न सुरक्षाको दृष्टिकोणले उपयुक्त नहुने देखेमा खोजेका वखत बुझाउने गरी स्थानीय सुरक्षा प्रशासनमा जिम्मा दिई भरपाई लिनु पर्नेछ ।

(९) घटनासँग सम्वन्धित कुनै ब्यक्ति, घर वा ठाउँको खानतलासी तथा वरामदी गर्दा कसैले अबरोध सिर्जना गरे सम्वन्धित अनुसन्धान अधिकारीले सो व्यक्ति, घर वा ठाउँमा रहे वसेका व्यक्तिहरूलाई संम्झाई हट्ने सूचना वा मौका दिई स्थानीय प्रशासनको सहयोगमा आवश्यकता अनुसार वाहिरी वा भित्री झ्याल ढोका वा छेस्कीनी, ताला खोली, तोडी फोडी भित्र पसी खानतलासी लिन हुन्छ।

(१०) उपदफा (८) बमोजिम असहज परिस्थितिमा खानतलासी तथा बरामद गरेकोमा यसको वस्तुस्थिति चित्रण गरी मौका मुचुल्कासमेत गर्नु पर्नेछ ।

(११)खानतलासी तथा बरामदी सम्बन्धी अन्य व्यवस्था नियमावलीको नियम १९ र निर्देशिकाको दफा २४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१३.दशी सनाखत गराउने**: (१) खानतलासी तथा बरामदी मुचुल्का बमोजिम बरामद भएका दशी वा मालसामान घटनासँग सम्बन्धित भए नभएको वा घटनामा प्रयोग भए नभएको यकिन गर्न सम्बन्धित पीडित वा जानकार व्यक्तिबाट सो दशी प्रमाण नै देखाई सनाखत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दशी सनाखत गराउदा दफा १२ को उपदफा (४) बमोजिम स्थानिय व्यक्तिहरूलाई रोहवरमा राखी सनाखत मुचुल्कासमेत तयार गरी अनुसन्धान अधिकारीले प्रमाणित गरी मिशिल संलग्न गर्नु पर्नेछ ।

**१४.शारीरिक वा मानसिक जाँच गर्ने**: (१) घटनाको बारेमा पीडितसँग सोधपुछ गरेपछि अपराधको प्रकृति अनुसार पीडितको स्वास्थ्य परीक्षण गरी थप सबुत प्रमाण संकलनको लागि वा थप उपचार गर्न आवश्यक भएमा अनुसन्धान अधिकारीले पीडितको स्वास्थ्य परीक्षणतथा उपचारको लागि नजिकको वा पायक पर्ने अस्पताल वा स्वास्थ्य क्न्द्रमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पीडितको स्वास्थ्य परीक्षण गर्न पठाउँदा अनुसन्धान अधिकारीले पीडितको गोपनीयताकायम हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) पीडितलाई स्वास्थ्य परीक्षण गर्नपठाउँदा अनुसन्धान अधिकारीले स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्यकर्मी वा चिकित्सकलाई उजूरी सम्बन्धी घटनाको बारेमा पूर्व जानकारी गराउनु पर्नेछ ।

(४)पीडितको स्वास्थ्य परीक्षण सम्बन्धी कार्य उपलब्ध भएसम्म विशेषज्ञ चिकित्सकबाट गराउनु पर्नेछ ।

(५) पीडितको स्वास्थ्य परीक्षणको प्रतिवेदन सम्बन्धित चिकित्सक वा स्वास्थकर्मीले यथाशिघ्र अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम आफ्नो स्वास्थ्य परीक्षण प्रतिवेदन पीडितले चाहेमा प्राप्त गर्न सक्नेछ ।

तर, त्यस्तो प्रतिवेदन पीडितका परिवारलाई उपलब्ध गराउँदा उजूरीको छानविनमा प्रतिकूल असर पर्नसक्ने वा गोपनीयता भङ्ग हुनसक्ने संभावना भएमा अनुसन्धान अधिकारीले स्वास्थ्य परीक्षणको प्रतिवेदन गोप्य राख्नसक्नेछ ।

**१५.उद्दार तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने**ः अनुसन्धान अधिकारीले आवश्यक परेका पीडितलाई उद्दार, स्वास्थ्य उपचार वा मनोसामाजिक परामर्श सेवा लगायतको व्यवस्थाको लागि पहल गर्नु पर्नेछ ।

**१६.वैज्ञानिक परिक्षण गराई प्रतिवेदन लिने**ः (१) उजूरी छानविनको क्रममा बरामद भएका वा प्राप्त भएका दशी प्रमाण तथा अन्य परिस्थितिजन्य प्रमाणको विधिविज्ञान प्रयोगशालामा परीक्षण गराउनुपर्ने भएमा परीक्षणको लागि सुरक्षित ढंगले प्याकिङ्ग गरी पीडितको पहिचान गोप्य रहने गरी आयोगको स्वीकृतिमा परीक्षण गर्न पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमपरीक्षणको लागि पठाइएका प्रमाण प्रयोगशालाले यथाशिघ्र परीक्षण गरी सोको प्रतिवेदन गोप्य रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रमाण परीक्षणको लागि पठाउँदा बिशेषज्ञबाट परिक्षण गरी प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

**१७.उत्खनन् गर्ने**ः कुनै स्थानको उत्खनन् गर्नु पर्ने भएमा अनुसन्धान अधिकारीले निर्देशिकाको दफा २५ मा उल्लेख भए बमोजिमको प्रक्रिया र कार्यविधिको प्रयोग र पालना गर्नु पर्नेछ ।

**१८.स्थलगत अध्ययन, नाप, नक्सा, क्षतिको मूल्याङ्कन गर्ने**ः (१) कुनै स्थानको स्थलगत अध्ययन गरी प्रतिवेदन लिनु परेमा आयोगको स्वीकृति लिई स्थलगत अध्ययन गरी तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) जग्गा जमिन, घर टहराको नापनक्सा गर्नु परेमा स्थानीय नापी कार्यालयसँग समन्वय गरी नापनक्सा गरी वस्तुस्थिति यकीन गर्न सकिनेछ यसरी नाप नक्सा गर्दा दफा १२ को उपदफा (४) बमोजिम स्थानीय व्यक्तिहरूको रोहवरमा नाप नक्सा मुचुल्का गर्नुपर्नेछ ।

(३) नोक्सान भएको धनमाल वा सम्पत्तिको क्षतिको मूल्याङ्कन गर्नु परेमा स्थानीय सरकारी कार्यालयका प्राविधिक वा आयोगबाट सुचिकृत सम्बद्ध विज्ञको सहयोग लिई क्षतिको मूल्याङ्कन गराई प्रतिवेदन लिनुपर्नेछ।

(४) स्थलगत अध्ययन, नाप नक्सा वा सम्पत्ति क्षतिको मूल्याङ्कन गर्ने सन्दर्भमा सम्बन्धित कार्यालयबाट आवश्यक सरकारी अभिलेखको प्रतिलिपी लिनुका साथै सम्पत्तिको कुनै सरकारी अभिलेख नरहेकोमा सरजमिन मुचुल्का गरी क्षतिको मूल्याङ्कन गर्नुपर्नेछ ।

(५) स्थलगत अध्ययन, नाप–नक्सा वा सम्पत्ति क्षतिको मूल्याङ्कन र सो को विश्लेषण गर्नको निमित्त आयोगबाट सूचीकृत भएका विज्ञ वा विशेषज्ञको सेवा लिन सकिनेछ ।

**१९.सार्वजनिक सुनुवाई गर्ने**ः सार्वजनिक सुनुवाई गर्ने कार्यविधि आयोगबाट निर्धारण गरिएबमोजिम हुनेछ ।

**२०.गोपनीयता कायम गर्ने**ः (१) उजूरीकर्ता वा पीडितको विवरण गोप्य राख्ने सम्बन्धमा निर्देशिकाको दफा ८ को व्यवस्था पालना गर्नुपर्नेछ।

(२) प्रचलित कानून बमोजिम पक्षको गोपनीयता कायम गर्नु पर्ने प्रकृतिका उजूरी जस्तै बलात्कार तथा यौनजन्य हिंसामा परेका पीडित, बालबालिका पक्ष भएका, एच.आई.भी ् एड्सबाट प्रभावित वा अन्य रोगबाट सङ्क्रमित व्यक्ति र उजूरीकर्ताले उजूरीको छानविनमा गोपनीयता राखी पाऊँ भनी निवेदनमा उल्लेख गरेका उजूरीहरूको छानविन गर्दा उजूरीकर्ता, पीडित, निजको परिवार तथा आयोगलाई सहयोग गर्ने अन्य व्यक्तिको परिचयात्मक विवरण छानविनका सवै चरण, आयोगका काम कारवाही र आयोगको निर्णय कार्यान्वयनमा समेत गोप्य राख्नु पर्नेछ ।

**स्पष्टीकरण**ः यस खण्डको प्रयोजनको लागि परिचयात्मक विवरण भन्नाले सम्बन्धित व्यक्ति र निजको परिवारका सदस्यको नाम, थर वतन, लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्वद्ध विवरणहरूलाई जनाउने छ ।

(३) उपदफा (२) बमोजिम व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्दा अनुसन्धान अधिकारीले सम्बन्धित व्यक्तिको उपस्थितिमा निजको पहिचान नखुल्ने गरी कुनै सांकेतिक नाम संकेत वा नम्बर उल्लेख गरी सम्बन्धित कागजातको प्रतिलिपि खडा गरी निजको वास्तविक परिचय खुल्ने उजूरी र अन्य कागजात छुट्टै खाममा बन्द गरी शीलबन्दि गरी राख्नु पर्नेछ।

(४) यसरी सांकेतिक नाम संकेत वा नम्बर दिने प्रयोजनको लागि प्रत्येक अनुसन्धान अधिकारीलाई आयोगबाट निर्धारण गरिए बमोजिमको गोप्य परिचयात्मक विवरण उपलब्ध गराइनेछ ।

(५) सम्बन्धित व्यक्तिलाई परिवर्तित परिचयात्मक विवरणअनुसारको परिचयपत्र दिई छानविन लगायत आयोगले गर्ने कामकारवाही परिवर्तन गरेको विवरण अनुसार गर्नुपर्नेछ ।

(६) निर्देशिकाको दफा ८ को उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक बाक्यांशमा उल्लिखित अवस्थाका अतिरिक्त कानूनबमोजिम खुल्ला गर्न आवश्यक ठह्ऱ्याई गोप्य राख्नुपर्ने अधिकारीले अनुमति दिएमा वा स्वच्छ न्यायिक सुनुवाईको संरक्षणका लागि आवश्यक देखिएमा वास्तविक नाम थर, ठेगानाअनुरूप नै कामकारवाही गर्न सकिनेछ ।

**२१. छानविन गर्दा अग्राधिकार दिने**ः (१) अनुसन्धान अधिकारीले छानविनको लागि आफूलाई तोकिएका उजूरीहरू नियमावलीको नियम १४ र निर्देशिकाको दफा १० बमोजिम छानविनमा अग्राधिकार दिने उजूरीको क्रम निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्रमको आधारमा क्रमशः उजूरीको छानविन गरी प्रतिवेदन बुझाउनु पर्नेछ ।तर अघिल्लो क्रमको उजूरीको छानविन गरी प्रतिवेदन बुझाउन परीक्षण प्रतिवेदन प्राप्त हुन, विषय विज्ञको राय प्राप्त हुन बाँकी रहेको वा अन्य कारणले बढी समय लाग्ने भएमा सो उजूरीको छानविन कार्यलाई जारी राखी सोही क्रमको अर्को उजूरी वा सो भन्दा तल्लो क्रमको उजूरीको छानविन प्रक्रिया प्रारम्भ गर्न सकिनेछ ।

(३) अनुसन्धान अधिकारीले बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति समावेश भएका उजूरीका सम्बन्धमा कागज वा बकपत्र गराउन त्यस्ता व्यक्तिलाई आयोग वा मूकाममा उपस्थित गराउन बढी समय लाग्ने, असहज वा अव्यवहारिक हुने देखेमा दफा ४ को खण्ड (च) को अधिनमा रही पीडितलाई सहज हुने गरी कागज वा बकपत्र गराउन पर्नेछ ।

(४) मनासिब आधार वा कारण बेगर छानविनमा अग्राधिकार दिने उजूरीको क्रम मिच्न हुदैन ।

**२२. राय सहितको प्रतिवेदन**ः (१) माथि विभिन्न दफाहरूमा उल्लेख भए बमोजिम उजूरीको छानविन गरी सवुत प्रमाण संकलन गरे पछि अनुसन्धान अधिकरीले छानविन प्रतिवेदनमा प्राप्त प्रमाण कागजात, तथ्याङ्क, अभिलेख वा प्रतिवेदन आदिको अध्ययन विश्लेषण गरी उजूरी सम्बन्धी घटना घटेको हो, होईन, को कसले के कसरी सो घटना घटाएका हुन, घटनाबाट के कस्तो हानी नोक्सानी वा परिणाम आयो आदि विषयको तथ्यपरक ढंगले स्थापित तथ्यको उल्लेख गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको घटनाको तथ्यका साथै अनुसन्धान अधिकारीले आयोगसमक्ष पेश गर्ने छानविन प्रतिवेदनमा के कुन तथ्य प्रमाणका आधारमा प्रस्तुत उजूरी तामेलीमा जाने हो, होईन, वा को कसलाई के कस्तो परिपूरण को कसबाट उपलब्ध गराउनु पर्ने हो वा सो उजूरी सम्बन्धी घटनामा क्षमादानको सिफारिस हुन सक्छ सक्दैन, वा पीडित र पीडक विच मेलमिलाप हुन सक्छ सक्दैन, वा कुन कुन पीडकलाई के कस्तो कानूनी कारवाहीको सिफारिस गर्नु पर्ने नपर्ने आदि विषयमा स्पष्ट राय पेश

गर्नुपर्नेछ ।

(३) उजूरीको छानविन पश्चात अनुसन्धान अधिकारीले आयोगसमक्ष पेश गर्ने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त सो घटना हुनुको अन्तर्निहित कारण र भविष्यमा यस्ता घटना हुन नदिन अपनाउनु पर्ने उपायका सम्बन्धमा सुझावसमेत प्रस्तुत गर्नुपर्नेछ ।

(४) उजूरी छानविनको सिलसिलामा उल्लेखनीय सहयोग गर्ने व्यक्तिहरूले गरेको कार्यको विवरण सहित पुरस्कार दिनु पर्ने भए सो को सिफारिसका साथै छानविन कार्यमा असहयोग वा अवरोध गरेको कारण सजाय गर्नुपर्ने भए त्यसको विवरणसमेत राय सहितको प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(५) अनुसन्धान अधिकारीले आयोगसमक्ष पेश गर्ने छानविन प्रतिवेदन नियमावलीको अनुसूची-८ र निर्देशिकाको अनुसूची-७ मा तोकेको ढाँचामा हुनुपर्नेछ ।

## परिच्छेद-चार
## विविध

**२३. अनुसन्धान अधिकारीले आफ्नो विज्ञता प्रयोग गर्ने**ः ऐन, नियमावली, निर्देशिका वा यस कार्यविधिको प्रतिकूल नहुने गरी अनुसन्धान अधिकारीले आफ्नो विज्ञता प्रयोग गरी आवश्यकता अनुसार अन्य उपयुक्त छानविन विधि प्रयोग गर्न सक्नेछन् ।

**२४. पीडित र आरोपित व्यक्तिका विचमा भेटघाट तथा संवाद**ः आरोपित व्यक्तिलाई पीडितबाट सनाखत गराउनुपर्ने अवस्थामा बाहेक सामान्यतया पीडित र आरोपितको विचमा भेटघाट गराउनु हुँदैन ।

तर, कुनै घटनामा पीडित र आरोपित व्यक्तिका विच मेलमिलाप गराउन, क्षमादान र परिपूरणको सिफारिस गर्न पीडित र आरोपितका विचमा सम्वाद हुन जरूरी भएकाले पीडितको सहमति र तरिका अनुरूप पीडित र आरोपितका विचमा प्रत्यक्ष वा भिडियो वार्तालापको माध्यमबाट संवाद गराउन सकिन्छ ।

**२५. दोभाषेको सहयोग**ः अनुसन्धान अधिकारीले सोधपुछ वा बयान लिने भाषा पीडित तथा आरोपित व्यक्तिले बुझी सोधेको प्रश्नको जवाफ दिन नसक्ने अवस्था परेमा अनुसन्धान अधिकारीले निजले बुझ्ने भाषामा सरल रूपमा सोधपुछ गर्ने वा आवश्यकता अनुसार दोभाषेको सहयोग उपलब्ध गराउनु पर्नेछ । यसरी दोभाषेको सहयोग लिएमा निजको नाम, थर, वतन, पेशा खुलाई सहिछापसमेत प्रमाणित गराई राख्नुपर्नेछ ।

**२६.आरोपित व्यक्तिको पहिचान सम्बन्धी विवरण**ः छानविनको क्रममा आरोपित व्यक्तिको पहिचान खुल्ने विवरण जस्तैः मतदाता परिचयपत्र, सवारीचालक अनुमतिपत्र,

राहदानी, नागरिकताको प्रतिलिपि वा नेपाल सरकारको कुनै कार्यालयबाट जारी भएका कागजात प्रमाण, हुलिया, संभव भएसम्म वावु–आमाको, बाजे–बजैको नाम, थर ठेगाना, फोन नं., इमेलसमेतमिशिल संलग्न गर्नु पर्नेछ ।

**२७. प्रकाश गर्नमा बन्देज**ः अनुसन्धान अधिकारी वा छानविनमा संलग्न कुनै पनि कर्मचारी वा पीडित वा साक्षी वा आरोपितले आफूलाई ज्ञात भएको छानविन सम्बन्धि कुनै सूचना वा जानकारी आयोगको पूर्व स्वीकृति बेगर प्रत्यक्ष वा परोक्ष रूपले प्रकट गर्न हुदैन ।

**२८. प्रचलित कानून बमोजिम हुने**ः (१) ऐन, नियमावली, निर्देशिका तथा यस कार्यविधिमा उल्लेख भएका कुरामा सोही बमोजिम र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुसन्धान अधिकारीले निर्देशिका र यस कार्यविधिका सवै व्यवस्थाहरू प्रभावकारी हुने गरी छानविन गर्नेछन् । यसरी छानविन गर्दा कुनै द्विविधा उत्पन्न भएमा आयोगसमक्ष पेश गरी आयोगको निर्देशन बमोजिम गर्नुपर्नेछ ।

# आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका

२०७३

**सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल**
**बबरमहल, काठमाडौं**

# आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३

(आयोगबाट स्वीकृत मिति-२०७३/०७/०८)

**प्रस्तावना**: सत्य निरूपण तथा मेलमिलाप आयोगले द्वन्द्वकालका मानव अधिकारका गम्भीर घटनाहरूका विषयमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ दफा १३ (६) (क) मा पीडित र निजको तर्फबाट उजूरी लिने व्यवस्था भएको र उक्त ऐनको दफा १३ (६) (ख) र (ग) मा आयोगलाई कुनै श्रोतबाट जानकारी प्राप्त भएमा र आयोगले छानविन गर्न उपयुक्त सम्झेमा समेत छानविन गर्नु पर्ने व्यवस्था भएकोले उक्त कानूनी व्यवस्थाको कार्यान्वयनको लागि छानविन निर्देशिका बनाई लागू गर्न वाञ्छनिय भएकोले,

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ बमोजिम यो निर्देशिका बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशिकाको नाम "आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

(क) "आयोग" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ख) "निर्देशिका" भन्नाले आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३सम्झनु पर्छ ।

(ग) "कुनै स्रोत" भन्नाले आयोगको क्षेत्राधिकारभित्र पर्ने विषयमा देहायका कुनै श्रोतबाट प्राप्त जानकारी सम्झनु पर्छः–

(१) कुनै सरकारी निकायले प्रकाशन गरेको बार्षिक प्रतिवेदन, बुलेटिन वा अन्य पत्रपत्रिकामा प्रकासित वा संचार माध्यममा प्रसारित समाचार, सूचना,

(२) कुनै सरकारी वा गैर सरकारी निकाय, संघ, संस्था, स्थानीय निकायका प्रतिनिधि वा व्यक्तिबाट प्राप्त पत्र, प्रतिवेदन, निर्णय, सूचना वा अन्य कुनै माध्यमबाट जानकारी दिएको विषय,

(३) पीडित वा निजको तर्फबाट आयोग समक्ष उजूरी दिन विविधकारणले असमर्थहरूका लागि घटनाको जानकारी हुने व्यक्ति, निकाय,संघ, संस्था वा स्थानीय निकायका प्रतिनिधिले उपलब्ध गराएको जानकारी वा सूचना,

(४) उजूरी छानविनको क्रममा आयोग समक्ष बयान, कागज वा बकपत्र दिंदाको क्रममा व्यक्त व्यहोराको आधारमा वुझ्नु पर्ने विषय,

(५) आयोगले आफ्ना कर्मचारीवा अन्य कुनै कार्यालय मार्फत सत्य तथ्य बुझ्न लगाई प्राप्त हुनआएको सूचना, जानकारी वा प्रतिवेदन,

**३. सूचना वा जानकारी संकलन गर्नेः** (१) आयोगले मानव अधिकारको गम्भीर उलङ्घनको घटना छानविन गर्ने सिलसिलामा दफा २ को खण्ड (ग) बमोजिम प्राप्त सूचना वा जानकारीको श्रोत र मिति एकिन गरी त्यस्तो सूचना वा जानकारी संकलन गरी अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलित सूचना वा जानकारीको सत्यता एकिन गर्न आयोगले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको उपसमितिले त्यस्तो सूचना वा जानकारीको सत्यताको बारेमा एकिन गरेपछि त्यस्तो सूचना वा जानकारीलाई आयोगले ग्रहण गर्नु पर्ने भन्ने लागेमा उपसमितिले आयोग समक्ष त्यस्तो सूचना वा जानकारीको आधिकारिकता सहित पेश गर्नु पर्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विषयमा एकभन्दा बढीमाध्यमबाट सूचना वा जानकारी प्राप्त भएमा सबै सूचना वा जानकारीलाई एकीकृत गरी कारवाही गरिनेछ ।

(५) यस दफा बमोजिम आयोग समक्ष पेश भएको सूचना वा जानकारीलाई दर्ता गरी आयोगले छानविन प्रकृयाका सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

**४. आयोगको निर्णय बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित कुनै विषयका सम्वन्धमा कुनै द्विविधा भएमा आयोगको निर्णय बमोजिम हुनेछ ।

# सत्य निरूपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

२०७३

सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौं

# सत्य निरूपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

(आयोगबाट स्वीकृत मिति–२०७३।०७।०८)

**प्रस्तावना**ः सत्य निरूपण तथा मेलमिलाप आयोगको अवहेलना सम्बन्धमा रहेको कानूनी व्यवस्थाको कार्यान्वयनको लागि अवलम्बन गर्नुपर्ने मापदण्ड र कार्यविधिको निर्धारण गर्न वाञ्छनीय भएकोले,

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ बमोजिम आयोगले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस कार्यविधिको नाम "सत्य निरूपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२ परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "आयोग" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।

## परिच्छेद-२
## आयोगको अवहेलना सम्बन्धी व्यवस्था

**३. आयोगले अवहेलनामा कारवाही चलाउन सक्ने**ः कसैले मौखिक, लिखित वा आचरणबाट आयोगको अवहेलना गरेमा आयोगले त्यस्तो व्यक्ति उपर अवहेलनाको कारवाही चलाउन सक्नेछ ।

**४. आयोगको अवहेलना गरेको मानिने**ः कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा आयोगको अवहेलना गरेको मानिनेछ,–

(क) आयोगको काम कारवाहीको विषयमा सार्वजनिक रूपमा अनावश्यक र झुठा कुरा गरी आयोगको विषयमा नकारात्मक धारणा फैलाउने कार्य गरेमा,

(ख) आयोगको कार्य सम्पादनको क्रममा गरीएको कुनै कार्यको लागि आयोगको

पदाधिकारी, अनुसन्धान अधिकारी वा कर्मचारीलाई व्यक्तिगत लाञ्छना लगाउने कार्य गरेमा,

(ग) मौखिक, लिखित वा आचरणबाट आयोगप्रतिको जनआस्था घटाउने कार्य गरेमा,

(घ) आयोगको निर्णय वा सिफारिस कार्यान्यन गर्नु पर्ने कर्तव्य भएका पदाधिकारीले निर्णय, सिफारिस कार्यान्वयन नगरेमा वा अनावश्यक विलम्ब गरेमा,

(ङ) आयोगले अपहेलनाजन्य कार्य हो भनी ठहऱ्याएको अन्य विषय ।

**५. आयोगको अवहेलना गरेको नमानिने**:- दफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले देहाय बमोजिमको कार्य गरेमा आयोगको अवहेलना गरेको मानिने छैनः–

(क) आयोगको काम कारवाही र गतिविधीको असल नियतबाट वास्तविक तथ्यमा आधारित रहेर कुनै आलोचना वा विश्लेषण गरेमा,

(ख) आयोगको कुनै सदस्य वा कर्मचारीको व्यक्तिगत आचरणलाई लिएर आलोचना गरेमा ।

## परिच्छेद-३
## कारवाहीको प्रक्रिया सम्बन्धी

**६. निवेदन दिन सक्ने**: (१) कसैले दफा ४ मा उल्लेखित अवस्था वा अन्य कुनै प्रकारबाट आयोगको अवहेलना गरेको भन्ने जानकारी हुने जुनसुकै व्यक्तिले सो सम्बन्धमा भएको व्यहोरा खुलाई आयोग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा देहाय बमोजिमको व्यहोरा खुलाउनुपर्नेछ,–

(क) अवहेलना गर्नेको नाम, थर, ठेगाना सहितको विवरण,

(ख) के कस्तो काम कारवाहीबाट अवहेलना भएको हो सो सम्बन्धी  विवरण,

(ग)  अवहेलना गरेको भन्ने सम्बन्धमा दावी पुष्टि गर्ने कुनै आधार वा प्रमाण ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनबाट अवहेलना भएको हुन सक्ने अवस्था देखेमा आयोगले कारवाही अगाडी बढाउन सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले आयोगको अवहेलना हुने कार्य गरेको भन्ने विषयमाकुनै माध्यमबाटआयोगलाई जानकारी हुन आएमा आयोगले कारवाही गर्न सक्नेछ ।

**७. छानविन गराउन सक्ने**: (१) दफा ६ को उपदफा (१) वा (४) बमोजिम आयोगको अवहेलना सम्बन्धी जानकारी प्राप्त भएमा आयोगले सो सम्बन्धमा छानविन गर्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको कार्यावधि, कार्यादेश र अन्य कुराहरू समिति गठन गर्दा तोकिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले तोकिएको समयावधि भित्र आयोगको अवहेलनामा कारवाही चलाउन पर्ने वा नपर्ने भन्ने सम्बन्धमा कारण सहितको प्रतिवेदन दिनुपर्नेछ ।

**८. सूचना जारी गर्ने**: (१) दफा ७ बमोजिम प्राप्त प्रतिवेदनबाट अवहेलनामा कारवाही गर्नुपर्ने अवस्था देखिएमा आयोगले आरोपितलाई लिखित प्रतिवाद वा बयानको लागी आयोग समक्ष उपस्थित हुनको लागि बाटाको म्याद बाहेक तीन दिनको म्याद तोकी सूचना जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना आयोगले उपयुक्त ठानेको जुनसुकै माध्यमबाट तामेल गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद तामेल गर्न सम्भव नदेखिएमा वा तामेल हुन नसकेमा आयोगले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गर्न सक्नेछ । यसरी सूचना प्रकाशित भएपछि म्याद तामेल भएको मानिनेछ ।

**९. लिखित प्रतिवाद वा बयान गर्नुपर्ने**: (१) दफा ८ बमोजिम जारी भएको म्यादमा तोकिएको समय भित्र सम्बन्धित व्यक्तिले लिखित प्रतिवाद वा बयान प्रस्तुत गर्न आयोग समक्ष उपस्थित हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपस्थित भै लिखित प्रतिवाद वा बयान गर्दा आफ्नो भएको सवुत प्रमाण पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## निर्णय र सजाय सम्बन्धी

**१०. निर्णय गर्नुपर्ने**: (१) आयोगको अवहेलनाको उजूरी उपर कारवाही गर्दा लिखित प्रतिवाद वा वयान सम्पन्न भए पछि थप प्रमाण बुझ्न पर्ने, नपर्ने विषयमा अपहेलना भए नभएको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयमा देहाय बमोजिमका विषयहरू खुलाउनु पर्नेछः

(क) उजूरीको व्यहोरा,
(ख) लिखित प्रतिवाद वा वयानमा लिइएको जिकीर र पेश भएको प्रमाण,
(ग) सम्बद्ध प्रमाणको विश्लेषण,
(घ) निर्णयाधार,
(ङ) सजाय सम्बन्धी विवरण ।

**११. सजाय गर्न सक्ने**ः दफा १० को उपदफा (१) बमोजिम निर्णय गर्दा आरोपित व्यक्ति कसुरदार देखिई सजाय हुने भएमा आयोगले ऐनको दफा १६ को उपदफा (१) मा उल्लेख भए बमोजिमको सजाय गर्न सक्नेछ ।

**१२. क्षमा दिने, सजाय घटाउने, स्थगन वा परिवर्तन गर्ने**ः (१) यस कार्यविधि बमोजिम कारवाही चलाइएको वा सजाय तोकिएको व्यक्तिले आयोगलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा देहायको अवस्थामा आयोगले त्यस्तो व्यक्तिलाई क्षमा दिन वा सजाय माफ गर्न वा सजाय घटाउन सक्नेछ,–

(क) निजले यस्तो कार्य नियतवश गरेको होइन भन्ने देखिएमा,
(ख) निजबाट सो कार्य पुनः दोहोरिने छैन भन्ने कुरामा आयोग विश्वस्त भएमा,
(ग) अवहेलनाको प्रकृति हेर्दा निजलाई सजाय नगर्न उचित देखिएमा ।

**१३. सजाय मुल्तवी गर्ने**ः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगलाई उचित लागेमा निश्चित शर्त तोकी ती शर्तहरूको परिपालना भएको खण्डमा सजाय कार्यान्वयन नगर्ने गरी सजाय मुल्तवी राख्न सक्नेछ ।

## परिच्छेद-५
## विविध

**१४. प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने**ः यस कार्यविधि बमोजिम कारवाही गर्नुपर्ने कुनै विषयमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुनेरहेछ भने सो बमोजिम कारवाही गर्न बाधा पर्ने छैन ।

# सत्य निरूपण तथा मेलमिलाप आयोग परिपूरण निर्देशिका

## २०७७

सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल

बबरमहल, काठमाडौं

# सत्य निरुपण तथा मेलमिलाप आयोग
# परिपूरण निर्देशिका, २०७७

(आयोगबाट स्वीकृत मितिः- २०७७/९/२)

**प्रस्तावनाः** सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनाबाट पीडित हुन पुगेका व्यक्तिलाई परिपूरणको सिफारिस गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशीकाको नाम "परिपूरण निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “आयोगको कार्यालय" भन्नाले काठमाडौं उपत्यकामा रहेको आयोगको कार्यालय सम्झनु पर्छ र सो शब्दले आयोगको मुकाम कार्यालयलाई समेत जनाउँछ।

(ख) “आश्रित परिवार" भन्नाले पीडित आफैले लालन, पालन, पोषण, हेरचाह गर्नुपर्ने वा पीडितले आश्रय दिंदै आएको पीडित परिवारको सदस्य सम्झनु पर्छ ।

(ग) “एकासगोलको परिवार" भन्नाले पीडितसँग अंशबण्डा नभई वा मानो समेत नछुट्टिई सँगै वसोवास गरिरहेका पीडित परिवारको सदस्य सम्झनु पर्छ ।

(घ) “नजिकको हकवाला" भन्नाले मुलुकी देवानी संहिता, २०७४ को दफा २३९ बमोजिमको पीडितको अपुताली पाउने पहिलो प्राथमिकताक्रमको हकवाला सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ सम्झनु पर्छ ।

(च) “परिपूरण कार्यक्रम" भन्नाले पीडितलाई नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले उपलव्ध गराउने परिपूरण कार्यक्रम सम्झनु पर्छ र सो शब्दले पीडितलाई परिपूरण उपलब्ध गराउन संचालन गरिने तत्कालिन, अल्पकालिन र दिर्घकालिन भौतिक, सामूहिक र सांकेतिक परिपूरण सम्बन्धी बिभिन्न कार्यक्रमलाई समेत जनाउँछ ।

३. **निवेदन दिनुपर्ने** : (१) नियमावलीको नियम ३२ र ३३ बमोजिमको क्षतिपूर्ति, सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रयोजनको लागि पीडित वा निजको नजिकको हकवालाले माग गरेको सुविधा वा सहुलियतको प्राथमिकता उल्लेख गरी नियमावलीको अनुसूची–१३ बमोजिमको ढाँचामा आयोगको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उजूरी छानविनकै क्रममा पीडित वा निजको नजिकको हकवालाबाट नियमावलीको अनुसूची–१३ बमोजिमको ढाँचामा निवेदन संकलन गर्न सक्नेछ र त्यसरी निवेदन संकलन गर्दा अनुसूची बमोजिमको परिपूरण फारम समेत भराएर लिनु पर्नेछ ।

(३) यो निर्देशिका प्रारम्भ हुनु अगावै छानविन भईसकेका उजूरीको हकमा आयोगको निर्णय अनुसार उपदफा (१) र (२) बमोजिमको निवेदन र परिपूरण फाराम आयोग कार्यालयबाट संकलन गरिनेछ ।

(४) आयोगले पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त परिपूरण सम्बन्धी व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्दा पीडित र निजको नजिकको हकवालाले दिएको निवेदन र परिपूरण फारममा उल्लेख गरेको प्राथमिकताको आधारमा परिपूरणको लागि सिफारिस गर्नेछ ।

४. **पीडितको अवस्था, घटनाको असर तथा पीडितको चाहनालाई आधार लिने** : (१) आयोगले नियमावलीको नियम ३४ बमोजिम निर्धारण भएको आधार र मापदण्डको अतिरिक्त पीडित वा निजको नजिकको हकवालालाई परिपूरण उपलब्ध गराउन सिफारिस गर्दा आयोगले देहाय बमोजिमको पीडितको अवस्था, घटनाको असर र पीडितको चाहनालाई समेत आधार लिनेछः-

(क) घटनाको कारण परिवारमा परेको आर्थिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिक असर र क्षति,

(ख) पीडितको पेशा, व्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव र गुमेका अवसर,

(ग) परिवारको आय आर्जन गर्ने मुख्य व्यक्ति विरुद्ध घटना भए नभएको,

(घ) सशस्त्र द्वन्द्वका कारण आमा बुबा दुवै गुमाएर टुहुरा बालबालिका हुनु परेको,

(ङ) हत्या पश्चात् परिवारले शव बुझ्न पाए नपाएको र परम्परा अनुसार शवको सदगत गर्न पाए वा नपाएको,

(च) घटना पश्चात् पीडितको तत्काल उद्धार भई यथोचित क्षतिपूर्ति, राहत रकम, उपचार पाए वा नपाएको,

(छ) हिरासत, बन्धक वा थुनामा राखेको स्थानको अवस्था, अवधि र गरिएको व्यवहार, (एकान्त स्थलमा थुनेको, वालवालिका र बयस्कलाई एउटै स्थानमा थुनेको, परिवारलाई भेटघाट गर्न वा परिवारलाई थुनामा राखेको जानकारी नदिएको, थुनामा राखेको स्थानको भौतिक अवस्था, थुनामा राखेको ब्यक्तिको संख्या र थुनामा राखेको स्थानको क्षेत्रफल आदि),

(ज) बलात्कार, यौनजन्य हिंसाका कारण सामाजिक रुपमा पीडितले सामना गर्नु परेको पीडा, बेइज्जती, पीडितलाई परेको मानसिक आघात, पीडितको घटनाको तत्काल पछिको अवस्था र हाल त्यसको असर, गर्भधारण गरेकोमा बालबालिकाको अवस्था,

(झ) एकै व्यक्ति फरक/फरक घटनाबाट पीडित भएको वा पटक/पटक एकै प्रकृतिका घटनावाट पीडित हुन पुगेको,

(ञ) एकै व्यक्तिका धेरैवटा अङ्गभङ्ग गरिदिएको अवस्था वा दुबै आँखा फोडी अन्धो बनाएको, दुबै हात वा खुट्टा काटी, भाँची, फोडी अपाङ्ग बनाएको अवस्था, वा एक आँखा, हात वा खुट्टा सद्दे रहेको अवस्था, जीवन निर्वाहका लागि कुनै सहाराको आवश्यकता रहे नरहेको, आदि ।

(ट) कुनै सार्वजनिक संरचना, भौतिक सम्पत्तिको क्षति भएकोमा त्यसले समुदायमा परेको प्रभाव, असर र प्रभावित उपभोक्ताको संख्या,

(ठ) पीडित तथा परिवारको हालको वास्तविक अवस्था तथा आवश्यकता,

(ड) पीडित तथा निजको परिवारको सदस्यले व्यक्त गरेको कुनै विशेष इच्छा वा माग,

(ढ) पीडितले नेपाल सरकार, प्रदेश तथा स्थानीय तह एवम् कुनै संघ संस्थाबाट हालसम्म कुनै राहत पाए वा नपाएको,

(ण) देहाय बमोजिमका अमानवीय र अपमानजनक कार्य भए नभएकोः-

(१) कसैलाई यातना दिई शरीरका संवेदनशील अंगमा करेण्ट लगाउने, घोच्ने, घाउ चोट पुऱ्याउने, चौबिसै घण्टा नेल, ठिङ्गुरा ठोक्ने, आँखामा पट्टी बाँधी दिने, पानीमा डुवाउने, तातो पानीले डढाउने,

मलमुत्र, विस्टा खुवाउने आदि यस्तै प्रकृतिका अन्य अमानवीय एवं अपमानजनक कार्य गरी घटना भएको,

(२) परिवार वा बालबालिकाको अघाडि घटना भएको वा बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका वा अशक्त वा एकल महिला वा गर्भवती महिला विरुद्ध घटना भएको,

(३) सांस्कृतिक, धार्मिक तथा परम्परागत क्रियाकलाप गर्दा घटना गरिएको ।

५. __परिपूरण उपलब्ध गराउन सिफारिस गर्ने__ : (१) आयोगबाट यकिन भएको पीडित वा निजको हकवालालाई दफा ३ र ४ को अधीनमा रही आयोगले परिपूरण कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिपूरण कार्यक्रममा सामान्यतया देहाय बमोजिमको भौतिक, सामूहिक, साङ्केतिक वा अन्य उपयुक्त परिपूरण समावेश भएको हुनु पर्नेछः-

(अ) भौतिक परिपूरण-

(क) क्षतिपूर्ति तथा राहतः

(१) पीडितलाई पर्न गएको हानी नोक्सानीको गाम्भीर्यतालाई समेत दृष्टिगत गरी नियमावलीको नियम ३२ बमोजिम पीडित स्वयंलाई वा निज नभएमा निजको सबभन्दा नजिकको हकवालालाई एकमुष्ट क्षतिपूर्ति रकम,

(२) पीडितको विशेष अवस्था वा आवश्यकता अनुसार राहत स्वरुप जिवन निर्वाह भत्ता, नगद, जिन्सी, विशेष उपकरण, साधन आदी।

(ख) स्वास्थ्य उपचार तथा सामाजिक सुरक्षाः

(१) शारीरिक रुपले कमजोर भएका पीडितलाई एकलाख रुपैयाँमा नबढाई सरकारी स्वास्थ्य संस्थाबाट स्वास्थोपचार प्रदान गर्न,

(२) पीडितलाई आवश्यक पर्ने स्वास्थ्य उपचार सरकारी अस्पतालमा निशुल्क रुपमा गरिदिन,

(३) पीडित र निजका आश्रित परिवारलाई स्वास्थ्य उपचार उपलव्ध गराउन नेपाल सरकारबाट संचालित स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पीडित र

आश्रित परिवारले व्यहोर्नु पर्ने योगदान रकम नेपाल सरकारले व्यहोरिदिन,

(३) पूर्णरुपले अपाङ्गता वा अशक्तता भएका पीडितलाई अपाङ्गता भत्ता, सहयोगीको व्यवस्था, सहयोगीका लागि न्युनतम मासिक आर्थिक सहायताको व्यवस्था गर्न,

(४) घाइते, अङ्गभङ्ग वा अपाङ्गताको गाम्भीर्यता हेरी विभिन्न सहायता सामाग्री जस्तै, तिन पाङ्ग्रे स्कूटर, व्हिलचियर, वैशाखी, सुन्न सहयोग गर्ने साधन आदि निशुल्क उपलब्ध गराउन,

(५) पीडित वा निजका परिवारका सदस्यको अवस्था र आवश्यकता अनुसार निशुल्क मानसिक उपचार गराउने वा मनोसामाजिक परामर्श उपलब्ध गराउन,

(६) दीर्घकालसम्म नियमित रुपमा स्वास्थोपचार सेवा पाउनु पर्ने पीडितको लागि आवश्यक स्वास्थ उपचार सेवा उपलव्ध गराउन,

(७) स्थानीय तह मार्फत संचालित सामाजिक सुरक्षा कार्यक्रममा पीडित परिवारका जेष्ठ नागरिक, बालवालिका, अपाङ्गता भएका व्यक्ति, असक्त व्यक्ति, एकल महिला र विधवा महिलालाई समेत आवश्यकता अनुसार समाहित गर्ने व्यवस्था गर्न,

(८) बलात्कार तथा यौनजन्य हिंसाका पीडितको गोपनियताको सुनिश्चितता र उक्त कारण जन्मेका बालबालिकाका लागि विशेष परिपूरणको व्यवस्था र जन्मदर्ता, नागरिकता लगायतका विषयमा नीतिगत परिवर्तन गर्न,

(९) कानूनी समस्यामा परेकालाई आवश्यकता अनुसार निशुल्क कानूनी सेवा उपलव्ध गराउने व्यवस्था गर्न ।

(ग) सम्पत्ति फिर्ता, क्षतिपूर्ति तथा आवासको व्यवस्थाः

(१) पीडितको घर, जग्गा, सवारी साधन, व्यवसायजन्य उद्योग कल कारखाना सम्पत्ति आदि कब्जा, क्षति वा जफत गरेकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गराउन,

(२) माथि देहाय (१) मा उल्लेखित कारणबाट वा अन्य कुनै किसिमबाट विस्थापन भएका पीडितको चाहना अनुसार यथाशक्य मुलस्थानमानै

पुनर्स्थापन गराउने, परिवार, समाजसँग पुनर्मिलन गराउने तथा सम्पत्ति क्षति, कब्जा वा जफत गरिएको अवधिको वास्तविक क्षति यकिन गरी पीडितलाई मनासिव क्षतिपूर्ति उपलव्ध गराउने र विस्थापित अवधिको घर, जग्गा, उद्योग व्यवसायमा लाग्ने कर मिनाहा गरिदिन,

(३) सशस्त्र द्वन्द्वको क्रममा आगलागी वा वम विष्फोट वा युद्ध आक्रमणको क्रममा घरको क्षति भई वा विस्थापित परिवार मुलस्थानमा फर्कन नचाहेमा नयाँ घर निर्माण गर्न वा घरको पुनर्निर्माण गर्नु पर्नेको हकमा पाँचलाख रुपैयाँसम्मको आर्थिक सुविधा प्रदान गर्न,

(४) नेपालभित्र स्थायी बसोबासको व्यवस्था नभएको पीडित नेपाली नागरिकलाई प्रदेश सरकार अन्तर्गत संचालित जनता आवास कार्यक्रम अन्तर्गत उपयुक्त आबासको व्यवस्था गर्न ।

(घ) शैक्षिक सुविधा वा रोजगारमूलक तालीमः

(१) अध्ययन गर्न चाहने पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई स्नातक तहसम्मको निःशुल्क शिक्षा र शैक्षिक तहगत रुपमा निश्चित बार्षिक रकम शैक्षिक भत्ता स्वरुप उपलब्ध गराउने। यसरी उपलब्ध गराईने शैक्षिक सुविधा अन्तर्गत प्राविधिक शिक्षालयमा पीडित परिवारको लागि निश्चित संख्या उपलब्ध हुने व्यवस्था गर्न,

(२) अध्ययन गर्न नचाहने वा नसक्ने पीडित वा परिवारको योग्यता वा इच्छा अनुसारको सीपमूलक र रोजगारमूलक प्राविधिक तालीमको व्यवस्था गर्न,

(३) स्नातक तहभन्दा माथि अध्ययन गर्न चाहनेको लागि छात्रवृत्ति कार्यक्रममा पीडित परिवारको लागि समेत आरक्षणको व्यवस्था गर्न ।

(ङ) रोजगारी ,पेशा, व्यवसायमा सुविधाः

(१) आयोगले उपयुक्त देखेमा पीडितको अवस्था हेरी निजको परिवारको कुनै सदस्यलाई रोजगारीको सुविधा उपलब्ध गराउन,

(२) वेरोजगार वसेका र श्रम गर्न सक्षम र ईच्छुक पीडित परिवार सदस्यलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनामा विशेष प्राथमिकताका साथ समाहित गर्ने व्यवस्था गर्न,

(३) पीडित तथा निजको परिवारका योग्य सदस्यलाई शिक्षण तथा सरकारी एवं सार्वजनिक सेवाको रोजगारीमा निश्चित अवधिसम्मका लागि आरक्षणको व्यवस्था गर्न,

(४) कुनै व्यापार वा व्यवसाय गर्न चाहने बेरोजगार पीडित वा निजको परिवारको कुनै सदस्यलाई निर्व्याजी वा सहुलियत व्याजमा पाँचलाख रुपैयाँसम्म ऋण सुविधा उपलब्ध गराउन,

(५) सशस्त्र द्वन्दको क्रममा व्यापार व्यवसाय उद्योगमा क्षति पुगेका पीडितको व्यवसायको पुनर्स्थापनकालागि निर्व्याजी वा सहुलियत व्याजमा पाँचलाख रुपैयाँसम्म ऋण सुविधा उपलब्ध गराउने र निश्चित अवधिसम्मका लागि करमा छुट सुविधा प्रदान गर्न,

(६) कृषि पेशामा संलग्न पीडित परिवारलाई आवश्यकता अनुसार निश्चित अवधिसम्म निशुल्क बीउ विजन तथा मल उपलव्ध गराउने प्रवन्ध गर्न,

(७) वैदेशिक रोजगारीमा जान चाहने द्वन्द्वपीडितलाई वैदेशिक रोजगारीमा जान पाउने गरी आवश्यक व्यवस्था गर्न ।

(आ) सामूहिक परिपूरणः

(क) पीडितको पहिचान, मर्यादा र सम्मान स्थापित हुने गरी परिचयपत्र प्रदान गर्न,

(ख) क्षति भएका सार्वजनिक संरचना पुनःनिर्माण गरिदिने र पीडितलाइ लक्षित गरी खानेपानी, जलविद्युत्, सिंचाई, कृषि, आय आर्जनका कार्यक्रम, तरकारी खेती, सहकारी, समूह निर्माण जस्ता कार्यक्रम लागु गर्न,

(ग) पीडितलाई उपलब्ध गराउने परिपूरण सार्वजनिक समारोह आयोजना गरी राष्ट्रिय सम्मानका साथ उपलब्ध गराउन,

(घ) वृहत शान्ति सम्झौता भएको दिनलाई नेपालमा भएको द्वन्द्व र द्वन्द्वपीडितको संस्मरण तथा सम्मानमा राष्ट्रिय द्वन्द्वपीडित स्मृति दिवसको रुपमा  मनाउने व्यवस्था गर्न,

(ङ) द्वन्द्वपीडितलाई व्यक्तिगत सुरक्षा, डर र त्रासबाट उन्मुक्ति र थप मानव अधिकारको उल्लङ्घन विरुद्ध संरक्षणको अनुभूति गराउन सामुदायिक कार्यक्रम संचालन गर्न,

(च) राज्यको तर्फबाट पीडित समक्ष पुनः सशस्त्र द्वन्द्व दोहोरिन नदिने प्रतिवद्धता व्यक्त गर्न,

(छ) पुनः सशस्त्र द्वन्द्वमा जानु नपर्ने गरी राज्यका संयन्त्रको संस्थागत र संरचनागत सुधार गरी सुशासनको प्रत्याभूति गर्न ।

(इ) सांकेतिक परिपूरणः

(क) पीडित परिवारलाई उजूरीको छानविनवाट देखिन आएको घटनाको सत्य तथ्य औपचारिक रुपमा जानकारी दिन,

(ख) पीडितको सम्मान र सम्झना स्वरुप केन्द्र, प्रदेश एवं स्थानीय तहमा पीडितको नाममा स्मारक, सार्वजनिक उद्यान, पार्क, विद्यालय, अस्पताल, खानेपानी, बिद्युत, बाटोघाटो, जस्ता पूर्वाधार निर्माण गर्ने कार्यक्रमका साथै स्थानीय आवश्यकताका कार्यक्रम आयोजनाका रूपमा सञ्चालन गर्न,

(ग) पीडितको सम्झना र सम्मानमा छात्रवृत्ति, पुरस्कारको व्यवस्थाको साथै हुलाक टिकट, डकुमेन्ट्री, पुस्तक आदि प्रकाशन गर्न,

(घ) पीडित तथा समुदायका बीच सद्भाव, विश्वास पुनस्थापना गर्न चौतारी, यात्रु प्रतिक्षालय जस्ता संरचना निर्माण गर्न,

(ङ) द्वन्द्वका कारणले सामूहिक हत्या भएको स्थानमा सशस्त्र द्वन्द्व सम्बन्धी संग्रहालय तथा शहीद स्मारक निर्माण गरी सञ्चालन गर्न,

(च) पीडितको सम्मान र सम्झना स्वरुप पीडितको नाममा आवश्यकता अनुसार बिभिन्न संरचनाको नामाकरण गर्न।

(३) उपदफा (२) मा उल्लिखित परिपूरणका अतिरिक्त पीडित एवं पीडित परिवारको विशेष अवस्था, विशिष्ट परिस्थिति, आवश्यकता र औचित्यको आधारमा आयोगले अन्य उपयुक्त परिपूरणको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ ।

(४) आयोगबाट परिपूरण कार्यक्रम सञ्चालन गर्न सिफारिस भई आएपछि नेपाल सरकारले यस दफामा उल्लिखित परिपूरण सम्बन्धी व्यवस्थाको समेत अनुकूल हुनेगरी आफ्नो नीति, रणनीति तथा कार्यक्रममा तत्कालीन, अल्पकालीन र दिर्घकालीन पीडितमैत्री परिपूरण कार्यक्रम तर्जुमा गरी सो प्रभावकारी कार्यान्वयन हुने व्यवस्था मिलाउनु पर्नेछ र सो जानकारी आयोगलाई गराउनु पर्नेछ ।

६. **प्राथमिकताः** आयोगले पीडितलाई माथि उल्लेख भए बमोजिमका परिपूरण सिफारिस गर्दा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका, शारीरिक रूपमा कमजोर अशक्त, महिला, सिमान्तकृत, दलित, आदीवासी, जनजातिलाई अग्राधिकार दिईनेछ।

७. **उजुरीः** (१) यस निर्देशिका बमोजिम परिपूरण उपलब्ध गराउने सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले निर्णय भएको मितिले पैंतीस दिनभित्र आफ्नो व्यहोरा खुलाई आयोग समक्ष लिखित उजूरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी प्राप्त हुन आएमा आयोगले छानविन गरी उजूरी परेको तीस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

८. **शुल्क नलाग्नेः** दफा ३ बमोजिम निवेदन दिंदा कुनै शुल्क लाग्ने छैन।

९. **दोहोरो परिपूरण स्वीकार गर्न नहुनेः** आयोगको सिफारिसको अधिनमा रही एउटै पीडितले दोहोरो पर्ने गरि अलग/अलग जिल्लाबाट क्षतिपूर्ति, सुविधा वा सहुलियत सम्वन्धी परिपूरण स्वीकार गर्न हुँदैन ।

१०. **प्रचलित कानून बमोजिम कारबाही हुनेः** कसैले झुठ्ठा विवरण पेश गरी प्रचलित कानुन विपरित परिपूरणको रुपमा क्षतिपूर्ति, सुविधा वा सहुलियत लिएको पाईएमा त्यसरी लिएको सुविधा वदर गरी निजलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

११. **आयोगको निर्णय बमोजिम हुनेः** यस निर्देशीकामा लेखिएको कुरामा यसै निर्देशीका बमोजिम हुने र अन्य कुराको हकमा आयोगको निर्णय बमोजिम हुनेछ।

**अनुसूची**

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**सत्य निरुपण तथा मेलमिलाप आयोग**

**परिपूरण फाराम**

**निवेदकको नाम :-** उजूरी दर्ता नं.

**१) मानव अधिकारको गम्भीर उल्लंघन भएको पीडितको नाम :** ....................................

**१.१ परिपूरणको लागि निवेदन दिने व्यक्तिको :-**

नाम,थर :- ..........................................................................................

ठेगाना :- ..........................................................................................

स्थायी :- ..........................................................................................

हालको :- ..........................................................................................

उमेर :- ................ पेशाः- ..................................................

सम्पर्क फोन/मोवाईल नं. :- .................................... इमेल :- .........................

घटनाबाट आफै पीडित नभएमा निवेदकको पीडितसँगको नाता :- ...................

**२) पीडित व्यक्तिको परिवारका सदस्यः-**

**२.१ परिवारका सदस्यको विवरण :-**

| **क्र.सं.** | **नाम** | **नाता** | **उमेर** | **शिक्षा** | **पेशा** | **शारिरीक अवस्था**<br>बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, असक्त, एकल महिला | परिवारका सदस्यको **हस्ताक्षर** |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

२.२ पीडितको परिवारका कुनै सदस्य कसैको संरक्षणमा भए सो को विवरण :-

| क्र.सं. | नाम | नाता | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**३) सशस्त्र द्वन्द्वको क्रममा पीडित उपर भएको मानव अधिकारको गम्भिर उल्लंघन सम्बन्धी विवरण :-**

क) घटनाको मिति :- .......................... समय :- ........................

ख) घटनाको विषय:- .................... ग) पीडित भएको अवस्थामा निजको पेशा :.......

**४) घटनाको कारण पीडित परिवारलाई पर्न गएको क्षतिको विवरण :-**

क) ....................................................................

ख) ....................................................................

ग) .....................................................................

घ) .......................................................................

ङ) .......................................................................

**५) हालसम्म कुनै राहत पाएको भए सो को विवरण :**

| राहतको विवरण | क) सरकारी निकायबाट | ख)अन्य संघ/संस्था वा व्यक्तिबाट कुनै राहत पाएको भए सो को विवरण |
|---|---|---|
| अ) उपदान/निवृत्तिभरण | | |
| आ) राहत/क्षतिपूर्ति नगद रु. | | |
| इ) छात्रवृत्ति | | |
| ई) विना व्याज/सहुलियत व्याजमा ऋण | | |
| उ) व्यावसायिक तालिम | | |
| ऊ) रोजगारीको विवरण | | |
| ए) स्वास्थ्य उपचार/सेवा | | |
| ऐ) अन्य :- ........................ | | |

### ५.१ पीडित परिवारको आर्थिक अवस्था :-

अ) घरबास : ☐ छ ☐ छैन

आ) जग्गा जमिन : ☐ छ ☐ छैन

इ) घर/जग्गा भए त्यसको विवरण :

| सि नं. | जिल्ला | गाउँपालिका/ नगरपालिका | वडा नं. | कित्ता नं. | क्षेत्रफल | बार्षिक उव्जनी | घर जग्गाको प्रकार कच्ची/पक्की/पाखो वारी, खेत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

ई) संचित नगद :

उ) हालको पेशा/व्यवसाय :

ऊ) वार्षिक आम्दानी :

## ६) निवेदकले खोजेको क्षतिपूर्ति, सुविधा, सहुलियत :

### ६.१ भौतिक परिपूरण : (प्राथमिकताक्रम)

क) निःशुल्क शिक्षा वा सीपमूलक तालिम (के-कस्तो विषयमा तालिम आवश्यक छ) ( )

- अध्ययन गर्न चाहनेलाई ..................................... तहसम्म छात्रवृत्ति
- तालिम...........................................................

ख) बेरोजगारका लागि विना व्याज/सहुलियत व्याजमा ऋण ( )

ग) स्वास्थ्य सेवा ( )

- शारीरिक तथा मानसिक उपचार ☐
- मनोसामाजिक परामर्श ☐

घ) रोजगारीको व्यवस्था ( )

ङ) पुनर्स्थापना / समाजमा पुनर्मिलन ( )

च) घरबास नभएकाको लागि बसोबासको व्यवस्था ( )

छ) क्षतिपूर्ति ( )

ज) अन्य : .............................................................................. ( )

**७) सामूदायिक वा सांकेतिक परिपूरण (कुनै एक निर्माण ☐ नामाकरण ☐ वा अन्य ☐)**

| | | | |
|---|---|---|---|
| ☐ चौतारो | ☐ उद्यान | ☐ ताल/हिमाल | ☐ वृत्तचित्र/फिल्म |
| ☐ संग्रहालय | ☐ जंगल | ☐ पुस्तकालय | ☐ खेलकुद भवन |
| ☐ अस्पताल | ☐ विद्यालय | ☐ स्तम्भ | ☐ शालिक |
| ☐ भवन/सडक/पुलपुलेसा/गाँउ वा यस्तै अन्य कुनै सार्वजनिक स्थल वा सम्पत्तिको नामाकरण | ☐ स्मृती दिवस मनाउने | ☐ पुस्तक प्रकाशन | ☐ हुलाक टिकट |
| | | ☐ अध्ययन केन्द्र | ☐ स्मारक |
| | | ☐ प्रवेश द्वार | ☐ धार्मिक केन्द्र |

☐ अन्य : ..........................................................................................................

**८) कस्तो भएमा वा गरिदिएमा न्याय पाएको महसुस गर्नुहुन्छ ?**

..........................................................................................................

..........................................................................................

**९) माथिको विवरण बाहेक अन्य केहि भएमा :**

..........................................................................................

..........................................................................................

.....................................

**१०) पीडकको विवरण :**

नाम,थर : .........................................................................

ठेगाना : .........................................................................

सम्पर्क फोन नं. : ..........................................

पेशा : ...................................................

**निवेदकको,**

दस्तखत :

**दायाँ** **वायाँ**

नाम :

रेखात्मक सहिछाप

मिति :

**द्रष्टव्य :-**

१. यो परिपूरण फारम सामान्यतया पीडित आफैले वा पीडितको मृत्यु भएको अवस्थामा पीडितको सबैभन्दा नजिकको हकवालाले वा परिवार सदस्यले भरिदिनु पर्नेछ ।

२. आफैले फारम भर्न नसक्ने पीडित वा पीडित परिवार सदस्यको हकमा आयोग कार्यालयका कर्मचारीले निजको भनाई अनुसार फारम भरि सम्बन्धित व्यक्तिको हस्ताक्षर गराई उजूरी निवेदन फायलसाथ संलग्न गरि राख्नु पर्नेछ ।

३. यो परिपूरण फारम आयोग कार्यालयका कर्मचारीले उजूरी निवेदन छानविनकै क्रममा भराउनु पर्नेछ। छानवीन सम्पन्न भईसकेका उजूरी निवेदनको हकमा आयोगको निर्णय अनुसार गरिनेछ ।

# सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

**२०७३**

सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौँ

# सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

(आयोगबाट स्वीकृत मिति-२०७३।७।८)

**प्रस्तावना**: सत्य निरूपण तथा मेलमिलाप आयोगले छानविन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने तथा आयोगले गर्नु पर्ने अन्य कार्यमा आयोगसहयोग पुऱ्याउनेलाई पुरस्कार दिने तथा आयोगको काम कारवाहीमा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा रहेको कानूनी व्यवस्थाको कार्यान्वयनको लागि अवलम्बन गर्नुपर्ने मापदण्ड र कार्यविधिको निर्धारण गर्न वाञ्छनीय भएकोले,

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ बमोजिम आयोगले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "पुरस्कार तथा कारवाही गर्ने सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि आयोगले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आयोग" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनुपर्छ ।

(ख) "ऐन"भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ सम्झनुपर्छ।

(घ) "अनुसन्धान अधिकारी" भन्नाले ऐन तथा नियमावली बमोजिम सत्य अन्वेषण तथा छानविनको लागि आयोगद्वारा नियुक्त कुनै सदस्य, कार्यटोली वा उपसमितिलाई सम्झनुपर्छ ।

(ङ) "पुरस्कार" भन्नाले प्रशंसापत्र, कदरपत्र, नगद वा आयोगले तोके बमोजिमको अन्य पुरस्कार समेत सम्झनुपर्छ ।

## परिच्छेद-२
## पुरस्कार सम्बन्धी व्यवस्था

**३. सहयोग गर्नेलाई पुरस्कृत गर्ने**: आयोगले सम्पादन गर्ने कार्यका लागि आयोग वा आयोगले गठन गरेको अनुसन्धान अधिकारी वा सम्बन्धित अधिकृतलाई देहाय बमोजिमको कुनै कार्य गरेर उल्लेखनीय सहयोग पुऱ्याउने व्यक्ति, सङ्गठन, संस्था वा निकायलाई आयोगले पुरस्कृत गर्नसक्नेछः

(क) अनुसन्धानमा सहयोग पुग्ने महत्वपूर्ण प्रमाण जुटाउने कार्यमा सहयोग गरेको,
(ख)पीडित वा साक्षीको सरक्षणमा सहयोग गरेको,
(ग)द्वन्द्वकालीन घटनाको घटनास्थल पहिचान गर्नमा सहयोग गरेको,
(घ) आयोगलाई उपयोगी सूचना दिने कार्यमा सहयोग पुऱ्याएको,
(ङ) पीडित वा साक्षीलाई अनुसन्धान अधिकारी समक्ष ल्याउने कार्यमा सहयोग पुऱ्याएको,
(च) पीडित र पीडकका वीचमा मेलमिपाल गराउने कार्यमा सहयोग पुऱ्याएको,
(छ) पीडितलाई परिचय पत्र प्रदान गर्ने, परिपूरणको सिफारिस गर्ने, सार्वजनिक सुनुवाई जस्ता आयोगले सम्पादन गर्ने अन्य कार्यमा सहयोग पुऱ्याएको ।

**४. छनौट गर्ने**: (१) आयोगको कार्यमा उल्लेखनीय सहयोग पुऱ्याउने व्यक्ति, सङ्गठन, संस्था वा निकायलाई पुरस्कृत गर्नका लागि त्यस्तो सहयोग प्राप्त गर्ने अधिकारीले आयोग समक्ष सिफारिश गर्नुपर्नेछ ।

(२) आयोगको कार्यमा सहयोग गर्ने व्यक्ति, सङ्गठन, संस्था वा निकायलाई पुरस्कृत गर्नुपर्ने देखिएमा सो सम्बन्धी प्रस्ताव आयोग समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३
## बाधा विरोध वा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धी व्यवस्था

**५. आयोगको कार्यमा बाधा विरोध गरेको मानिने**: कसैले आयोगका पदाधिकारी, अनुसन्धान अधाकारी वा कर्मचारीका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा आयोगको कार्यमा बाधा विरोध गरेको मानिनेछः

(क) आयोगको काम गरिरहेको स्थानमा काममा बाधा पुग्ने वा कार्य सम्पादन गर्नमा अवरोध हुने गरी कुनै कार्य गर्ने ्‌ गराउने
(ख) आयोगको काम कारवाहीको क्रममा सम्पादन गरेको कार्यको लागि गाली गलौज, हातपात, धम्की वा दुर्व्यवहार गर्ने ्‌ गराउने

(ग) आयोग सम्बन्धी कार्य गरेको विषयलाई लिएर पीडित, साक्षी वा आयोगलाई सहयोग गर्ने कुनै व्यक्तिलाई त्यस्तो कार्य गर्न अबरोध वा कुनै माध्यमवाट धम्की वा दुर्व्यवहार गर्ने ्‌ गराउने

(घ) आयोगले बाधा विरोध गरेको भन्ने ठहऱ्याएको अन्य कुराहरू ।

**६. आयोगको कार्यमा असहयोग गरेको मानिने**: कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा आयोगको कार्यमा असहयोग गरेको मानिनेछः

(क) आयोगको काम कारवाहीमा अनावश्यक विलम्ब वा बाधा अवरोध गरे ्‌गराएमा,

(ख) आफ्नो जानकारीमा रहेको सूचना वा जिम्मामा रहेको कागज, वस्ति वा विवरण दिन इन्कार गरेमा वा अनावश्यक विलम्व गरेमा,

(ग) वयान, कागज वा बकपत्रको लागि बोलाउँदा उपस्थित नभएमा,

(घ) आफ्नो पहुँच रहेको कुनै अभिलेख, वस्तु, श्रव्यदृश्य सामग्री आदिलाई प्रमाणको रूपमा आयोगलाई उपलब्ध गराउन इन्कार गरेमा ।

(ङ) आयोगको निर्णय कार्यान्वयन नगरेमा वा कार्यान्वयन गर्न अनावश्यक विलम्ब गरेमा ।

**७. विभिन्न निकायका पदाधिकारी र कर्मचारीबाट असहयोग भएमा कारवाही हुने**:

(१) कुनै सार्वजनिक पदाधिकारी वा कर्मचारीले निजको काम,कर्तव्यसँग सम्बन्धित कुनै विषयमा आयोगलाई असहयोग गरेमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय करवाही गर्न वा प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी पुरा नगरेको आरोपमा कारवाही गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि पठाउदा निजले गरेको कसुर र त्यसको प्रकृति तथा त्यसवाट आयोगको काममा परेको प्रभाव समेत खुलाउनु पर्नेछ ।

(३) यस दफा बमोजिम कारबाहीको लागि लेखि आएमा सम्बन्धित अख्तियारवालाले आयोगले तोकेको अवधि भित्र कारवाही गरी आयोगमा जानकारी गराउनु पर्नेछ ।

**८. कारबाही गर्ने**: (१) आयोगको कुनै पदाधिकारी, अनुसन्धान अधिकारी वा कर्मचारीलाई दफा ५ वा ६ मा उल्लेख भए बमोजिमको बाधा विरोध वा असहयोग भएमा वा यस्तो भएको भन्ने आयोगको जानकारीमा आएमा देहायको व्यहोरा खुलाई आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(क) को, कसले, के, कस्तो किसिमबाट बाधा विरोध गरेको हो,

(ख) सो बाधा विरोधवाअसहयोगबाट आयोगलाई के कुन किसिमको कार्यमा समस्या उत्पन्नभएको हो,

(ग) सम्भव भएसम्म विरोध वा असहयोग गर्नुको कारण, सम्बद्ध तथ्य र प्रमाण ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन उपर आयोगले आवश्यक निर्णय गर्नेछ ।

**९. प्रष्ट पार्न लगाउने**ः दफा ८ बमोजिम पेश भएका प्रतिवेदनमा खुलाईएका विषयमा कुनै कारवाही अगाडि बढाउनु अघि थप स्पष्ट हुनुपर्ने आयोगलाई लागेमा स्पष्ट हुनुपर्ने लागेको जति विषयमा प्रतिवेदक वा सो बाधा विरोध वा असहयोग व्यहोर्ने पदाधिकारी, अनुसन्धान अधिकारी वा कर्मचारीसँग भएको सत्य तथ्य सम्बन्धमा थप प्रष्ट पार्न लगाउन सक्नेछ ।

**१०. सफाईको मौका दिने**ः- (१) दफा ८ बमोजिमको प्रतिवेदनमा उल्लेख गरिएको बाधा विरोध वाअसहयोगको विषय स्पष्ट खुलाई सम्बन्धित व्यक्तिलाई निज उपर कारवाही नहुनुपर्ने कुनै आधार र कारण भए सोको प्रमाण सहित उपस्थित हुने गरी सफाईको मौका प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सफाईको मौका दिँदा आयोगले बाटोको म्याद बाहेक तीन दिनकोम्यादतोकी आरोपितको नाममा सूचना जारी गर्नेछ ।

(३) उपदपा (२) बमोजिम जारी गरिने सूचनामा निज उपर लागेको आरोप, हुन सक्ने कारवाही, सफाई पेश गर्ने तरिका र अन्य आवश्यक विषय खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचना जारी गर्दा आयोगले आरोपित व्यक्तिको ठेगाना वा निज कार्यरत रहेको संस्था, कार्यालय वा संगठन मार्फत वा आयोगले उपयूक्त ठहऱ्याएको जुनसुकै माध्यमबाट तामेल वा जारी गर्न सक्नेछ ।

**११. जरीवाना गर्न सक्ने**ः आयोगको काम कारवाहीमा कसैले बाधा विरोध गरेको वा असहयोग गरेको भन्ने देखिन आएमा आयोगले त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई देहायको आधारमा पटकै पिच्छे ऐनको दफा १५ बमोजिम जरिवाना गर्न सक्नेछः

(क) बाधा वा असहयोगको प्रकृति,

(ख) त्यसबाट काममा परेको बाधा,

(ग) बाधा विरोधको उद्देश्य,

(घ) बाधा विरोधको क्रममा भौतिक क्षति भएको वा नभएको,

(ङ) सम्बन्धित व्यक्तिको जिम्मेवारीको प्रकृति ।

## परिच्छेद-४

## विविध

१२. प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने:यस कार्यविधि बमोजिम कारवाही अगाडि बढाइएको व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम अरू कुनै कारवाही समेत हुने रहेछ भने सो बमोजिम कारवाही हुन कुनै बाधा पर्ने छैन ।

१३. प्रचलित कानून बमेजिम हुने:ऐन, नियमावली र यस कार्यविधिमा उल्लेख भएका कुरामा सोही बमोजिम र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

# सत्य निरूपण तथा मेलमिलाप आयोग

## परिचय

### १. सत्य निरूपण तथा मेलमिलाप आयोग गठन

नेपालको अन्तरिम संविधान, २०६३ र बिस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रतिवद्धता अनुसार व्यवस्थापिका संसदले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०७१ पारित गरेपश्चात आयोग गठनको प्रक्रिया अगाडि बढेको हो । आयोगका पदाधिकारीहरूको नियुक्तिको लागि नेपाल सरकारले पूर्वप्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । उक्त समितिको सिफारिस बमोजिम मन्त्रिपरिषद्बाट २०७१ साल माघ २७ गते अध्यक्ष तथा दुई महिलासहित पाँच जना पदाधिकारी सम्मिलित सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको हो ।

### २. आयोगको उद्देश्यहरू:

आयोगका प्रमुख उद्देश्यहरू यसप्रकारका छन्ः-

- मानव अधिकारको गम्भीर उल्लंघनका घटनाको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित र पीडक एकिन गर्ने तथा गम्भीर अपराधमा सलग्न पीडकलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने,
- पीडितलाई परिचयपत्र उपलब्ध गराउने र परिपूरणको लागि सिफारिस गर्ने,
- समाजमा शान्ति र मेलमिलापको वातावरण बनाउने,
- भविष्यमा द्वन्द्व दोहोरिन नदिन चाल्नुपर्ने कदमहरू पहिचान गरी सिफारिस गर्ने,
- शान्ति प्रकृियालाई सफलतापूर्वक टुङ्गयाउन सहयोग गर्ने,

### ३. आयोगका कार्यहरू:

आयोगका प्रमुख कार्यहरू यसप्रकारका छन्

(क) सत्य निरूपण सम्बन्धी कार्य

(ख) कानूनी कारवाहीका लागि सिफारिस

(ग) मेलमिलाप सम्बन्धी कार्य

(घ) परिपूरणको लागि सिफारिस

(ङ) क्षमादानको लागि सिफारिस

(च) नीतिगत तथा संरचनागत सुधारको लागि सिफारिस

(छ) अन्य कार्य

(ज) आयोगको प्रतिवेदन कार्यान्वयन

प्रकाशकः

**सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल**

हाँडीगाउँ, काठमाडौं

फोन नं: ०१-४५३०११६, फ्याक्सः- ४५३०२०९

इ-मेलः trcbabarmahal@gmail.com | info@trc.gov.np

वेब साइटः www.trc.gov.np